सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २९, अङ्क १४ **२०७७, कात्तिक १६-३०** पूर्णाङ्क ६८०

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	**- अध्यक्ष**
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	**- सदस्य**
मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत	**- सदस्य**
अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन	**- सदस्य**
वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिष्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री रूद्र आचार्य
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

ना.सु.श्री अर्जुन चौधरी

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

संयुक्त इजलास	१२	इजलास नं. ९	५
इजलास नं. १	५	इजलास नं. १०	७
इजलास नं. २	५	इजलास नं. ११	३
इजलास नं. ३	१२	इजलास नं. १२	२
इजलास नं. ४	१४	इजलास नं. १३	१
इजलास नं. ५	३	इजलास नं. १४	३
इजलास नं. ६	१	इजलास नं. १५	२
इजलास नं. ७	६	एकल इजलास	२
इजलास नं. ८	२		
जम्मा	६०	जम्मा	२५

कूल जम्मा ६० + २५ = ८५

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७७, कात्तिक – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन" को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ। साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
संयुक्त इजलास			**१ – ९**
१.	उत्प्रेषण	भोजराज विश्वकर्मा वि. मालपोत कार्यालय, कैलाली, धनगढी	**१**
२.	बढी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर फिर्ता गरिपाऊँ	सुख्खा बन्दरगाहा भन्सार कार्यालय, सिर्सिया पर्सा वि. शंकरलाल तोदी	**१**
३.	उत्प्रेषण / परमादेश	टिकाबहादुर आचार्यसमेत वि. नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयसमेत	**२**
४.	उत्प्रेषण / परमादेश	फागी चौधरी वि. पुनरावेदन अदालत बुटवलसमेत	**३**
५.	खिचोला मेटाई चलन चलाई पाऊँ	राधा थापासमेत वि. नेपाल खानेपानी संस्थान, त्रिपुरेश्वर, काठमाडौं	**४**
६.	जबरजस्ती करणी उद्योग	नेपाल सरकार वि. गगन साउद	**५**
७.	जबरजस्ती करणी	नेपाल सरकार वि. कटकबहादुर रावल	**५**
८.	कर्तव्य ज्यान	नेपाल सरकार वि. निर्मला लामा (तामाङ)	**६**
९.	उत्प्रेषण / परमादेश	लक्ष्मी पंगेनी (लम्साल) वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं	**७**
१०.	जबरजस्ती करणी हाडनाता करणी	परिवर्तित नाम ०१(A) वि. नेपाल सरकार	**८**
इजलास नं. १			**९ – १७**
११.	जबरजस्ती करणी	नेपाल सरकार वि. इन्द्रबहादुर विष्टसमेत	**९**
१२.	कर्तव्य ज्यान	नेपाल सरकार वि. जुगलकिशोर भन्ने प्रमोदकुमार सिंहसमेत	**१०**
१३.	राजीनामा लिखत बदर	सागर ढकालसमेत वि. शुकबहादुर गुरूङ	**१०**
१४.	जिप भन्सार चोरी पैठारी	ईश्वरलाल श्रेष्ठ वि. नेपाल सरकार	**११**
१५.	दर्ता बदर गरी खिचोला मेटाई हक कायम गरी चलन चलाई पाऊँ	अब्दुल गफार तेली मुसलमान वि. सलिमुनिसा तेली मुसलमान	**१४**
इजलास नं. २			**१८ – २१**
१६.	उत्प्रेषण	ललिमान छन्त्याल वि. भगवानप्रसाद श्रेष्ठसमेत	**१८**
१७.	बाटो बनाएको जग्गाबाट बाटो हटाई बाटो बनाई गरेको खिचोला छोडाई चलन चलाई पाऊँ	सोनापति देवी वि. गौर नगरपालिका रौतहट, गौरसमेत	**१८**

१८.	उत्प्रेषण	गोपाल श्रेष्ठ वि. उच्च अदालत पाटन, ललितपुरसमेत	१९
१९.	उत्प्रेषण / परमादेश	मनबहादुर ठकुरीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	२०
२०.	लागु औषध (गाँजा)	कृष्ण विशंखे वि. नेपाल सरकार	२१
इजलास नं. ३			**२१ – ३१**
२१.	कर्तव्य ज्यान	नेपाल सरकार वि. ख्वासलाल यादवसमेत	२१
२२.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. विमल बुढासमेत	२२
२३.	कर्तव्य ज्यान	नेपाल सरकार व. मोक्तार मियासमेत	२३
२४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. रामदुलार मण्डलसमेत	२४
२५.	घर भत्काई खिचोला मेटाई चलन चलाई पाऊँ	सूर्यमती गिरी वि. शमशेर सुपकसमेत	२५
२६.	लागु औषध नाइट्रोसन	नेपाल सरकार वि. सफल वि.क.समेत	२६
२७.	ठगी	प्रदिप भन्ने पृथीबहादुर घर्ती क्षेत्री वि. नेपाल सरकार	२६
२८.	कर्तव्य ज्यान	श्याम श्रेष्ठ वि. नेपाल सरकार	२८
२९.	हक कायम जग्गा दर्ता	शिवप्रसाद बरालसमेत वि. सितादेवी बरालसमेत	२९

३०.	कर्तव्य ज्यान	नेपाल सरकार वि. सूर्यबहादुर भन्ने रामकृष्ण न्यौपाने	३०
इजलास नं. ४			**३१ – ४०**
३१.	वैदेशिक रोजगार कसूर	नेपाल सरकार वि. मनिष कार्कीसमेत	३१
३२.	लागु औषध (डाइजेपाम, नुर्फिन)	नेपाल सरकार वि. राजु सुनारसमेत	३२
३३.	जबरजस्ती करणी	नेपाल सरकार वि. पदमबहादुर वि.क.	३३
३४.	जग्गा खिचोला	मीना काफ्ले वि. वीरेन्द्रकुमार दास	३४
३५.	निषेधाज्ञा / उत्प्रेषण / परमादेश	काठमाडौं उपत्यका प्राधिकरण र काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय काठमाडौं वि. मोहनकृष्ण खनाल	३५
३६.	निषेधाज्ञा	भगवान कार्की वि. दिपेन्द्र कार्कीसमेत	३६
३७.	निषेधाज्ञा	डा. युवराज खतिवडा वि. बेबी अधिकारी	३७
३८.	निषेधाज्ञा	राममणी भट्टराई वि. बाबुराजा जोशीसमेत	३७
३९.	निषेधाज्ञा / परमादेश	सुरेन्द्रप्रसाद सिंह वि. विश्वमोहनप्रसाद सिंह राजपुतसमेत	३८
४०.	अंश नामसारी	टिमकी अहिर वि. चौधरी यादव	३८
४१.	कर्तव्य ज्यान	नेपाल सरकार वि. पूर्णबहादुर बोहरा	३९

इजलास नं. ५			**४० - ४२**
४२.	उत्प्रेषण	रामचन्द्र पौडेल वि. त्रिभुवन विश्वविद्यालय, प्राज्ञिक परिषद् कीर्तिपुरसमेत	४०
४३.	किर्ते जालसाजी	राउत अहिर वि. कलादेवी कायस्थ	४१
इजलास नं. ६			**४२ – ४३**
४४.	कर्तव्य ज्यान	मिलन मल्लसमेत वि. नेपाल सरकार	४२
इजलास नं. ७			**४३ – ४७**
४५.	उत्प्रेषण	शम्भुशरण प्रसाद कलवारसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत	४३
४६.	हक कायम दर्ता	शेरबहादुर श्रेष्ठ वि. रत्नबहादुर श्रेष्ठ	४४
४७.	उत्प्रेषण	डा. सुरेन्द्र शर्मा वि. स्वास्थ्य मन्त्रालयसमेत	४५
४८.	उत्प्रेषण	डा. काशीनाथ यादव वि. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेत	४६
४९.	अबन्डा गोश्वारा सम्पत्ति बन्डा गरिपाउँ	रमेश मानन्धर वि. रोहित मानन्धर	४७
इजलास नं. ८			**४७ – ४९**
५०.	लागु औषध (ब्राउन सुगर)	जगदीश खड्का वि. नेपाल सरकार	४७
५१.	जबरजस्ती करणी	सुजनकुमार के.सी. वि. नेपाल सरकार	४८

इजलास नं. ९			**४९ – ५४**
५२.	कर्तव्य ज्यान	नेपाल सरकार वि. वृजविहारी महतो कोइरीसमेत	४९
५३.	बन्दी प्रत्यक्षीकरण	विनोदकुमार वली वि. गृह मन्त्रालय, सिंहदरबारसमेत	५१
५४.	बन्दी प्रत्यक्षीकरण	भुल्ला मण्डल वि. उच्च अदालत जनकपुरसमेत	५२
५५.	उत्प्रेषण	लिलाराम श्रेष्ठ वि. हिमालयन फाइनान्स लिमिटेड लिक्विडेटरको कार्यालय, बागदरबार सुन्धारासमेत	५३
इजलास नं. १०			**५४ – ६०**
५६.	उत्प्रेषण	शोभा श्रेष्ठ वि. जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेत	५४
५७.	बन्दी प्रत्यक्षीकरण	सुदीप ढकाल वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार काठमाडौं	५५
५८.	लागु औषध (खैरो हेरोइन)	किरण काफ्ले वि. नेपाल सरकार	५६
५९.	उत्प्रेषण	भिमप्रसाद वलीसमेत वि. नेपाल सरकार भूमिसुधार तथा व्यवस्था मन्त्रालय सिंहदरबार काठमाडौंसमेत	५७
६०.	उत्प्रेषण	संजीव थापा वि. जिल्ला प्रशासन कार्यालय काठमाडौं, बबरमहल, काठमाडौंसमेत	५८

६१.	उत्प्रेषण	फरिदा बेगमसमेत वि. शेख अब्दुल कैयम मियासमेत	५९
इजलास नं. ११			**६० – ६४**
६२.	मानव ओसारपसार	सविना सेन्चुरी वि. नेपाल सरकार	६०
६३.	जालसाजी	उपेन्द्र दास वि. बिलट दाससमेत	६२
६४.	बन्दी प्रत्यक्षीकरण	वीरेन्द्र विश्वकर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	६३
इजलास नं. १२			**६४ – ६६**
६५.	घरजग्गा खिचोला चलन	जीवछी देवी सुडीनसमेत वि. सितली देवी	६४
६६.	कर्तव्य ज्यान	नेपाल सरकार वि. तिर्थबहादुर राई	६६
इजलास नं. १३			**६६ – ६७**
६७.	निर्णय दर्ता बदरसमेत	मिनकुमारी अधिकारीसमेत वि. ईश्वरबहादुर गुरूङसमेत	६६
इजलास नं.१४			**६७ - ७१**
६८.	उत्प्रेषण / परमादेश	डोलिन्द्रप्रसाद शर्मासमेत वि. सरोजकुमार शर्मासमेत	६७
६९.	मिलापत्र बदर दर्ता बदर दर्ता कायम	मनुप्रसाद खडगा वि. मदन खडगा	६९
७०.	कर्तव्य ज्यान	टिकाबहादुर थापामगर वि. नेपाल सरकार	६९
इजलास नं.१५			**७१ - ७४**
७१.	खुन डाका	मोहमद मकबुल वि. नेपाल सरकार	७१
७२.	चोरी	नेपाल सरकार वि. दिपेन श्रेष्ठ	७३
एकल इजलास			**७४ - ७६**
७३.	उत्प्रेषण / परमादेश	उपन्यायाधिवक्ता हरि शंकर ज्ञवाली वि. न्याय परिषद्, सिंहदरबार, काठमाडौंसमेत	७४
७४.	उत्प्रेषण	कल्पना गाहा वि. उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत	७५

संयुक्त इजलास

१

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६९-WO-१२१८, उत्प्रेषण, *भोजराज विश्वकर्मा वि. मालपोत कार्यालय, कैलाली, धनगढी*

निवेदकका दाताले नै कि.नं. २६४ को जग्गा दोहोरो दर्ता हुन गएकोले संशोधन मिलानका लागि निवेदन दिएबमोजिम मालपोत कार्यालयले जाँचबुझपश्चात् दोहोरो दर्ता भएको भनी दर्ता मिलान गरी सोको जानकारी यी रिट निवेदकलाई दिएको देखिन्छ । यसरी दोहोरो दर्ता मिलानको जानकारी पाएपछि यी रिट निवेदकले आफूलाई दोहोरो दर्ता मिलानपश्चात् असर परेको विषयमा सम्पूर्ण विवरण खुलाई सम्बन्धित मालपोत कार्यालय वा मालपोत विभागमा उजुरी गरेको प्रमाण मिसिल संलग्न रहेको देखिँदैन । यसरी आफूलाई परेको मार्काका विषयमा साधिकार निकायमा उजुरी नै नगरी संविधानको असाधारण क्षेत्राधिकारअन्तर्गत प्रस्तुत रिट निवेदन लिई निवेदक अदालत प्रवेश गरेको देखिन्छ । रिट क्षेत्राधिकारबाट हकको स्रोतको प्रमाणको विवेचना हुन सक्ने अवस्था नरहने हुँदा प्रस्तुत निवेदनको तथ्यमा प्रवेश गर्नु पर्ने अवस्था नरहने ।

अतः कि.नं. २४० र २६४ को जग्गा एक आपसमा भोग गरे पनि हकको स्रोतमा फरक परेको भए आफ्नो हकबमोजिम साधिकार निकायबाट निकास लिई कायम गराउन सक्नेमा रिट क्षेत्रमा प्रवेश गरेको देखिन्छ । यसरी हकको स्रोत प्रमाणको विवेचना रिट क्षेत्रबाट हेर्न मिले मिल्ने देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: ईश्वरमणि ओझा

इति संवत् २०७४ साल माघ २४ गते रोज ४ शुभम् ।

२

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७१-RB-०२१६, बढी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर फिर्ता गरिपाऊँ, *सुख्खा बन्दरगाहा भन्सार कार्यालय, सिर्सिया पर्सा वि. शंकरलाल तोदी*

प्रस्तुत पुनरावेदनमा सम्बन्धित भन्सार कार्यालयमा मालवस्तु आइपुग्दा त्यसको प्रज्ञापन पत्र भरी मालवस्तु छुटाउन अपनाई आएको पद्धति पनि विचारणीय छ। यी व्यवसायिक प्रकृतिका मालवस्तु हुन्, जो सामान्य विवादकै लागि भन्सार क्षेत्रमा शुल्क लाग्ने गरी वा ढिलोसम्म मालवस्तु छाडी विवाद समाधानको लागि पहल गर्दै हिँड्नु पनि वाञ्छनीय देखिँदैन । व्यवसायिक मालवस्तु छिटो छरितो रूपमा भन्सार छुटाई नलगेमा त्यस्तो व्यवसायको व्यवसायिक मौका तथा नगद प्रवाहसमेतमा प्रतिकूल प्रभाव पर्ने अवस्था नकार्न नसकिने ।

Letter of Credit, Invoice, Packing list, Bill of Lading, Certificate of Origin, Insurance Policy सबैमा HS code 8546.90 लेखिएको र प्रज्ञापन पत्रमा पनि सोही HS code 8546.90 लेखिएको भए सोहीअनुसार सामान जाँच पास गरी छाड्ने गरेको थियो भनी पुनरावेदक कार्यालयले पुनरावेदनमा भन्न सकेको छैन ।

बैंकले खोलेको प्रतितपत्रलगायत आयातसम्बन्धी सबै कागजातहरूमा HS Code 8546.90 उल्लेख हुँदाहुँदै पनि प्रज्ञापनपत्रमा HS code 3919.1000 उल्लेख गरिएकोबारे भन्सार अधिकृतबाट मालवस्तु जाँच पास गर्दा प्रश्न उठाइएको देखिँदैन, यसबाट के पनि स्पष्ट हुन आउँछ भने प्रज्ञापनपत्रसँग संलग्न कागजातहरूमा जेसुकै लेखिए पनि आयातकर्ताले प्रज्ञापन पत्रमा जाँच पासकर्ताले वर्गीकरण वा निर्क्योल गरिसकेको HS Code लेखी तत्काल माल छुटाउनु र त्यसमा चित्त

नबुझेको अवस्था भए मालवस्तु छुट्ट्याएपछि कानूनी उपचार खोज्नुबाहेक आयातकर्तासँग अन्य विकल्प रहँदैन । यस्तो बाध्यता र त्यसको उपचार स्पष्टतः कानूनी प्रश्न र कानूनको प्रयोगको विषय भएकोले विबन्धनको सिद्धान्त यस अवस्थामा आकर्षित हुने देखिएन । यस्तो बाध्यात्मक परिस्थितिमा छुटाइएको सामानहरूको सम्बन्धमा माग भएका रकम तिर्नुलाई "Under Protest" तिरेको स्वरूपमा हेरिनु पर्ने हुन्छ । यस अवस्थामा बढी महसुल असुलउपर भएको आधारमा कानूनले तोकेको म्यादभित्र कानूनी उपचार खोज्न नपाउने भन्न नमिल्ने ।

आयातसम्बन्धी कागजातहरूबाट खुलेको Code भन्दा फरक Code लेखिएको पाइएमा भन्सार अधिकृतले तत्काल प्रश्न उठाउनु पर्ने थियो, सो नभएबाट पनि यी पुनरावेदक कार्यालयकै माग र चाहनाअनुरूप तत्काल सामान जाँचपास गरी मालवस्तु छुट्टाउन HS Code 1919.10 उल्लेख गरिएको विश्वास गर्नुपर्ने पर्याप्त कारण र बाध्यता रहेको देखियो । साथै पुनरावेदक कार्यालयले यस प्रकृतिका मालवस्तु मिति २०५०।८।२४ र २०५७।६।२ मा नै उपशीर्षक ३९१९.१० बाट वर्गीकरण गर्ने निर्णय भइसकेको भनी पेस भएको कागजात सम्बन्धमा विचार गर्दा यी आयातकर्ताबाट राजश्व न्यायाधिकरणमा पेस भएको पुनरावेदनमा आफूले २०६३ सालमा सोही मालवस्तु आयात गर्दा उठेको विवादमा राजश्व न्यायाधिकरणबाट मिति २०६४।१०।१०, निर्णय नं. १३२ को फैसलाबाट उक्त वस्तुमा भन्सार दरबन्दी सङ्केत नं. ८५४६.९० बमोजिम नै महसुल लाग्ने गरी विवादको निर्क्यौल भइसकेको र सो पैसलाउपर परेको पुनरावेदनको अनुमतिको निवेदनमा यस अदालतबाट मिति २०६५।९।२१ मा पुनरावेदनको अनुमति नहुने आदेश भएको तथ्य उल्लेख गरेकोलाई पुनरावेदक कार्यालयले खण्डन नगरेबाट सोभन्दा अघि भएको भनिएको वर्गीकरणसम्बन्धी निर्णय हालको अवस्थामा औचित्यविहीन भइसकेको देखिने ।

अब यस अदालतबाट पुनरावेदनको अनुमति दिनेगरी भएको मिति २०७१।११।१ को आदेश हेर्दा सो अनुमति राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ (ग) र (घ) बमोजिम दिइएको देखिन्छ । जबकी यी पुनरावेदकबाट आफ्नो निवेदनमा उक्त दफा ८ को उपदफा (ख) को त्रुटिका आधारमा पुनरावेदनको अनुमति माग भएको देखियो । यसरी मागभन्दा फरक आधारमा दिइएको उक्त पुनरावेदनको अनुमतिको आधारसँग यो इजलास सहमत हुन नसक्ने ।

अतः प्रकरण प्रकरणमा उल्लेख भएबमोजिम राजस्व न्यायाधिकरणको मिति २०६८।८।१५ को फैसला मिलेकै देखिँदा सदर हुने

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल मङ्सिर २५ गते रोज २ शुभम् ।

३

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७३-WO-०४३८, उत्प्रेषण / परमादेश, *टिकाबहादुर आचार्यसमेत वि. नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयसमेत*

नेपाल सरकारले निश्चित उद्देश्य प्राप्तिका लागि कानूनबमोजिम मनोनयन गरेका पदाधिकारीको नेपाल सरकारको नीति नियम र निर्देशनको पालना गरी काम गर्ने कर्तव्य हुन्छ । तोकिएको काम कारबाही सन्तोषजनक रूपमा नगरेमा मनोनयन गर्ने व्यक्ति वा निकायले तोकिएको अवधि पूरा नहुँदै हटाउन सक्दैन भन्न मिल्दैन । तर, कानूनमा नै उल्लेख भएको पदावधि २ वर्षका लागि मनोनयन भइसकेका व्यक्तिको हकमा तोकिएको अवधिसम्म कानूनी हक सिर्जना भएको हुन्छ । यस्ता व्यक्तिलाई अवधि पूरा नहुँदै हटाउन निजहरूको के कस्तो कार्यका कारण हटाउनु परेको हो, सोबारेमा सफाइ पेस गर्ने मौका प्रदान गरी आधार कारण खोली हटाउनु पर्छ । कानूनको शासनमा कानून पालना गर्ने दायित्व सबैको हुने ।

नेपाल सरकारको मन्त्रालय सञ्चालन गर्ने मन्त्रीस्तरको पदाधिकारीको जिम्मेवारीमा रही काम गर्ने व्यक्तिको कानूनको पालना गर्ने दायित्व सामान्य नागरिकको भन्दा गुरूत्तर हुन्छ । कानूनी हक सिर्जना

भइसकेका निवेदकहरूलाई के कति कारणले आफ्नो सेवाको अन्त्य गरिएको हो जान्न पाउने अधिकार रहन्छ। आफ्नो कानूनी अधिकार प्रतिकूल हुन लागेको निर्णयको जानकारी पाउनु सम्बन्धित व्यक्तिको नैसर्गिक अधिकार पनि हो । यस्तो शाश्वत जहाँ सुकै अङ्गीकार गरिँदै आएको प्राकृतिक न्यायको सिद्धान्त मनोनयन हुने पदाधिकारीको हकमा लागु हुन सक्दैन भनी कल्पना गर्न नसकिने।

प्राकृतिक न्यायको यही शाश्वत सिद्धान्त र कानूनको स्पष्ट दिशा निर्देश तथा उल्लिखित कानूनी सिद्धान्तसमेतलाई मध्येनजर गरी विपक्षी वन तथा भूसंरक्षण मन्त्रालयले कानूनले तोकेको पदावधि समाप्त नहुँदै रौतहट जिल्ला वन पैदावर आपूर्ति समितिको सदस्य पदबाट निवेदकहरूलाई मिति २०७३।७।२४ मा हटाउने गरी भएको निर्णय उत्प्रेषणको आदेशले बदर हुने।

साथै प्राकृतिक न्यायको शाश्वत सिद्धान्त र कानूनको स्पष्ट दिशा निर्देशलाई ध्यानमा राखी प्रारम्भिक सुनवाइको क्रममा यस अदालत,बाट विपक्षी वन तथा भूसंरक्षण मन्त्रालयले कानूनले तोकेको पदावधि समाप्त नहुँदै रौतहट जिल्ला वन पैदावर आपूर्ति समितिको सदस्य पदबाट निवेदकहरूलाई मिति २०७३।७।२४ मा हटाउने गरी भएको निर्णय कार्यान्वयन नगर्नू भनी विपक्षीहरूका नाममा अन्तरिम आदेशसमेत जारी भइरहेकोले निवेदकहरूको बाँकी पदावधिलाई निरन्तरता दिनु भनी विपक्षी वन तथा भू-संरक्षण मन्त्रालयका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः इश्वरमणि ओझा

इति संवत् २०७४ साल असोज २२ गते रोज १ शुभम्।

४

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी., ०७१-WO-०५२८, उत्प्रेषण / परमादेश, *फागी चौधरी वि. पुनरावेदन अदालत बुटवलसमेत*

मुलतः लेनदेन व्यवहार लिने दिने व्यक्तिको आपसी विश्वास र भरोसामा गरिने व्यवहार हो । ऋण लिएको व्यक्तिले विश्वास पूरा नगरेमा धनीले ऋणीउपर लेनदेन मुद्दा गरी ऋणीको हक भोगेको सम्पत्तिबाट मात्र बिगो असुल गर्न पाउने अधिकार रहन्छ। तर लेनदेनको लिखतमा मन्जुरी नदिने ऋणीका श्रीमती तथा अन्य अंशियार आश्रीत परिवारका सम्पत्तिबाट बिगो भरी भराउ गर्ने निरपेक्ष अधिकार धनीलाई नहुने।

लेनदेनका विवादमा विवादको तथ्य अनुसार बिगो के कसको सम्पत्तिबाट भरी पाउने हो निरूपण गर्नु पर्ने हुन्छ। विवादको तथ्यलाई दृष्टि नदिई निरपेक्ष रूपमा ऋणीबाहेक अन्य सदस्यको अंश हकबाट ऋण तिर्ने दायित्व ठहराइएमा त्यस्तो इन्साफ प्राविधिक भई न्याय मर्न जान्छ । जसको फलस्वरूप व्यक्तिको नैसर्गिक हकको रूपमा रहेको अंश हक औचित्यहीन हुन पुग्ने।

पति आलोक एवम् निवेदिका सासूसमेतका परिवारका सदस्यबाट घरबाट निकाला गरेको कारण विपक्षी मायाकुमारीले पतिउपर कानूनी संरक्षण प्राप्त अंश र सम्बन्ध विच्छेद मुद्दा दर्ता गरी आफ्नो अंश हक सुनिश्चित गर्नका लागि दाबीका जग्गाबाट आफ्नो हदसम्मको अंश रोक्का राखेको देखिन्छ । विपक्षी मायाकुमारी र पति विपक्षी आलोकबिचको मनमुटावलाई दृष्टिगत गर्दा विपक्षी मायाकुमारीले रोक्का राखेका जग्गा लेनदेन मुद्दाको बिगोको आधारमा छोरा आलोकका नामबाट आमा निवेदिकाको नाउँमा सार्न गरिएको कानूनी कारबाहीलाई न्यायको रोहमा उचित र उपयुक्त भन्न मिल्ने नदेखिने।

तसर्थ, वादी विपक्षी मायाकुमारी प्रतिवादी विपक्षी आलोक चौधरी भई रूपन्देही जिल्ला अदालतमा चलेको ०६७।०६८-०२७१८ नं. को अंश र सम्बन्ध विच्छेद मुद्दामा वादीले कानूनबमोजिम अंश पाउने ठहरी पुनरावेदन अदालत बुटवलसमेतबाट अन्तिम फैसला भइसकेकोमा निवेदिकाले अन्यथा भन्न नसकेको अवस्थामा अंश मुद्दाबाट प्राप्त नैसर्गिक अंश हकलाई निवेदिका आमा वादी र विपक्षी छोरो आलोक प्रतिवादी भई सगोलका अंशियार परिवारका

मानिसहरूबिच लेनदेन मुद्दा गरी विपक्षी मायाकुमारीको अंश हकलाई कुण्ठित गर्ने हिसाबले भएको लेनदेन मुद्दाको बिगो कार्यान्वयनलाई कानूनसम्मत र न्यायपूर्ण मान्न नमिल्ने हुँदा अंश मुद्दाबाट रोक्का रहेको वादीको अंश हक कायम भइसकेको निवेदन दाबीका जग्गा फुकुवा गर्ने गरी रूपन्देही जिल्ला अदालतबाट मिति २०७०।९।१६ मा भएको आदेश बदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।२।२२ मा भएको आदेशमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नपाइँदा मागबमोजिमको आदेश जारी हुन सक्दैन । प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल भदौ ८ गते रोज ५ शुभम्।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसै प्रकृतिको फैसला भएका छन्।

- ०७१-WO-०५२९, उत्प्रेषण / परमादेश, *फागी चौधरी वि. पुनरावेदन अदालत बुटवलसमेत*
- ०७१-WO-०६६७, उत्प्रेषण / परमादेश, *डिल्लीबहादुर चौधरी वि. पुनरावेदन अदालत बुटवलसमेत*

५

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७२-CI-१४५४, खिचोला मेटाई चलन चलाई पाऊँ, *राधा थापासमेत वि. नेपाल खानेपानी संस्थान, त्रिपुरेश्वर, काठमाडौं*

व्यक्तिको सम्पत्तिमाथिको अधिकारलाई संविधानले मौलिक हकका रूपमा संरक्षण प्रदान गरिरहेको सन्दर्भमा यी पुनरावेदक वादीहरूको अधिकार सिर्जना भएको विवादित कि.नं.७७८ को हकमा लागु हुँदैन भनी भन्न सक्ने अवस्था नरहने।

व्यक्तिको सम्पत्ति सार्वजनिक हितका लागि राज्यले प्राप्त गर्दासमेत प्रचलित कानूनबमोजिम उचित क्षतिपूर्ति उपलब्ध गराउँदै राज्य वा राज्यका साधिकार निकायहरूले जग्गा प्राप्तिका उपायहरू अवम्बन गर्नुपर्ने।

विवादित कि.नं. ७७८ को १-५-१-० जग्गा पुनरावेदक वादीहरूका पति पिता नन्दबहादुर थापाको नाममा मोही कायम भई यी पुनरावेदक वादीहरूले मिति २०७०।६।१० मा मोही नामसारी र मिति २०५०।१०।२१ मा रैतानी नम्बरी कायम गराई जग्गामा आफ्नै साम्पत्तिक अधिकार सुनिश्चित गरेको देखिन्छ। नेपाल सरकारले जग्गा प्राप्तिका लागि उक्त विवादित कित्तासमेत राखी मिति २०३३।१२।१ को राजपत्रमा सूचना प्रकाशन गरेको भए पनि यी पुनरावेदक वादीहरूले उक्त जग्गाको मुआब्जा प्राप्त गरी नसकेको कुरा सर्वोच्च अदालतबाट मिति २०६९।५।२४ गते भएको किर्ते जालसाजी मुद्दाको फैसलाबाट पुष्टि भइरहेको देखिने।

काठमाडौं जिल्ला अदालतबाट मिति २०५४।७।२०।४ मा भई आएको नक्सा मुचुल्का हेर्दा विपक्षी नेपाल खानेपानी संस्थानले कम्पाउन्डवाल लगाई घेराबेरा गरी न.नं.१ मा क्वाटर निर्माण गरेको देखिन्छ भने जग्गाको पश्चिमतर्फको न.नं. २ र ३ भने कम्पाउन्डवालभन्दा बाहिरपट्टि रहेको न.नं.२ खाली जग्गा रहेको र न.नं.३ मा रहेको टहरामा पुनरावेदक वादीहरूले पसल कवल सञ्चालन गरिरहेको सोबाहेक जग्गाको अन्य भागमा विपक्षी खानेपानी संस्थानकै भोगमा रही क्वाटरका अतिरिक्त वाटर पम्पसमेत बनाएको देखिन आयो। यसरी विवादित जग्गा पुनरावेदक वादीहरूको नाउँमा रैतानी नम्बरी कायम भए पनि ट्युबेल निर्माण गर्नको लागि साबिक खानेपानी तथा ढल निकास समितिले जग्गा प्राप्ति गर्ने उद्देश्यले नेपाल राजपत्र सूचना प्रकाशित गरेको भए पनि जग्गा प्राप्तिका सम्पूर्ण प्रक्रियापूर्ण भई नसकेको हुँदा उल्लिखित संवैधानिक र कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तसमेतका आधारमा उचित मुआब्जा (क्षतिपूर्ति) यी पुनरावेदक वादीहरूले पाउनु नै पर्ने देखिन आउने।

विवादित कि.नं. ७७८ को जग्गा पुनरावेदक वादीहरूका पति पिता नन्दबहादुर थापाको नाउँमा

मोही कायम हुँदै हाल यी पुनरावेदक वादीहरूको नाउँमा रैतानी नम्बरी कायम भएकोमा विवाद देखिए, एकको हकको जग्गामा कसैले पनि चापी मिची खान नहुने कानूनी व्यवस्था जग्गा मिच्नेको महलको १ नं. ले गरेको देखिएको, क्षतिपूर्ति दिई जग्गा लिएको भन्ने नेपाल खानेपानी संस्थानको प्रतिउत्तरलाई यसै अदालतको वादी नेपाल खानेपानी संस्थान वि. राधा थापासमेत भएको मुद्दा नं.०६५-CR-००७१ को किर्ते जालसाजी मुद्दाको फैसलाले प्रस्ट पारेको देखिएको, मिति २०४४।९।७ को भरपाई निष्क्रिय भएपछि विवादित जग्गामा पुनरावेदक वादीहरूको हक भएकै देखिँदा विवादित जग्गामा नेपाल खानेपानी संस्थानको हक स्थापित गर्ने आधार कायम हुन सकेन । यदि विवादित जग्गामा नेपाल खानेपानी संस्थानको घर तथा पानीको ट्युबेल गाड्ने काम भएको भएमा पनि यी पुनरावेदक वादीहरूलाई उचित क्षतिपूर्ति दिनु पर्ने देखिन आउने।

तसर्थ, नेपाल खानेपानी संस्थानको क्वाटर देखिएको न.नं. १ को क्वाटर घर भत्काई पाउँ भन्नेतर्फ वादीको दाबी नभएकोले त्यसतर्फ खिचोला ठहऱ्याउन मिलेन अन्य जग्गाहरूमा पुनरावेदक वादीहरूको हक भएको देखिँदा उचित क्षतिपूर्ति दिई नेपाल खानेपाली संस्थानले अधिग्रहण गरी लिन सक्ने तर उचित क्षतिपूर्ति नदिई व्यक्तिको जग्गामा भोग कब्जा गर्न नसक्ने देखिँदा उचित क्षतिपूर्ति नदिई कब्जा गरिएको विवादित जग्गामा वादीको हक कायम हुने भई जग्गा खिचोला हुने ठहरी सो हदसम्म पुनरावेदन अदालत पाटनको मिति २०७०।१।२३ को फैसला केही उल्टी हुने।

इजलास अधिकृतः ईश्वरमणि ओझा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल माघ २६ गते रोज ६ शुभम्।

६

स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०७२-CR-०६७२, जबरजस्ती करणी उद्योग, *नेपाल सरकार वि. गगन साउद*

अनुसन्धानका क्रममा भएका कागजातहरूबाट प्रतिवादीले जबरजस्ती करणीको प्रयास गरेको देखिए पनि अदालतसमक्ष बकपत्र गर्दा जाहेरवाला पीडित र मौकामा कागज गर्ने हरि वि.क. समेत प्रतिवादीले जबरजस्ती करणीको उद्योग गरेका होइनन् भनी लेखाएका छन् । वादी नेपाल सरकारले प्रतिवादी आरोपित कसूर गरेको अन्य कुनै साक्षी प्रमाण पेस गर्न सकेको छैन । जबकी प्रतिवादी निर्दोष रहेको कुरा निजको साक्षीको बकपत्र तथा जाहेरवाला, पीडित र मौकामा उपस्थित व्यक्तिको बकपत्रबाट पुष्टि भएको छ । प्रस्तुत वारदातको प्रत्यक्षदर्शी पीडित स्वयम् तथा हरि वि.क. भएको देखिए पनि निजहरूको अदालतसमक्षको बकपत्रबाट निज प्रतिवादीउपरको अभियोग दाबी पुष्टि नभई प्रतिवादीको इन्कारी बयान समर्थित भएको देखिन्छ। अनुसन्धानको क्रममा तयार भएका कागजातहरू मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको अवस्थामा मात्र प्रमाणको रूपमा ग्रहण गर्न मिल्छ । मिसिल संलग्न कुनै पनि स्वतन्त्र प्रमाणबाट प्रतिवादीले आरोपित कसूर गरेको तथ्य पुष्टि हुन आएको नदेखिँदा पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

तसर्थ, विवेचित आधार कारण र प्रमाणबाट प्रतिवादी गगन साउदले जबरजस्ती करणीको उद्योग गरेको ठहर गरी कैलाली जिल्ला अदालतबाट भएको फैसला मिलेको नदेखिँदा उल्टी गरी प्रतिवादी गगन साउदले आरोपिक कसूरबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत दिपायलबाट मिति २०७२।२।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

इति संवत् २०७५ साल मङ्सिर १९ गते रोज ४ शुभम्।

७

स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी., ०७३-CR-१४८६, जबरजस्ती करणी, *नेपाल सरकार वि. कटकबहादुर रावल*

जाहेरवाला B1 बहादुरले मिति २०७२।६।७ का दिन बाख्रा चराउन गएको बेला मेरी सुस्त मनस्थिति

की वर्ष १३ की नाबालक छोरी B कुमारीलाई कटबहादुर रावलले ललाई फकाई डर धाक धम्की देखाई जबरजस्ती करणी गरेको भनी किटानी जाहेरी दिएका देखिने।

जाहेरवाला B1 बहादुरले अदालतमा आई आफ्नो जाहेरी बेहोरालाई समर्थन गर्दै बकपत्रसमेत गरिदिएका छन् । यस्तै जाहेरी बेहोरालाई समर्थन गर्दै पीडित स्वयम्ले अनुसन्धानको क्रममा कागज गरी सोही बेहोरालाई समर्थन गर्दै अदालतमा बकपत्र गरिदिएको देखिन्छ। यसरी यी प्रतिवादीले पीडितलाई केही नगरेको अवस्थामा निज विरूद्ध जबरजस्ती करणी गरेको भनी किटानी जाहेरी दिई सोलाई समर्थन गरी अदालतमा बकपत्र गर्नुको कुनै कारण मिसिल संलग्न कागजबाट देखिँदैन । पीडितले प्रतिवादीले योनिभित्र लिङ्ग प्रवेश गराई वीर्यसमेत स्खलन गराएको हो भनी बकपत्र गरे पनि शारीरिक परीक्षण तथा सो परीक्षण गर्ने चिकित्सकको बकपत्रबाट समेत प्रतिवादीले करणी गरेको शङ्कारहित तवरबाट पुष्टि हुन नआई पीडितलाई करणी गर्ने प्रयास गरेको तथ्यसम्मको पुष्ट्याइँ भएको पाइयो। मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. बमोजिमको वारदात कायम हुनको लागि ऐजनको १(ग) मा उल्लेख भएअनुसार योनिमा लिङ्ग केही मात्रामा प्रवेश गरेको हुनुपर्ने देखिन्छ। मिसिल संलग्न प्रमाणबाट प्रतिवादीले जबरजस्ती करणी गरेको तथ्य समर्थित हुन नआई जबरजस्ती करणी गर्ने उद्योगसम्म गरेको बेहोरा प्रमाणबाट समर्थित भएको पाइयो । पीडितको उमेर वारदात हुँदाको समयमा १२-१४ वर्ष रहेको देखिँदा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिमको वारदातमा हुने सजायको आधा सजाय ऐजनको ५ नं. बमोजिम हुने देखिने।

तसर्थ, विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी कटकबहादुर रावललाई जबरजस्ती करणीको आरोपबाट सफाइ दिई आशय करणीको महलको १ नं. विपरीतको कसूर कायम गरी सजाय गर्ने गरी अछाम जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी पीडितको उमेर १२-१४ वर्षभित्रको देखिएकोले जबरजस्ती करणीको वारदात हुँदा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ८ वर्षदेखि १२ वर्ष सजाय हुन सक्ने देखिँदा ऐजन महलको ५ नं. बमोजिम ३(२) नं. को वारदातको उद्योगमा प्रतिवादीलाई निजको उमेरसमेतलाई विचार गरी ४ वर्ष कैद सजाय हुने ठहऱ्याई उच्च अदालत दिपायलबाट मिति २०७३।७।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७५ साल असोज २ गते रोज ३ शुभम्।

८

स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७५-RC-००२५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. निर्मला लामा (तामाङ)*

मिसिल संलग्न प्रतिवादीको बयान जाहेरवालाको जाहेरी बेहोरा एवम् अदालतसमक्ष भएको बकपत्र अनुसन्धानको क्रममा कागज गर्ने मानिसहरूको कागज बेहोरा एवम् बकपत्रसमेतबाट प्रस्तुत वारदातमा प्रतिवादी निर्मला लामा तामाङबाहेक अन्य कुनै व्यक्तिको संलग्नता रहेको देखिएन । निज प्रतिवादीले नै सासू नाता पर्ने कान्छी माया तामाङसँग मिति २०६९।९।२० का दिन झगडा हुँदा कुटपिट गरी कर्तव्य गरी मारी हात खुट्टा मुखसमेत बाँधी राखेको पुष्टि हुन आयो । निज प्रतिवादीले गरेको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. अनुसारको कसूर भएकोले निज प्रतिवादीलाई सो १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुनेगरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

प्रस्तुत कसूर हुँदाको परिस्थितिलाई हेर्दा प्रतिवादी निर्मला लामा तामाङ र मृतक सासू बुहारी नाताको भएकोमा विवाद छैन। वारदातका दिनभन्दा अघिपनि सासूले यी प्रतिवादी बुहारीलाई गाली गर्ने गरेकी र वारदातको दिन पनि मृतकले प्रतिवादीलाई अपशब्द प्रयोग गरी गाली गलौज गरेको कुरा मिसिल

संलग्न प्रमाणबाट पुष्टि भइरहेकोले सोही कारणले रिस उठी कुटपिट गर्दा कान्छी मायाको मृत्यु भएको देखिन्छ । प्रतिवादीले प्रस्तुत वारदात घटाउन कुनै जोखिमी हतियारको प्रयोग नगरी रिस उठेको बेला हात मुक्कासमेतले कुटपिट गरेको अवस्थामा मृत्यु भएको रहेछ । निज प्रतिवादीले सासूलाई मार्न कुनै पूर्वयोजनासमेत बनाएको देखिँदैन । यसका अतिरिक्त निज प्रतिवादीका तीनजना आश्रित छोरा रहेका छन् । यस्तो अवस्थामा लामो समयसम्म कैद बस्दा ती छोराहरूको पनि हेरचाह हुन नसक्ने हुँदा निज प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को हुन जाने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्दा निजलाई सजायको अनुभूति र न्यायको उद्देश्य पनि पूरा हुन जाने देखिने ।

तसर्थ, विवेचित आधार कारणबाट प्रतिवादीले कान्छी माया तामाङलाई कर्तव्य गरी मारेको पुष्टि भएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसूरमा सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।३।३ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ । प्रतिवादी निर्मला लामा तामाङलाई कानूनबमोजिम सजाय गर्दा चर्को पर्ने जाने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७५ साल मङ्सिर १६ गते रोज १ शुभम् ।

९

स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरुषोत्तम भण्डारी, ०७५-WO-००५०, उत्प्रेषण / *परमादेश, लक्ष्मी पंगेनी (लम्साल) वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं*

लोक सेवा आयोगबाट प्रकाशित विज्ञापन नं. १७१७४।०७४-०७५ (खुला) नेपाल स्वास्थ्य सेवा, प्याथोलोजी समूह, बायोकेमिष्ट्री उपसमूह नवौँ तह कन्सल्टेन्ट बायोकेमिष्ट पद संख्या १ का लागि निवेदन लक्ष्मी पंगेनी लम्सालले दरखास्त फाराम भरी लिखित परीक्षामा सम्मिलित भई उत्तीर्ण भएपछि मिति २०७५।४।३ मा लोक सेवा आयोगबाट निजको दरखास्त र लिखित परीक्षा रद्द गरी अन्तर्वार्ताबाट निजको नाम हटाउने निर्णय भएको तथ्यमा विवाद छैन । निवेदकको नाम अन्तर्वार्ता सूचीबाट हटाउने तथा निजको दरखास्त एवम् लिखित परीक्षा रद्द गर्नुपर्ने कारण हेर्दा लोक सेवा आयोगको मिति २०७५।४।३ को निर्णयमा निजको शैक्षिक योग्यता विज्ञापन नं. १७१७४/०७४-०७५ (खुला) नेपाल स्वास्थ्य सेवा, प्याथोलोजी समूह, बायोकेमिष्ट्री उपसमूह नवौं तह कन्सल्टेन्ट वायोकेमिष्ट पदको लागि तोकिएको शैक्षिक योग्यतासँग मिल्ने नदेखिएको हुँदा निजलाई अन्तर्वार्तामा सामेल नगराउने निर्णय भएको विपक्षी लोक सेवा आयोगको लिखित जवाफबाट देखिने ।

निवेदकले आवेदन दिएको स्वास्थ्य सेवा प्याथोलोजी समूह, बायोकेमेष्ट्री उपसमूहको खुला प्रतियोगिताद्वारा हुने परीक्षाको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ६ मा तोकिएको छ । जसमा उक्त पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सोसरह उपाधि प्राप्त गरी बायोकेमेष्ट्रीमा स्नातकोत्तर उपाधि प्राप्त भनी उल्लेख गरिएको छ । यी निवेदक लक्ष्मी पंगेनी लम्साल Bachelor of Science in Medical Laboratory Technology (B.Sc. MLT) 2008 उपाधि र तत्पश्चात् Master Degree in Medical Biochemistry and Molecular Biology (2015) प्राप्त गरेको देखिन्छ । यसरी निवेदकको शैक्षिक योग्यता हेर्दा निजले प्राप्त गरेको स्नातकोत्तर तहको उपाधि विज्ञापित पदको लागि तोकिएको माथिल्लो योग्यता पुगेको देखिए पनि निजले सो उपाधि B.Sc. MLT गरेर सो उपाधि प्राप्त गरेको देखिन्छ । नियमावलीमा एम.वि.वि.एस. वा सोसरहको उपाधि प्राप्त गरी भन्ने वाक्यांश उल्लेख

भएको देखिन्छ । निवेदकले प्राप्त गरेको B.Sc. MIT को उपाधि एम.वि.वि.एस. सरहको हो भन्ने कुराको आधार पेस गर्न सकेको देखिँदैन । एम.वि.वि. एस. ५ वर्षे शैक्षिक कार्यक्रम हुने भएकोले सोसरहको उपाधि पनि पाँच वर्षे नै हुनु पर्दछ । निवेदकले प्राप्त गरेको स्नातक तहको शैक्षिक उपाधि B.Sc. MLT पाँच वर्षे कार्यक्रम नभई ४ वर्षे कार्यक्रम भएकोले एम.वि. वि.एस. सरहको उपाधि मान्न मिल्दैन । निवेदकले प्राप्त गरेको B.Sc. MLT लाई एम.वि.वि.एस. सरहको उपाधि मान्न नमिल्ने हुँदा उक्त पदको लागि निवेदकको न्यूनतम योग्यता पुगेको नदेखिने ।

तसर्थ, विवेचित आधार कारणबाट लोक सेवा आयोगबाट मिति २०७५।३।१९ मा प्रकाशित विज्ञापन नं. १७१७४/०७४-०७५ (खुला) नेपाल स्वास्थ्य सेवा, प्याथोलोजी समूह, बायोकेमिष्ट्री उपसमूह नवौं तह कन्सल्टेन्ट बायोकेमिष्ट पदको लागि स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ६ मा तोकिएको न्यूनतम शैक्षिक योग्यता निवेदकको रहेको नदेखिएकोले सो पदको लागि निजले दिएको दरखास्त र निजको लिखित परीक्षा रद्द गरी अन्तर्वार्ता सूचीबाट निजको नाम हटाउने गरी लोक सेवा आयोगबाट मिति २०७५।४।३ मा भएको निर्णय र सो निर्णयबमोजिम निकालिएको सूचना एवम् गरिएको पत्राचार कानूनअनुरूप नै भएको देखिँदा त्यसबाट निवेदकको कुनै हक अधिकारमा आघात परेको मान्न नमिल्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरी रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामु शर्मा

इति संवत् २०७५ साल मङ्सिर १६ गते रोज १ शुभम्।

१०

स.का.मु.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री बमकुमार श्रेष्ठ, ०७४- CR-०८३६, जबरजस्ती करणी हाडनाता करणी, *परिवर्तित नाम ०१(A) वि. नेपाल सरकार*

अदालतमा बयान गर्दा प्रतिवादीले आफूले जबरजस्ती करणी गरेको होइन, जाहेरी दरखास्त झुट्टा हो भनी कसूरमा इन्कार रही बयान गरेको भए तापनि पीडितको अदालतसमक्षको बकपत्र हेर्दा, मिति २०७२।४।१६ गते म, बुबा र भाइसँगै सुतेकोमा बुबाले जबरजस्ती आफ्नो पेन्ट खोली मेरो सुरुवाल फुकाई बोतलमा भएको डिजेल मेरो पिसाब फेर्ने ठाउँमा खन्याई जबरजस्ती करणी गर्दा मलाई दुख्यो, म रूँदा गाउँकै मसिने दाइ आई के गरेको भनी कराई पुलिस लिन गएको हो, मेरो तिघ्रामा, पिसाब फेर्ने ठाउँमा सोही कारण चोट लागेको हो भनी बेहोरा लेखाएको पाइन्छ । वस्तुस्थिति मुचुल्काका सागरमणी गौतम, घट्नास्थल मुचुल्कामा बस्ने श्याम सिग्देलले पीडितको यौनाङ्ग एवम् तिघ्रामा पिल्सिएको देखी के भएको भनी सोध्दा बुबाले करणी गरेको भनी बताएकी भनी बकपत्र गरेको देखियो । जाहेरवालाले बकपत्र गर्दा पीडित हाम्रो घरमा आएका बेला मेरो श्रीमतीले बिरामी जस्तै देखी सोध्दा बुबाले जबरजस्ती करणी गरेको हो भनी बताएकी र योनि हेर्दा घाउ देखी जाहेरी दिएको हो भनी जाहेरीलाई समर्थन हुने गरी बकपत्र गरेको देखिने ।

जाहेरी दर्खास्त, जाहेरवालाको बकपत्र, घट्ना विवरण एवम् वस्तुस्थितिका मानिसहरूको भनाइ एवम् बकपत्र, पीडितको शारीरिक परीक्षण प्रतिवेदन एवम् पीडितको बकपत्रलगायतका समष्टिगत तथ्यगत बेहोरा एवम् घटनाक्रम (Chain of factual description) बाट प्रतिवादीले अदालतसमक्ष गरेको इन्कारी बयान खण्डित भई यी प्रतिवादीले आफ्नै छोरी पीडित नाबालिकालाई जबरजस्ती करणी गरेको तथ्य मालाकार (Corroborate) रूपमा पुष्टि प्रमाणित हुन आउने ।

अत: उल्लिखित आधार प्रमाणसमेतबाट यी प्रतिवादीले आफ्नै नाबालिका छोरीलाई जबरजस्ती करणी गरेको हुँदा यी प्रतिवादी ०१(A) लाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १०(दश) वर्ष कैद र हाडनातामा करणी गरेतर्फ हाडनाता करणीको महलको १ नं. बमोजिम थप १०(दश) वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू ताप्लेजुङ जिल्ला अदालतको

मिति २०७२।७।१६ को फैसला सदर हुने ठहर्‍याएको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७४।२।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत : ठाकुरप्रसाद खरेल
इति संवत् २०७५ साल भदौ १० गते रोज् १ शुभम्।

इजलास नं. १

१

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री मीरा खडका, *०७२-CR-०१०५, जबरजस्ती करणी, नेपाल सरकार वि. इन्द्रबहादुर विष्टसमेत*

पीडित बालिकाले धनवीर विष्टले करणी गर्नुभएन भनी मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष कागज गरेको देखिन्छ। त्यसैगरी जाहेरवाला सनमाया गुरूङले जो पीडिताको आमा हुन् निजले अदालतमा बकपत्र गर्दा प्रतिवादीले करणी गरेकोमा विश्वास लाग्दैन भनी लेखाएको पाइन्छ। त्यसैगरी पीडितालाई समयमै Hospital मा चेकजाँच गराउँदा जबरजस्ती करणी भएको केही नपाइएको भनी Medical Report मा उल्लेख भएको पाइयो । त्यसैगरी यी प्रतिवादी धनवीर विष्ट नाबालक रहेकोले मौकामा बयान गर्दा प्रहरीको डर त्रासमा परी जबरजस्ती करणी गरेकोमा साबित भई बयान गरेको भए तापनि अदालतमा उपस्थित भई स्वतन्त्र रूपमा बयान गर्दा आफूले कसूर गरेको कुरामा इन्कार रही बयान लेखाएको पाइन्छ। प्रतिवादीको अदालतमा भएको इन्कारी बयानलाई पीडिताको मौकाको कागज, पीडिताको आमा अर्थात् जाहेरवालाले अदालतमा गरेको बकपत्र र Medical Report ले समर्थन गरिरहेको देखिन्छ । यस्तो अवस्थामा यी प्रतिवादी धनवीर विष्टलाई जबरजस्ती करणीको अभियोगबाट सफाइ दिने र निजलाई वारदात स्थानमा मौजुदा रहेकोले सो कुरामा कसूरदार ठहर गरेको पुनरावेदन अदालतको फैसला मिलेको नै देखिने।

प्रतिवादीहरूले पीडित-७ लाई मुखमा लिङ्ग खुवाई अप्राकृतिक मैथुन गराएको भन्ने अभियोग दाबीतर्फ हेर्दा सर्वप्रथम प्रतिवादीहरूले पीडितालाई मुखमा लिङ्ग खुवाए भनी जाहेरी दरखास्त परेको देखिँदैन। त्यसैगरी सबैभन्दा पहिलो प्रमाणको रूपमा रहेकी पीडिताले मौकाको कागज र अदालतमा समेत मुखमा लिङ्ग खुवाएको भनी भन्न र लेखाउन सकेको पाइँदैन । मुखमा लिङ्ग खुवाएको भनी जाहेरवाला एवम् समस्त बुझिएका सम्पूर्ण प्रमाणबाट खुल्न नआएको अवस्थामा प्रतिवादीहरूलाई अप्राकृतिक यौन गरेको भनी सजाय गर्न मिलेन। यस्तो अवस्थामा प्रतिवादीहरूलाई प्रस्तुत अप्राकृत मैथुनको अभियोग दाबीबाट सफाइ दिने ठहर गरी पुनरावेदन अदालत इलामले गरेको फैसला मिलेको देखिने।

प्रतिवादीहरूमध्येका इन्द्रबहादुर विष्टले मात्र अभियोग दाबीबमोजिम जबरजस्ती करणी गरेको ठहर भई फैसला भएको र प्रतिवादी धनवीर विष्टले जबरजस्ती करणी गरेको अभियोग दाबी पुग्न नसक्ने ठहर गरेको फैसला भएकोले सामुहिक जबरजस्ती करणीको अभियोग दाबी पुग्ने देखिएन । तसर्थ प्रतिवादीहरूउपर सामुहिक जबरजस्ती करणीको अभियोग दाबी नपुग्ने ठहर गरी पुनरावेदन अदालत इलामले गरेको फैसला मिलेको नै देखिने।

अतः माथि विवेचित आधार कारणहरूबाट प्रतिवादी इन्द्रबहादुर विष्टले जबरजस्ती करणी गरेको ठहर भई जबरजस्ती करणीको १ र ३(१) नं. को कसूर अपराधमा निजलाई १०(दश) वर्ष कैद र पीडितालाई निजबाट रू. ५०००।– क्षतिपूर्ति भराइदिने, अर्का प्रतिवादी धनवीर विष्टलाई जबरजस्ती करणीको ४ नं. को कसूर अपराधमा नाबालक हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम ६ महिना कैद हुने ठहर गरी निजको हकमा जबरजस्ती करणीतर्फको दाबी नपुग्ने तथा सामुहिक करणी र अप्राकृतिक मैथुनतर्फको अभियोग दाबी नपुग्ने ठहर गरी भएको सुरू झापा जिल्ला अदालतको मिति २०६९।८।११ को फैसलालाई सदर हुने ठहर्‍याई पुनरावेदन अदालत इलामले मिति २०७१।९।२० मा

गरेको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: प्रेम खड्का
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७३ साल चैत ७ गते रोज २ शुभम्।

२

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री हरिकृष्ण कार्की, *०६७-CR-०८०४, कर्तव्य ज्यान, नेपाल सरकार वि. जुगलकिशोर भन्ने प्रमोदकुमार सिंहसमेत*

मिसिल संलग्न शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारणमा The cause of death is more likely head injury भनी उल्लेख भएको, प्रतिवादी नकुलसिंहको बयानमा आफूले सुनेअनुसार महन्थ रायको आफ्नै ढोकाको चौकटमा टाउको ठोक्किई फुटी बेहोस भएका र उपचारको लागि लैजाँदै गर्दा निजको मृत्यु भएको हो भन्ने उल्लेख भएको र प्रतिवादी अभिमन्युका साक्षीको बकपत्रबाट मृतक महन्थ घरबाट निस्कँदा ढोकामा टाउको ठोक्किई घाइते भएको हो भनी बकपत्र गरेको देखिन्छ। जाहेरवालाले मौकामा गरेको बयान आफूले भनेबमोजिम नभएको भनी सोको विपरीत हुनेगरी अदालतमा बकपत्र गरेबाट र चश्मदिद गवाहको रूपमा पेस गरिएका मृतकका कान्छा छोरा श्यामप्रसाद यादवले अदालतमा उपस्थित भई बकपत्रसमेत नगरी दिएको कारणबाट निजहरूको अनुसन्धान अधिकारीसमक्ष भएको बयान कागज स्वतन्त्र तवरले पुष्टि भएको मान्न नमिल्ने हुँदा र कुटपिटको वारदात देखिए पनि यो यसको चोटबाट मृतकको मृत्यु भएको हो भनी प्रमाणबाट खुल्न, पुष्टि हुन नसकेको अवस्थामा केवल शङ्काको आधारमा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम कसूरदार ठहर गर्नु कानून र न्यायसम्मत् हुन जाने देखिन नआउने।

शङ्काको सुविधा अभियुक्तले पाउँछ (Benefit of the doubt goes to accused) र जसले दाबी लिन्छ उसैले प्रमाणको भार पुऱ्याउनुपर्ने (Burden of proof goes to plaintiff) भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रही आएको छ। उक्त सिद्धान्तबमोजिम यो यसको कर्तव्यबाट मृतकको मृत्यु भएको हो भन्ने अभियोजक पक्षले सप्रमाण पुष्टि गर्न नसकेको अवस्थामा केवल शङ्काको आधारमा यो यसको चोट प्रहारबाट निज मृतकको मृत्यु भएको होला भनी अनुमानको भरमा सजाय ठहर गर्नु उक्त फौजदारी न्यायका मान्य सिद्धान्तविपरीत हुन जाने। तसर्थ यस अदालतको संयुक्त इजलासबाट मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्ने गरी भएको मिति २०६७।०९।३० को आदेशमा उल्लिखित आधार र कारणसँग सहमत हुन नसकिने।

अत: प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई सुरू बारा जिल्ला अदालतबाट मिति २०६४।३।२५ मा भएको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६६।०६।२० को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत : शकुन्तला कार्की
कम्प्युटर: चन्द्रशेर राना
इति संवत् २०७४ साल कात्तिक २२ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०६७-CI-१३२३, राजीनामा लिखत बदर, सागर ढकालसमेत वि. शुकबहादुर गुरूङ*

प्रतिवादी भोजबहादुर भन्ने भक्तबहादुरका एकासगोलमा ६ जना अंशियार भई विवाहित ३ छोरीसमेत सन्तानको रूपमा रहेको मिसिलबाट देखिन्छ। नौ जनाको परिवार सङ्ख्यामध्ये ३ छोरीको विवाह दानसमेत भइसकेको स्थितिमा घरको मुख्य भई काम गर्ने यी प्रतिवादीले घर व्यवहार चलाउन जग्गा बिक्री गर्नुपर्ने अवस्था थिएन भन्ने वादी दाबीसँग सहमत हुनुपर्ने आधार र कारण नदेखिने।

प्रतिवादी भोजबहादुर भन्ने भक्तबहादुरले प्रतिवादीमध्येकै रनबहादुर गुरूङलाई बिक्री गरेको कि.नं. ७०८ र ७५२ को ज.वि. १८-१-३-० को दोब्बरभन्दा बढी विभिन्न कित्ताको क्षेत्रफल ४७-१५-३-० जग्गा अझै बाँकी रहेको सुरू गोरखा जिल्ला अदालतको आदेशानुसार मालपोत कार्यालय,

गोरखाबाट झिकाई आएको जग्गा धनी दर्ता स्रेस्ताको प्रमाणित प्रतिलिपीबाट देखिन्छ । कि.नं. ७०८ र ७५२ को जग्गाको राजीनामा लिखतमा उल्लिखित मूल्य र अन्य बाँकी रहेको घर जग्गाको तायदाती फाँटवारीमा उल्लिखित मूल्यको अनुपात हेर्दा बिक्री भएको जग्गाको मूल्यभन्दा बाँकी कायम रहेको घर जग्गाको मूल्य धेरै नै बढी देखिन आएको छ । यस्तो अस्थामा यी प्रतिवादी भोजबहादुर भन्ने भक्तबहादुरले घरको मुख्य व्यक्तिको हैसियतले व्यवहार चलाउनका लागि बिक्री व्यवहार गरेको कार्य लेनदेन व्हारको १० नं. र अंशबन्डाको १९ नं. प्रतिकूल छ भनी मान्न सकिएन । आफैँले बिक्री व्यवहार गरेको कार्यको खण्डन गर्न अदालतमा उपस्थित नहुने प्रतिवादीको अनुपस्थितिकै कारणले इन्साफमा फरक पार्न नसक्ने ।

अत: उल्लिखित आधार प्रमाणसमेतबाट प्रतिवादी भोजबहादुर भन्ने भक्तबहादुर ढकाल दिने र प्रतिवादी रनबहादुर गुरूङ लिने गरी भएको र.नं. १६९६ मिति २०६४।११।१३ को लिखतको ६ भागको ५ भाग लिखत बदर हुने ठहर गरेको सुरू गोरखा जिल्ला अदालतको मिति २०६६।८।१ को फैसला उल्टी हुने ठहर्‍याई भएको पुनरावेदन अदालत पोखराको मिति २०६७।११।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : शकुन्तला कार्की
कम्प्युटर: चन्द्रशेर राना
इति संवत् २०७४ साल पुस ३ गते रोज २ शुभम् ।

४

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७४-RB-०२८१, ०२८२, जिप भन्सार चोरी पैठारी, ईश्वरलाल श्रेष्ठ वि. नेपाल सरकार, सन्तोषकुमार कुँवर वि. नेपाल सरकार*

आफ्नो भोगमा रहेको उक्त गाडीको स्वामी आफैँ हो, उक्त गाडी आफैँले किनेको हो भनी दाबी लिने पुनरावेदक प्रतिवादी सन्तोषकुमार कुँवरले उक्त गाडीको आफ्नो नामको वैधानिक स्वामित्वको लिखित प्रमाण तथा दस्ताबेज देखाई सो कुरा पुष्टि गर्ने कानूनी दायित्व पनि निजउपर नै रहन्छ । निजले आफ्नो भोग र स्वामित्वको भनी देखाएको उक्त गाडीको दस्ताबेज प्रमाण (सवारी दर्ता प्रमाणपत्र र नम्बर प्लेट) नै वास्तविक नरही किर्ते रहेको बेहोरा अनुसन्धानको क्रममा यातायात व्यवस्था कार्यालय, बागमती (एकान्तकुना, ललितपुर) मा रहेको बा.१० च ९४२० नं. को सवारी दर्ताको अभिलेखसँग भिडाई हेर्दा देखिन आएको रहेछ । उक्त कार्यालयको अभिलेखमा बा. १० च ९४२० नं. को अभिलेखमा अर्कै गाडी अर्थात् निजी माइक्रोबस दर्ता रहेको देखिएबाट प्रतिवादी सन्तोषकुमार कुँवरले प्रयोग गरेको उक्त टोयोटा फरच्युनर गाडीको दर्ता अभिलेख किर्ते रहेको तथ्य प्रमाणित हुन आएको छ । यस्तो अवस्थामा यस सम्बन्धमा निजको भनाइ हेर्दा निजले आफूले भन्सार लिलामीको गाडी हो, सस्तोमा पाइने भन्ठानेर अर्का प्रतिवादी ईश्वरलाल श्रेष्ठको सहयोगमा उक्त गाडी रू.२५,००,०००।– (पच्चीस लाख रूपैयाँ) मा किन्ने तय भई तत्काल रू.५,००,०००।– (पाँच लाख रूपैयाँ) तिरी प्राप्त गरेको हुँ, तसर्थ उक्त गाडीको स्वामित्व आफ्नै नाउँमा हुँदा सोको सवारी दर्ता प्रमाणपत्र आफ्नै नाउँमा रहेको हो भन्ने तथ्यलाई प्रमाणित गर्नका लागि आफ्नो नामको सवारी दर्ता प्रमाणपत्र प्रस्तुत गरेको देखियो । जुन सवारी दर्ता प्रमाणपत्र नै किर्ते बेहोराको देखिएपछि कानूनद्वारा निषेधित उक्त कार्यको आपराधिक दायित्व निजले बहन गर्नबाट उन्मुक्ति पाउन सक्दैनन् । भन्सार ऐन, २०६४ को दफा २(च) र ५७(१) द्वारा यस्तो क्रियाकलाप गर्ने व्यक्तिलाई उन्मुक्ति नभई दण्डित गर्ने कानूनी प्रावधान रहेकाले उक्त आपराधिक कार्यको आपराधिक दायित्व निजले वहन गर्नबाट छुट पाउने अवस्था नरहेकोले उक्त अभियोग दाबीबाट सफाइ पाऊँ भन्ने निजको पुनरावेदन जिकिर सहमतयोग्य नदेखिने ।

पुनरावेदक प्रतिवादी सन्तोषकुमार कुँवर स्वयम्ले कानूनद्वारा तोकिएको प्रक्रिया अवलम्बन नगरी बरू उक्त प्रक्रिया उल्लङ्घन गरी आफूखुसी गाडी खरिद गरी सम्बन्धित सरकारी निकाय (यातायात

व्यवस्था कार्यालय) मा नै नगई किर्ते बेहोराले तयार गरिएको सवारी दर्ता प्रमाणपत्र (ब्लु बुक) लिई आफूले प्रयोग गरिरहेबाट प्रस्तुत मुद्दामा निस्किएको अवाच्छित परिणामप्रतिको आपराधिक दायित्व निजले नै वहन गर्नुपर्ने देखियो । तसर्थ; आफूले गलत मनसायले उक्त कार्य गरेको होइन भन्ने निजको पुनरावेदन जिकिरप्रति कानूनले सहयोग र समर्थन गर्ने अवस्था प्रस्तुत मुद्दामा रहेको देखिँदैन । अतः निजको उक्त पुनरावेदन जिकिर पनि स्वीकारयोग्य नदेखिने ।

विवादित भएको टोयोटा कम्पनीको फरच्युनर गाडीको कानूनबमोजिम कायम भएको मूल्य रू.८०,००,०००।– (असी लाख रूपैयाँ) नभई मात्र रू.३०,००,०००।– (तीस लाख रूपैयाँ) रहेको देखिन्छ । जुन राजस्व अनुसन्धान विभागले प्रस्तुत मुद्दाको सुरू कारबाही किनारा गर्दा उक्त गाडीको मूल्य रू.८०,००,०००।– (असी लाख रूपैयाँ) पर्ने भन्दै उक्त मुद्दामा भन्सार छली चोरी पैठारी गरेको वस्तु (सवारी साधन) को बिगो रू.८०,००,०००।– (असी लाख रूपैयाँ) कायम गरी सोही बिगोबमोजिम प्रतिवादीहरूलाई जनही जरिवाना गर्ने क्रममा यी पुनरावेदक प्रतिवादी सन्तोषकुमार कुँवरलाई समेत जरिवानातर्फ रू.८०,००,०००।– (असी लाख रूपैयाँ) सजाय गरेको थियो । सोही निकायले उक्त गाडीको मूल्य रू.३०,००,०००।– (तीस लाख रूपैयाँ) कायम भएको भन्ने बेहोराको पत्र अर्थ मन्त्रालयलाई लेखी पठाएको देखिन आएबाट उक्त गाडीको कायम गरिएको वास्तविक मूल्य रू.३०,००,०००।– (तीस लाख रूपैयाँ) मात्र मान्नुपर्ने देखिन आउने ।

मुद्दाको सुरू कारबाही र किनारा गरेको राजस्व अनुसन्धान विभागले न्यायोचित आधार कारणबिना नै भन्सार छली चोरी पैठारी गरेको भनिएको वस्तु (गाडी / जिप) को बिगो रू.८०,००,०००।– (असी लाख रूपैयाँ) कायम गरी सोही आधारमा जरिवानातर्फ प्रतिवादीहरूलाई जनही जरिवाना रू.८०,००,०००।– (असी लाख रूपैयाँ) गरेको देखिन आयो । राजस्व अनुसन्धान विभागको जरिवानातर्फको सोही निर्णयलाई राजस्व न्यायाधिकरण काठमाडौंले पनि सदर गरेको देखियो; जुन तथ्यसम्मत, तर्कसम्मत र न्यायोचित मान्न सकिएन, परिणामत: परिवर्तनयोग्य देखियो । उपर्युक्त आधार र कारणबाट पुनरावेदक प्रतिवादी सन्तोषकुमार कुँवरको पुनरावेदन जिकिरबमोजिम प्रस्तुत मुद्दामा निज प्रतिवादीलाई गरिएको जरिवानाको रकम मिलेको नदेखिँदा सोतर्फ सुरू राजस्व अनुसन्धान विभागको निर्णय र सोलाई सदर गर्नेगरी राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको निर्णय परिवर्तन गरी जरिवानाको रकम रू.३०,००,०००।– (तीस लाख रूपैयाँ) कायम गर्नु तथ्यसम्मत, तर्कसम्मत र न्यायोचित हुने देखियो। कैदको हकमा निज प्रतिवादीलाई सुरू राजस्व अनुसन्धान विभागबाट ३ (तीन) महिना कैदको सजाय गर्नेगरी भएको निर्णयलाई सदर गर्ने गरेको राजस्व न्यायाधिकरण काठमाडौंको निर्णयलाई अन्यथा भन्न सकिएन; सो हदसम्म मिलेकै देखिन आउने ।

पुनरावेदक प्रतिवादी ईश्वरलाल श्रेष्ठको कसूरमा इन्कारी बयान विश्वसनीय प्रमाणद्वारा प्रमाणित भएको देखिँदैन भने मुख्य अभियुक्त सन्तोषकुमार कुँवरको निजउपरको किटानी पोलयुक्त बयान तथ्यसम्मत, तर्कसम्मत र विश्वसनीय देखिन आउँछ । पुनरावेदक प्रतिवादी सन्तोषकुमार कुँवरले राजस्व अनुसन्धान विभाग र काठमाडौं जिल्ला अदालतको आफ्नो बयानमा यी प्रतिवादी ईश्वरलाल श्रेष्ठले नै आफूलाई झुक्याई किर्ते बेहोराको सवारी दर्ता प्रमाणपत्रलाई सद्दे बेहोराको हो भनी विश्वासमा पारी सो सवारी दर्ता प्रमाणपत्र (ब्लु बुक) सहितको बा.१० च ९४२० नं. अंकित नम्बर प्लेटसहितको उक्त टोयोटा फरच्युनर गाडी उपलब्ध गराउने कार्य गरे गराएका हुन् भनी पटकपटक गरेको बयानलाई प्रस्तुत मुद्दाको सन्दर्भमा अन्यथा मान्नुपर्ने देखिँदैन किनकि प्रतिवादी सन्तोषकुमार कुँवर प्रस्तुत मुद्दाको सन्दर्भमा प्रतिवादी मात्र नभई पीडित पनि हुन्, उनी उक्त घटना वारदात देख्ने भोग्ने प्रत्यक्षदर्शी पनि हुन्, प्रस्तुत गाडी खरिद प्रक्रियामा उनले रू.५,००,०००।– (पाँच लाख

रूपैयाँ) रकम तत्कालै तिरेका छन् भने अरू रकम रू.२०,००,०००।–(बीस लाख रूपैयाँ) पछि तिर्ने भनी सहमती गरेका छन् । पक्राउ पर्दाका बखत प्रतिवादी सन्तोषकुमार कुँवरले चढेको गाडी उनको पहिलेदेखिकै आफ्नै गाडी होइन, उनले उक्त गाडी सस्तो पाउने लोभले अरूबाटै खरिद गरेका हुन्, त्यस्तो खरिद प्रक्रिया कुनै कम्पनीबाट गरेको नभई व्यक्ति विशेषबाटै गरेको देखिएको र त्यसो गर्दा १-२ जना व्यक्ति सहयोगी वा सहजकर्ता हुनु स्वाभाविक पनि हो । यसै क्रममा निजले बरामद गाडी खरिद गर्दा पुनरावेदक प्रतिवादी ईश्वरलाल श्रेष्ठको सहयोग रहेको भन्नुलाई अन्यथा वा अस्वाभाविक मान्नुपर्ने पनि देखिँदैन । तसर्थ; उक्त गाडी खरिद गर्दा यी पुनरावेदक प्रतिवादी ईश्वरलाल श्रेष्ठको सहयोगी भूमिका रहेको थियो भन्नेसमेतको पुनरावेदक प्रतिवादी सन्तोषकुमार कुँवरको तथ्ययुक्त बयानलाई अन्यथा मान्नुपर्ने नदेखिई विश्वसनीय नै मान्नुपर्ने देखिन्छ । उपर्युक्त परिप्रेक्ष्यमा पुनरावेदक प्रतिवादी ईश्वरलाल श्रेष्ठको कसूरमा इन्कारी बयानकै आधारमा निजलाई आरोपित कसूरबाट सफाइ नदिई मतियारको रूपमा कसूरदार ठहऱ्याई गरेको राजस्व अनुसन्धान विभागको निर्णयलाई सदर गर्ने ठहऱ्याएको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला सो हदसम्म मिलेकै देखिन आउने ।

सजायको हकमा प्रस्तुत मुद्दामा भन्सार ऐन, २०६४ को दफा ५७(३) को अभियोगमा कसूरदारलाई ऐ. ऐनको दफा ५७(३) बमोजिम मुख्य अभियुक्तलाई भएसरहकै सजाय गर्नुपर्ने भन्ने कानूनी व्यवस्थाबमोजिम यी पुनरावेदक प्रतिवादी ईश्वरलाल श्रेष्ठलाई पनि मुख्य अभियुक्त पुनरावेदक प्रतिवादी सन्तोषकुमार कुँवरलाई भएसरहकै सजाय हुनुपर्ने देखिन्छ । सोअनुरूप सजाय निर्धारण गर्दा निजलाई पनि पुनरावेदक प्रतिवादी सन्तोषकुमार कुँवरलाई भएबमोजिमको ३ महिना कैद र रू.३०,००,०००।– (तीस लाख रूपैयाँ) जरिवाना गर्नुपर्नेमा राजस्व अनुसन्धान विभागबाट निजलाई ३ महिना कैद र रू.८०,००,०००।– (असी लाख रूपैयाँ) जरिवाना गरेको र सो सजायलाई नै राजस्व न्यायाधिकरण, काठमाडौंबाट समेत सदर भएको देखिँदा कैदको हकमा उक्त सजाय मिलेको देखिए पनि बढी जरिवाना गरेको हदसम्मको उक्त इन्साफ निजको हकमा पनि मिलेको देखिएन । तसर्थ; जरिवानाको हकमा निज ईश्वरलाल श्रेष्ठलाई पनि बिगोबमोजिम जरिवाना गर्नुपर्ने कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा अर्का पुनरावेदक प्रतिवादी सन्तोषकुमार कुँवरको हकमा निर्धारण हुने जरिवाना रकमको आधार र कारणको आधारमा नै यी पुनरावेदक प्रतिवादी ईश्वरलाल श्रेष्ठको हकमा पनि जरिवानाको रकमको अङ्क निर्धारण हुने हुँदा माथि पुनरावेदक प्रतिवादी सन्तोषकुमार कुँवरको हकमा जरिवानाको अङ्क निर्धारण हुँदा भएको विश्लेषणको आधारमा यी पुनरावेदक प्रतिवादी ईश्वरलाल श्रेष्ठको हकमा समेत जरिवानाको अङ्क निर्धारण हुने देखियो । अतः निजको हकमा समेत जरिवानातर्फ राजस्व अनुसन्धान विभागको निर्णयले हुने ठहरेको जरिवाना रू.८०,००,०००।– (असी लाख रूपैयाँ) लाई नै सदर गर्ने ठहऱ्याएको राजस्व न्यायाधिकरण, काठमाडौंको फैसला सो हदसम्म मिलेको नदेखिँदा सो परिवर्तन भई रू.३०,००,०००।– (तीस लाख रूपैयाँ) मात्र जरिवानाको अङ्क कायम हुने ।

सरकारी छाप दस्तखत किर्ते मुद्दा काठमाडौं जिल्ला अदालतको अधिकार क्षेत्रभित्र पर्ने भई सोको कारबाही र किनारा उक्त अदालतले गर्ने हुँदा त्यहाँ दायर गरिएको र प्रस्तुत भन्सार छली जिप चोरी पैठारी मुद्दा राजस्व अनुसन्धान विभागको सुरू अधिकार क्षेत्रभित्र पर्ने भई त्यहाँ दायर भएको देखिन्छ । यसरी छुट्टाछुट्टै निकायको अधिकार क्षेत्रभित्र पर्ने मुद्दा तत्तत् निकायमा दर्ता भई कारबाही सम्पन्न भई किनारा हुँदा एकै प्रकृतिको निर्णय नहुन पनि सक्छ । पुनरावेदक प्रतिवादी ईश्वरलाल श्रेष्ठ विरूद्ध काठमाडौं जिल्ला अदालतमा दायर भएको सरकारी छाप दस्तखत किर्ते मुद्दामा निजले सफाइ पाएउपर म्यादभित्र वादी नेपाल सरकारको पुनरावेदन नपरेको कारणबाट निजको हकमा उक्त मुद्दा त्यहाँबाट नै अन्तिम

भएको देखिन्छ भने सोही वारदातसँग जोडिएको भन्सार छली जिप चोरी पैठारी गरी प्रयोग गरेको विषयमा राजस्व अनुसन्धान विभागमा चलेको उक्त मुद्दामा यी पुनरावेदक प्रतिवादी ईश्वरलाल श्रेष्ठ आरोपित कसूरको मतियारसरहको कसूरदार ठहर भई सजाय पाएको र सोउपर राजस्व न्यायाधिकरण काठमाडौंमा निजको पुनरावेदन परे पनि निजसमेत दुईजना प्रतिवादीहरूको हकमा उक्त निर्णय सदर हुनेगरी फैसला भएको देखिन्छ । एउटै वारदातलाई लिएर फरक फरक कानूनी व्यवस्थाबमोजिम फरकफरक निकायमा मुद्दा परी निर्णय हुँदा कहिलेकाहीँ यस्तो हुनसक्छ । तसर्थ; हालको अवस्थामा निजको उक्त पुनरावेदन जिकिरको त्यति सान्दर्भिकता रहेको नदेखिने ।

अतः माथि प्रकरणहरूमा गरिएको विश्लेषणको आधारमा प्रस्तुत मुद्दामा बरामद गाडीको मूल्य निर्धारण गर्दा आधार र कारण खोलिएको नदेखिएकोले निर्धारण गरिएको गाडीको मूल्य रू.८०,००,०००।– (असी लाख रूपैयाँ) लाई मनासिब भन्न मिलेन । बरामद भएको उक्त गाडीको मूल्य रू.३०,००,०००।– (तीस लाख रूपैयाँ) कायम गरिएको भन्ने राजस्व अनुसन्धान विभागको मिति २०७४।३।१५ को पत्रबाट देखिँदा त्यसलाई अन्यथा भन्नुपर्ने पनि देखिँदैन । प्रतिवादीमध्येको सन्तोषकुमार कुँवर बरामद गाडी लिने व्यक्ति देखिएको र उक्त गाडी लिनेदिने कुरामा प्रतिवादीमध्येको ईश्वरलाल श्रेष्ठले कागजात मिलाइदिने काम गरी मद्दत गरेको भन्ने देखिँदा पुनरावेदक प्रतिवादी सन्तोषकुमार कुँवरलाई भन्सार ऐन, २०६४ को दफा ५७(१) को कसूरमा ऐ. ऐनको दफा ५७(१) बमोजिम जरिवाना रू.३०,००,०००।– (तीस लाख रूपैयाँ) र ऐ. ऐनको दफा ५७(१)(ग) बमोजिम ३ महिना कैद तथा अर्का पुनरावेदक प्रतिवादी ईश्वरलाल श्रेष्ठलाई भन्सार ऐन, २०६४ को दफा ५७(३) को कसूरमा ऐ. ऐनको ऐ. दफाबमोजिम कसूरदारलाई भएसरह जरिवाना रू.३०,००,०००।- (तीस लाख रूपैयाँ) र ३ महिना कैद हुने ठहर्छ । यी पुनरावेदक प्रतिवादीहरूलाई जरिवानातर्फ जनही रू.८०,००,०००।– (असी लाख रूपैयाँ) जरिवाना गर्नेगरी राजस्व अनुसन्धान विभागबाट भएको फैसलालाई सदर गर्ने गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०७४।१।१७ को फैसला सो हदसम्म केही उल्टी हुने ।

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय

कम्प्युटर: रमला पराजुली र विनोदकुमार बनिया

इति संवत् २०७५ साल मङ्सिर १० गते रोज २ शुभम् ।

५

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री डम्बरबहादुर शाही, ०६८-CI-०५००, दर्ता बदर गरी खिचोला मेटाई हक कायम गरी चलन चलाई पाऊँ, *अब्दुल गफार तेली मुसलमान वि. सलिमुनिसा तेली मुसलमान*

यस मुद्दामा प्रत्यर्थी वादी सलिमुनिसा तेली मुसलमानले दाबी गरेको जग्गा र प्रमाणमा आएको पुनरावेदक वादी अब्दुल गफार तेली मुसलमान तथा प्रत्यर्थी प्रतिवादी नुर महम्मदमुसलमानको मु.स. गर्ने सलिमुनिसा मुसलमाननी भएको संवत् २०५८ सालको दे.पु.नं.१२३७ को घरजग्गा खिचोला मुद्दामा पुनरावेदन अदालत बुटवलको फैसला (अन्तिम फैसला) बाट वादी अब्दुल गफार तेली मुसलमानको दाबी नपुगेको (हारेको) जग्गा एउटै हो भन्ने देखिने ।

प्रमाणमा आएको दे.पु.नं.१२३७ को घरजग्गा खिचोला मुद्दामा न.नं.६ को जग्गाको सम्बन्धमा आफ्नो हक दाबी नपुगेपछि उक्त न.नं.६ को जग्गासमेत आफ्नो हकमा पार्नेगरी नै निज अब्दुल गफार तेली मुसलमानले उक्त विवादित कि.नं.५८ को जग्गा ससिमरूपमा नै आफ्नो नाममा दर्ता गराएको देखिन्छ । प्रमाणमा आएको दे.पु.नं.१२३७ को मुद्दामा रूपन्देही जिल्ला अदालतबाट भई आएको मिति २०५६।३।१९ को नापनक्सा मुचुल्काको न.नं.६ को जग्गा र प्रस्तुत मुद्दामा रूपन्देही जिल्ला अदालतबाट भई आएको मिति २०६६।१२।१४ को नापनक्सा मुचुल्काको न.नं. १०, ११, १२, १३ र १४ को जम्मा क्षेत्रफल बिगाहा ०-०-१३१।२ जग्गाको रूप, आकार, प्रकृति, चार किल्ला, क्षेत्रफल र वादी प्रतिवादीको बसोबासको

स्थितिसमेतबाट उक्त तथ्य पुष्टि भइरहेको देखिएबाट प्रस्तुत मुद्दाका पुनरावेदक प्रतिवादी अब्दुल गफार तेली मुसलमानले विवादित कि.नं. ५८ को क्षेत्रफल बिगाहा ०-१-५ जग्गामध्ये आफ्नो भोग रहेको तर्फबाट भोग जतिको क्षेत्रफल जग्गामात्र आफ्नो नाममा दर्ता नगराई प्रस्तुत मुद्दाकी वादी सलि मुनिसा तेली मुसलमानको भोगसमेतको जग्गामा आफ्नो एकलौटी हक कायम हुने गरी विवादित कि.नं.५८ को उक्त कित्ता जग्गा ससिम रूपमा नै आफ्नो नाममा दर्ता गराएको देखिने।

अघिल्लो मुद्दा (दे.पु.नं.१२३७ को घरजग्गा खिचोला) मा नै आफ्नो हक भोगको जग्गा भनी दाबी (जिकिर) गरेको र सोसमेतको आधारमा उक्त मुद्दाका वादी अब्दुल गफारको दाबी नपुगी अन्तिम भइरहेको फैसलाको मर्म र भावना प्रतिकूल यी वादी सलिमुनिसालाई जानकारी नै नदिई निजको हक हनन् हुनेगरी उक्त न.नं.६ को जग्गासमेतमा आफ्नो हक कायम हुनेगरी पुनरावेदक प्रतिवादी अब्दुल गफार तेली मुसलमानले गरेको काम कारबाही गैरकानूनी र दूषित रहेको अवस्थामा उक्त कार्यलाई चुनौती दिई सो जग्गाको सम्बन्धमा उक्त दे.पु.नं.१२३७ को मुद्दाका प्रत्यर्थी प्रतिवादी स्व. नुर महम्मदकी पत्नी सलिमुनिसा तेली मुसलमानलाई प्रस्तुत मुद्दा दायर गर्ने हकदैया छैन भनी भन्न हकदैयाको सिद्धान्त र मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्तको महलको ८२ नं. अनुसार मिल्ने देखिँदैन। साथै; उक्त दे.पु.नं.१२३७ को मुद्दामा रूपन्देही जिल्ला अदालतबाट भई आएको मिति २०५६।३।१९ को नापनक्सा मुचुल्काको न.नं.६ को जग्गा नै प्रस्तुत मुद्दामा रूपन्देही जिल्ला अदालतबाट मिति २०६६।१२।१४ मा भई आएको नापनक्सा मुचुल्काको न.नं.१०, ११, १२, १३ र १४ मा रहेको घर, जग्गा र रूखहरू रहेको भन्ने तथ्य उक्त जग्गाको रूप, आकार, प्रकार, प्रकृति र क्षेत्रफल उही रहेको देखिएबाट पुष्टि हुन्छ। यस्तो अवस्थामा प्रस्तुत मुद्दाको वादीले आफ्नो साबिकदेखिको हकभोगमा रहेको उक्त न.नं.१०, ११, १२, १३ र १४ को जग्गा प्रतिवादी अब्दुल गफार तेली मुसलमानले दूषित दर्ता गराई खिचोला गरेकोले उक्त दर्ता बदर गरी खिचोला मेटाई आफ्नो हक कायम गराई पाउँ भनी मुद्दा दायर गर्न नपाउने भन्न मिल्ने देखिँदैन। अत: उपर्युक्त विश्लेषणबाट वादी सलिमुनिसा तेली मुसलमानलाई विवादित कि.नं.५८ को जग्गा ससिमरूपमा नै आफ्नो नाममा एकलौटी दर्ता गराइसकेका पुनरावेदक प्रतिवादी अब्दुल गफार तेली मुसलमानउपर प्रस्तुत मुद्दा दायर गर्न मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्तको महलको ८२ नं. अनुसार हकदैया प्राप्त रहेको नै देखिने।

प्रस्तुत मुद्दामा प्रमाणमा आएको २०५८ सालको दे.पु.नं.१२३७ को घरजग्गा खिचोला मुद्दामा रूपन्देही जिल्ला अदालतबाट भई आएको मिति २०५६।३।१९ को नापनक्सा मुचुल्काको न.नं.६ को जग्गा र प्रस्तुत मुद्दामा रूपन्देही जिल्ला अदालतबाट मिति २०६६।१२।१४ मा भई आएको नापनक्सा मुचुल्काको न.नं.१०, ११, १२, १३ र १४ को जग्गा एउटै रहेको देखिएको, दे.पु.नं.१२३७ को उक्त मुद्दामा पुनरावेदन अदालत बुटवलबाट मिति २०५९।८।२ मा फैसला (अन्तिम फैसला) हुँदा उक्त न.नं.६ को जग्गामा प्रस्तुत मुद्दाकी वादी सलिमुनिसा तेली मुसलमानका पति नुर महम्मद मुसलमानको भोग रहेको देखिएको समेतको आधारमा उक्त मुद्दामा वादी अब्दुल गफार तेली मुसलमानको दाबी पुग्न नसकेको भनी फैसला भइरहेको, उक्त फैसला भएपश्चात् उक्त न.नं.६ कै जग्गासमेतमा आफ्नो हक कायम हुनेगरी प्रस्तुत मुद्दाका पुनरावेदक प्रतिवादी अब्दुल गफार तेली मुसलमानले जग्गा दर्ता समिति; रूपन्देहीबाट विवादित कि.नं.५८ को क्षेत्रफल बिगाहा ०-१-५ जग्गा आफ्नो नाममा एकलौटीरूपमा दर्ता गराएको, साबिकदेखिको आफ्नो हक भोगमा रहेको तथा गाउँ विकास समितिको कार्यालय, मधवलियाबाट नापनक्सा भई कायम भएको कि.नं. १ अन्तर्गत पर्ने घर जग्गासमेतमा आफ्नो हक कायम हुनेगरी प्रतिवादी अब्दुल गफार तेली मुसलमानले दर्ता गराएकोले उक्त दूषित दर्ता बदर गरी सोमा आफ्नो हकभोग जतिको जग्गामा

आफ्नो हक कायम गरी विपक्षीको खिचोला मेटाई चलन चलाई पाउँ भनी स्व. नुर महम्मदमुसलमानकी पत्नी वादी सलिमुनिसा तेली मुसलमानले दिएको फिरादको आधारमा प्रस्तुत मुद्दामा रूपन्देही जिल्ला अदालतबाट मिति २०६६।१२।१४ मा भई आएको नापनक्सा मुचुल्काको न.नं.१०, ११, १२, १३ र १४ मा पर्ने जम्मा क्षेत्रफल बिगाहा ०-०-१३½ (साँढे तेह्र धुर) जग्गा र सोमा रहेको घर तथा रूखहरूसमेतमा प्रतिवादी अब्दुल गफार तेली मुसलमानको हक नपुग्ने देखिएकोले उक्त न.नं. अन्तर्गत पर्ने घर, जग्गा जतिको हकमा प्रतिवादी अब्दुल गफार तेली मुसलमानको दूषित दर्ता बदर गरी निजले गरेको खिचोला मेटाई सोमा वादी सलिमुनिसा तेली मुसलमानको हक कायम गरी वादीले चलन पाउने र उक्त नक्सा मुचुल्काको न.नं.७, ८ र ९ को जग्गामा प्रतिवादी अब्दुल गफार तेली मुसलमानको घरबास रहेको देखिएको र सोमा विवाद रहेको नदेखिएको अवस्थामा सो जग्गामा समेत वादी दाबीबमोजिम खिचोला मेटाई हक कायम गरी चलन चलाइ पाउने ठहर्‍याई गरेको रूपन्देही जिल्ला अदालतको मिति २०६७।५।२१ को फैसला सो हदसम्म नमिलेकोले उल्टी हुने ठहर्‍याई पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।४।२२ मा भएको फैसला मिलेकै देखिन आउने।

प्रस्तुत मुद्दामा प्रमाणमा आएको दे.पु.नं.१२३७ को मुद्दामा रूपन्देही जिल्ला अदालतबाट मिति २०५६।३।१९ मा भई आएको नापनक्सा मुचुल्कामा उल्लेख भएको न.नं.६ को जग्गालाई त्यसबखत उक्त मुद्दाका वादी अब्दुल गफार तेली मुसलमानले मेरो कि.नं.५८ को जग्गा हो भनी बताएको र प्रतिवादीले गा.वि.स.बाट लालपूर्जा दिएको मेरो कि.नं.१ को जग्गा हो भनेको विवादित जग्गा; सोही जग्गामा रूख बुटाहरू भएको भनी उल्लेख भइआएको बेहोरा उक्त नापनक्सा मुचुल्काको विवरणबाट देखिन्छ। सो कारणसमेतबाट उक्त मुद्दामा न.नं.६ को उक्त जग्गासमेत उपर वादी अब्दुल गफारको खिचोलाको दाबी पुग्न नसकेको देखिन्छ। सोही न.नं.६ को जग्गासमेत स्थित विवादित कि.नं.५८ को जग्गा ससिमरूपमा नै प्रतिवादी अब्दुल गफार तेली मुसलमानले आफ्नो नाममा दर्ता गराएपछि नै उक्त न.नं.६ को जग्गालाई आफ्नो हकभोगको जग्गा भनी उक्त दे.पु.नं.१२३७ मुद्दाका प्रतिवादी स्व. नुर महम्मदकी पत्नी सलिमुनिसा तेली मुसलमानले अब्दुल गफार तेली मुसलमानउपर प्रस्तुत मुद्दा दायर गरेको देखिन्छ। सो क्रममा रूपन्देही जिल्ला अदालतबाट मिति २०६६।१२।१४ मा विवादित जग्गाको नापनक्सा मुचुल्का हुँदा न.नं.१०, ११, १२, १३ र १४ का जग्गाहरूप्रति नै वादी सलिमुनिसा तेली मुसलमानले विवाद उठाएको देखिन्छ; जुन जग्गाहरू दे.पु.नं.१२३७ को मुद्दामा मिति २०५६।३।१९ मा भएको नापनक्सा मुचुल्काको न.नं.६ कै जग्गा रहेको तथ्य उक्त जग्गाको रूप, आकार, चार किल्ला, अवस्थितिसमेतबाट पुष्टि भइरहेको देखिएबाट दे.पु.नं.१२३७ को मुद्दामा भएको नापनक्सा मुचुल्काको न.नं.६ र प्रस्तुत मुद्दामा भएको नापनक्सा मुचुल्काको न.नं.१०, ११, १२, १३ र १४ का जग्गाहरू एउटै रहे भएको तथ्य प्रमाणित हुन्छ। यसरी वादी सलिमुनिसा तेली मुसलमानको परिवारले साबिकदेखि नै भोग गरिरहेको उक्त जग्गालाई प्रतिवादी अब्दुल गफार तेली मुसलमानले पहिले खिचोला मुद्दा दिई र पछि एकलौटी रूपमा दर्ता गराई आफ्नो पार्न पटकपटक प्रयत्न गरेको देखिन्छ। तसर्थ; उक्त दुवै मुद्दामा विवादित रहेको जग्गा एउटै रहेपछि पुनरावेदक प्रतिवादी अब्दुल गफार तेली मुसलमानले उक्त जग्गालाई कि.नं.५८ भित्रको जग्गा भनी दाबी गरे पनि र प्रत्यर्थी वादी सलिमुनिसा तेली मुसलमानले आफ्नो साबिकदेखिको हकभोगमा रहेको गा.वि.स.को कार्यालय मधवलियाले नक्सा गरेको कि.नं.१ अन्तर्गतको जग्गा भने पनि दुवै जनाले दाबी गरेको जग्गा एउटै रहेको तथ्य प्रमाणित भएपछि वादी प्रतिवादीले जग्गाको प्रकृति फरकफरक उल्लेख गरे पनि दुवै मुद्दामा विवादित रहेको जग्गा एउटै र उही हो भन्नेमा विवाद नरहने।

अब विवादित जग्गा एउटै रहेको तथ्य प्रमाणित भइसकेपछि उक्त जग्गाको नामाकरण, प्रकृति

वा सोबारे छलफल गर्दा नेपाल सरकारले सर्भे नापी गरी नक्सा स्रेस्ता प्रकाशित गरिसकेको जग्गाको सम्बन्धमा क्षेत्रीय किताब (फिल्ड बुक) र सर्भे नक्सामा उल्लिखित जग्गाको किसिम, क्षेत्रफल, कित्ता नं. लगायतका विवरणबाट नै उक्त जग्गाको सम्बन्धमा आधिकारिक प्रकृति, नामाकरण, सम्बोधन र छलफल गरिनुपर्ने तथा प्रचलनमा ल्याउनुपर्ने भएबाट प्रस्तुत मुद्दामा वादी सलिमुनिसा तेली मुसलमानले दाबी गरेको न.नं.१०, ११, १२, १३ र १४ का जग्गाहरू उक्त कि.नं.५८ भित्रको पश्चिमतर्फ अवस्थित जग्गा हो भनी मान्नुपर्ने देखियो । तसर्थ; प्रतिवादीको पुनरावेदन जिकिरबमोजिम विवादित न.नं.१०, ११, १२, १३ र १४ का जग्गाहरूलाई कि.नं.५८ भन्दा बाहिरको जग्गा हो भनी मान्न नसकिने।

मिति २०६६।१२।१४ मा भई आएको नापनक्सा मुचुल्काको न.नं.१५, १६ र १७ को घरजग्गा वादी सलिमुनिसा तेली मुसलमानको साबिकदेखिको हकभोगमा रहेको नेपाल सरकारबाट सर्भे नापी भइनसकेको छुट्टै घरजग्गा हो; जसमा यी वादी प्रतिवादीबिच दे.पु.नं.१२३७ को मुद्दा (उक्त मुद्दामा मिति २०५६।३।१९ मा भएको नापनक्सा मुचुल्काको न.नं. ५ को घर जग्गा) र प्रस्तुत मुद्दामा नापनक्सा मुचुल्का हुँदा विवाद नरही वादी सलिमुनिसा तेली मुसलमानको हकभोगमा रहेको निर्विवाद घरजग्गा हो भन्ने बेहोरा उक्त दुवै मुद्दामा भएको नापनक्सा मुचुल्काको विवरणमाउल्लेख रहेकोर सोमा पुनरावेदक प्रतिवादी अब्दुल गफार तेली मुसलमानसमेतले सहीछाप गरेको देखिएबाट उक्त बेहोरालाई पुनरावेदक प्रतिवादी अब्दुल गफार तेली मुसलमानसमेतले स्वीकार गरेको देखिएको छ । यसरी मिति २०५६।३।१९ को नापनक्सा मुचुल्काको न.नं. ५ तथा मिति २०६६।१२।१४ को नापनक्सा मुचुल्काको न.नं.१५, १६ र १७ को घरजग्गा वादी सलिमुनिसा तेली मुसलमानको साबिकदेखिको हकभोगमा रहेको छुट्टै निर्विवाद घरजग्गा हो भन्ने तथ्यलाई यी पुनरावेदक प्रतिवादी अब्दुल गफार तेली मुसलमानले पटकपटक स्वीकार गरी सहीछाप गरेको तथ्यप्रति यी पुनरावेदक प्रतिवादी अब्दुल गफार तेली मुसलमान विबन्धित हुनुपर्ने नै हुन्छ र उक्त तथ्यलाई इन्कार गरी निजले अब विवाद झिक्न पाउने देखिँदैन । अतः उक्त घरजग्गा र प्रस्तुत मुद्दामा दाबी लिएको न.नं.१०, ११, १२, १३ र १४ का घर जग्गालाई एउटै हो भनी अर्थ गर्न र सम्झन मिल्ने भएन । तसर्थ; उक्त न.नं .१५, १६ र १७ को घर जग्गामात्र वादी सलिमुनिसा तेली मुसलमानको हक भोगको रहेको र न.नं.१०, ११, १२, १३ र १४ का घर, जग्गा र रूखहरू चाहिँ वादी सलिमुनिसा तेली मुसलमानको हकभोगको नरहेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

साथै; प्रस्तुत मुद्दा दायर गर्ने सम्बन्धमा वादीको हकदैयालाई लिई पुनरावेदकले लिएको पुनरावेदन जिकिरको सम्बन्धमा माथि प्रश्न नं.३ को सम्बन्धमा विश्लेषण हुँदा नै विवेचना भइसकेको र उक्त विश्लेषणको निष्कर्षबाट प्रस्तुत मुद्दामा वादी सलिमुनिसा तेली मुसलमानको प्रतिवादी अब्दुल गफार तेली मुसलमानउपर प्रस्तुत मुद्दामा फिराद गर्ने हकदैया रहेको कुरा स्थापित भइसकेकोले पुनरावेदकको यससम्बन्धी पुनरावेदन जिकिरतर्फ यहाँ थप विवेचना गरिरहनु नपर्ने।

अत: विभिन्न प्रकरणहरूमा भएको विश्लेषणको आधारमा प्रस्तुत मुद्दामा वादी दाबीको कि.नं.५८ को जग्गामध्ये रूपन्देही जिल्ला अदालतको डोरबाट मिति २०६६।१२।१४ मा भई आएको नापनक्सा मुचुल्काको न.नं.१०, ११, १२, १३ र १४ का जग्गामा प्रतिवादीबाट भएको दूषित दर्ता बदर गरी सोमा प्रतिवादीबाट भएको खिचोला मेटाई उक्त जग्गासमेत (जग्गा, घर र रूखहरू) मा वादीको हक कायम गरी वादीले चलन पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत बुटवलको मिति २०६८।४।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल पुस १३ गते रोज ६ शुभम्।

इजलास नं. २

१

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६९-WO-०३३६, उत्प्रेषण, *ललिमान छन्त्याल वि. भगवानप्रसाद श्रेष्ठसमेत*

निवेदकले मिति २०६९।३।२१ मा थाहा जानकारी पाएको भनी लामो समयपछि मिति २०६९।४।३ मा मात्र निवेदन दिएको देखिन्छ । लेनदेन मुद्दा परी बिगो भरी भराउको कारबाही चली बिगो भरिभराउ भई निवेदन तामेलीमा रहेको झण्डै ४ वर्ष पछाडि मात्र आएर उक्त म्याद र लिलाम प्रक्रिया बदर गरिपाउँ भनी दिएको निवेदनलाई स्वाभाविक मान्न मिल्ने देखिएन । विपक्षी वादी भगवानप्रसाद श्रेष्ठ र निवेदक प्रतिवादी ललिमान छन्त्यालबिच चलेको लेनदेन मुद्दाबाट मिति २०६३।२।१० मा ठहर भएको साँवा र भरी भराउ हुँदासम्मको ब्याजसमेतको बिगोलाई प्रभाव पार्ने नियतबाट सोची सम्झी भएका क्रियाकलापलाई सफाहात लिई निवेदक अदालत प्रवेश गरेको पनि देखिएन । तहतह अदालतबाट भएका फैसला तथा आदेशको औचित्यमा प्रवेश गरी पुनरावेदन सुनेको जस्तो गरी रिट क्षेत्राधिकारअन्तर्गत प्रमाण बुझ्ने, प्रमाणको मूल्याङ्कन गर्ने गर्नु उचित र रिटसम्बन्धी अवधारणाअनुकूल हुने नदेखिने।

म्याग्दी जिल्ला अदालतबाट मिति २०६५।१।५ मा तहसिलदारबाट तामेलीमा राख्ने आदेश भएकोउपर मुलुकी ऐन, दण्ड सजायको ६१ नं. को हदम्याद गुजारी लामो अवधिपश्चात् प्रस्तुत निवेदन परेको देखिँदा निवेदन मागबमोजिम गर्न मिलेन कानूनबमोजिम गर्नु भन्ने आदेश सदर हुने ठहरी पुनरावेदन अदालत बागलुङबाट मिति २०६९।५।२८ मा भएको आदेश कानूनको प्रत्यक्ष त्रुटि देखिन नआएकोले बदर गरिरहन परेन । लामो समयसम्म उपचार नखोजी चुप लागि बस्नेलाई कानूनले सहयोग गर्न नमिल्ने भन्ने हदम्यादको सिद्धान्तसमेतका आधारमा निवेदन मागदाबीको कि.नं.७०० र ७०२ को जग्गाको लिलामसम्बन्धी प्रक्रियालाई बदर गर्न मिल्ने पनि नदेखिने।

तसर्थ मिति २०६५।१।५ मा तहसिलदारबाट तामेलीमा राख्ने आदेश भएको उपर मुलुकी ऐन, दण्ड सजायको ६१ नं. को हदम्याद गुजारी लामो अवधिपश्चात् प्रस्तुत निवेदन परेको देखिँदा निवेदन मागबमोजिम गर्न मिलेन कानूनबमोजिम गर्नु भन्ने म्याग्दी जिल्ला अदालतबाट भएको आदेश सदर हुने ठहरी पुनरावेदन अदालत बागलुङबाट मिति २०६९।५।२८ मा भएको आदेश मिलेकै देखिँदा सो आदेश बदर गरिपाऊँ भनी परेको रिट निवेदन माग दाबीअनुसार रिट जारी हुन सक्दैन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शोभा पाठक
कम्प्युटर: विपिनकुमार महासेठ
इति संवत् २०७५ साल असोज २२ गते रोज २ शुभम्।

२

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री अनिलकुमार सिन्हा, ०७२-CI-०१६९, बाटो बनाएको जग्गाबाट बाटो हटाई बाटो बनाई गरेको खिचोला छोडाई चलन चलाई पाऊँ, *सोनापति देवी वि. गौर नगरपालिका रौतहट, गौरसमेत*

केही व्यक्तिको समूहले सार्वजनिक हित वा प्रयोजन भन्ने नामाकरण गरेको कारण कुनै पनि व्यक्तिको जग्गामा त्यस्ता जग्गाधनीको सहमतिबिना प्रवेश गर्नु, भत्काउनु वा जबरजस्ती बाटो जस्तो संरचना निर्माण गर्नुलाई संविधान र कानूनले मान्यता दिएको छैन। कानूनले तोकेको निश्चित कार्यविधि पूरा गर्नु सबैको कर्तव्य हो । संविधानअन्तर्गतका सरकार तथा सरकारी कार्यालय, निकाय आदि र वैधानिक रूपमा मान्यताप्राप्त उपभोक्ता समिति वा समूहसमेतले शक्तिको आडमा बलपूर्वक कसैको सम्पत्तिमाथि हस्तक्षेप गर्ने वा त्यस्तो गराउने वातावरण बनाइदिनु कानूनको दृष्टिमा सहजरूपमा स्वीकार्य विषय होइन। कुनै पनि नगरपालिकाले आफ्नो योजना कार्यान्वयन गर्दा कसैको जग्गासमेत पर्ने भएमा संविधानको मूल्य,

मान्यता र भावनाअनुरूप कानूनबमोजिममात्र जग्गा प्राप्त गर्नु आवश्यक हुने।

उपभोक्ताको माग र जनसहभागिताबाट बाटो जस्तो विकास निर्माण कार्य गर्दा पनि कानूनको रीत पुऱ्याउनु पर्ने नै हुँदा जबरजस्ती तथा जग्गाधनीको सहमतिबिना नै जग्गा प्राप्त गर्ने कुरा कानूनी राजमा स्वीकार्य हुँदैन र यस्तो कार्यलाई कसैले पनि प्रोत्साहन दिनु वाञ्छनिय नहुने।

वादीको जग्गाबाट उपभोक्ता व्यक्तिहरूसमेतको पहलमा बाटो खोलिएको भन्ने विषयसँग सम्बन्धित रहेको अवस्थामा नगरपालिका वा यस्को कार्यालय प्रमुखले जग्गा खिचोला गरेको भन्न मिल्ने अवस्था हुँदैन । यसको अर्थ कुनै स्थानीय तह वा त्यसका पदाधिकारी वा अमूक जनप्रतिनिधिको अप्रत्यक्ष संलग्नता वा भूमिकामा कुनै व्यक्तिहरूको समूह खडा गरी त्यसको पहलमा कसैको जग्गा सार्वजनिक हित भन्ने नामाकरण गरी जबरजस्ती प्रवेश गर्न वा केही बनाउन पाउँछ भन्ने अर्थमा लिन हुँदैन । तर प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा जस्को पहलमा बाटो खोलिएको भनिएको हो ती व्यक्तिहरूलाई प्रतिवादी बनाएको अवस्थासमेत नरहेको स्थितिमा प्रस्तुत मुद्दामा वादी दाबीबमोजिम खिचोला ठहर गर्नु कानूनसङ्गत नदेखिने।

फिरादीको कि.नं. ३३८७ को ज.वि. ०-१-७ मध्ये दक्षिणतर्फ अ.०-०-५ भित्र पर्ने गरी विपक्षीले बाटो निर्माण गरेको भनी रौतहट जिल्ला अदालतमा निषेधाज्ञा र पछि अदालतको अपहेलना मुद्दासमेत दर्ता भई निषेधाज्ञाको निवेदन खारेज हुने ठहरी आदेश भई पुनरावेदन अदालतबाट समेत सो आदेश सदर भएको पनि देखिन्छ । यसरी सोही विषयमा निषेधाज्ञाको निवेदनमार्फत तहतह अदालतबाट आदेश भई अन्तिम भएको देखिन्छ भने सडक निर्माणको कार्य सम्पन्न भइसकेको भन्ने उक्त निषेधाज्ञाको आदेशबाट देखिएको र नगरपालिकाको पहलमा सडक निर्माण गरेको कारण यी वादीको जग्गाको क्षतिपूर्ति वा मुआब्जा नपाएको अवस्थामा प्रचलित कानूनबमोजिम छुट्टै कारबाही चलाउन सक्ने नै हुँदा यसै खिचोला मुद्दाबाट प्रमाण बुझी यसो वा त्यसो गर्नु भनी भन्न मिल्ने अवस्था नदेखिने।

तसर्थ, यसै मुद्दाको रोहबाट थप प्रमाण बुझी रहन पर्ने अवस्था देखिन नआएकोले वादी दाबी नपुग्ने ठहर्छ भन्ने मिति २०७१।१२।१ को पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम्।

३

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७४-WO-०२५५, उत्प्रेषण, *गोपाल श्रेष्ठ वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

मिति २०६७।३।१ को राजीनामाको प्रतिलिपि हेर्दा काठमाडौं नगर वडा नं.३ कि.नं.११८ क्षेत्रफल २४६.६० वर्गमिटर जग्गा भनी उल्लेख गरी घर रहेको कुरा कहीँकतै खुलाएको देखिँदैन । म्याद तामेल भएको घर र निवेदकको श्रीमतीले बिक्री गरेको जग्गा एउटै हो भनी भन्न सकेको पनि देखिँदैन । त्यसैगरी चेक अनादर मुद्दामा फैसला कार्यान्वयनको सिलसिलामा काठमाडौं जिल्ला अदालतको तहसिल फाँट नं.३ मा दायर गरेको निवेदनमा निवेदकका छोरा उज्जल श्रेष्ठको नामको बैंक खाता रोक्का रहेकोमा उक्त खाता फुकुवा गरी कि.नं.५९७ को घरजग्गा रोक्का गरिपाऊँ भनी यी निवेदकले मिति २०७४।४।२७ मा निवेदन दिँदा म्याद बेरीत सम्बन्धमा कुनै प्रश्न नउठाई पछि मात्र म्याद बेरीतको भनी प्रश्न उठाएकोलाई निजले सफाहात लिई अदालत प्रवेश गरेको मान्न नमिल्ने।

म्याद मुलुकी ऐन, अदालती बन्दोबस्तको ११० नं. को रीत पुऱ्याई तामेल भएको देखिँदा निवेदकको नामको म्याद बदर गरी पुनः प्रतिउत्तरपत्र दर्ता गरी मुद्दा पुर्पक्ष गर्नुपर्ने अवस्था नदेखिने।

तसर्थ यी निवेदकका नाउँमा जारी भएको ०७३-PC-०१०९ को चेक अनादर मुद्दाको म्याद

निजको घरदैलोमा मुलुकी ऐन, अदालती बन्दोबस्तको ११० नं. को रीत पुर्‍याई टाँस तामेल भइ निजले सुरू म्याद गुजारी प्रतिउत्तरपत्र नलगाई मिति २०७३।१२।२८ मा वादी दाबीबमोजिम साँवा ब्याज भराइ लिन पाउने र निजलाई रू.१००० जरिवाना हुने ठहर्‍याई भएको फैसलालाई बदर गरी निजको प्रतिउत्तरपत्र दर्ता गर्नुपर्ने अवस्था देखिन नआएकोले काठमाडौं जिल्ला अदालतबाट मिति २०७४।५।८ मा भएको आदेश सदर हुने ठहरी उच्च अदालत पाटनबाट मिति २०७४।५।२९ मा भएको आदेश बेरीतको नदेखिँदा बदर गरिरहन परेन रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल असोज २२ गते रोज २ शुभम्।

४

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७२-WO-०७३१, उत्प्रेषण / परमादेश, *मनबहादुर ठकुरीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

जग्गा सट्टाभर्ना दिने भनी निर्णय गरी सार्वजनिक प्रयोजनका लागि बस्ती हटाई सो बस्तीमा रहेका जग्गाधनीहरूको स्वामित्व र भोगसमेत समाप्त गरी हालसम्म सोबापत राज्यले निवेदकहरूलाई जग्गा सट्टा भर्ना दिएको नदेखिँदा नागरिकको सम्पत्ति तथा आवास सम्बन्धमा संविधानद्वारा प्रदत्त मौलिक हकउपर कुनै पनि कारण र आधार देखाएर बन्देज लगाउन नमिल्ने हुँदा उक्त रिट निवेदन खारेज गरिपाऊँ भन्ने लिखित जवाफ तथा प्रत्यर्थीहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार तथा कारणहरूबाट जग्गा सट्टाभर्नाबाट वञ्चित निवेदकहरूलाई जग्गा सट्टाभर्ना उपलब्ध गराउनु पर्ने देखिँदा निवेदनमा माग भएबमोजिम स्थानान्तरण समिति विघटनको समयमा बाँकी रहेको हाल कालिका नगरपालिका चितवनको नाममा मालपोत कार्यालय, चितवनमा दर्ता स्रेस्ता कायम रहेको विभिन्न ६२ कित्ताका २१ विगाह ५ कट्ठा ११.५ धुर जग्गामध्ये हाल निवेदकहरू घर गोठसमेत बनाई बसेका निवेदनमा उल्लिखित पदमपुर ८(क) कि.नं.२११, २२४, २२५, २३७, २३९, ४१७ समेतका कित्ता ६ का जम्मा क्षेत्रफल (१-८-०) एक विगाह आठ कट्ठा जग्गा उक्त विपक्षी साबिक पदमपुर गा.वि.स. (हाल कालिका न.पा.) का नाममा दर्ता गर्ने पदमपुर स्थानान्तरण समितिका पदेन सदस्यहरूको बैठकबाट भएको निर्णय कानूनसम्मत नदेखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने।

तत्कालीन पदमपुर स्थानान्तरण आयोजनाबाट नेपाल सरकारसमक्ष पेस भएको प्रस्तावको प्रस्ताव नं. २(ग)(१) मा उल्लिखित "भिलेज प्रोफाइलमा नाम समावेश भएका तर आफ्नो जग्गा नभई अर्काको नाममा काम गरी बसेकाहरू वा ३ कट्ठासम्म जग्गा भएका परिवारलाई ३ कट्ठासम्म जग्गा दिने" भन्ने प्रस्ताव तथा सोहीबमोजिम नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भई यी निवेदकहरूबाहेक अन्य जग्गाधनीहरूको हकमा सोहीबमोजिम कार्यान्वयन भई आएको अवस्थामा यी निवेदकहरूसमेत उक्त प्रस्ताव नं. २(ग)(१) बमोजिमको वर्गमा परेको देखिएकोले सबै नागरिकलाई कानूनको समान संरक्षण गर्नुपर्ने नेपालको संविधानको धारा १८(१) को संवैधानिक प्रावधानको परिप्रेक्ष्यमा समेत यी निवेदकहरूले प्रति परिवार ३ कट्ठाका दरले जग्गा सट्टा भर्ना पाउने नै देखिन्छ। तसर्थ, उल्लिखित पदमपुर ८(क) कि.नं. २११, २२४, २२५, २३७, २३९ र ४१७ समेतका ६ वटा कित्ताको जम्मा क्षेत्रफल (१-८-०) एक बिगाहा आठ कट्ठा जग्गाबाट प्रतिनिवेदक ३ कट्ठाका दरले जग्गा सट्टा भर्ना दिनू दिलाउनू भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: पाराश्वर कँडेल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल भदौ २७ गते रोज ४ शुभम्।

५

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७३-CR-०८६९, लागु औषध (गाँजा), *कृष्ण विशंखे वि. नेपाल सरकार*

धनकुटाको मुलघाटस्थित प्रहरी चेक पोष्टमा गाडी चेकजाँच गर्ने क्रममा प्रतिवादी सूर्य राईले चलाएर ल्याएको को.१ च ७९३१ नं. को सेतो मारुती भ्यानबाट प्रतिवादीहरूले ल्याएको ९८ के.जी. लागु औषध गाँजा बरामद भएको पाइन्छ । लागु औषध बरामद हुँदा उक्त भ्यानमा प्रतिवादीहरू कृष्ण विशंखे, सन्तोष वि.क., राजेन रोक्का, रोहित मग्राती, परिवर्तित नाम बादल र चालक सूर्य राई रहेका पाइन्छ । प्रतिवादीहरू मन्टु कामत मण्डल र मनिष रायलाई भने कृष्ण विशंखेले पोल गरेको र कृष्ण विशंखेसँग भएको निजहरूको बारम्बारको फोन सम्पर्कबाट निजहरूको समेत वारदातमा संलग्नता रहेको पुष्टि हुन आएको छ । यी ८ जना प्रतिवादीहरू कृष्ण विशंखे, सन्तोष वि.क., राजेन रोक्का, रोहित मग्राती, परिवर्तित नाम बादल, मन्टु कामत मण्डल, मनिष राय र सूर्य राई मिलि छिन्ताङ गा.वि.स. का वडा नं. ४ र ५ का विभिन्न घरहरूबाट लागु औषध गाँजा सङ्कलन गरी ओसारपसार गरी बिक्री वितरण गर्ने गरेको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट देखिन्छ । लागु औषध साथ ६ जना प्रतिवादीहरू पक्राउ परेका, ८ जना प्रतिवादीहरूले विभिन्न स्थानबाट लागु औषध सङ्कलन गरेका र सूर्य राईले गाडी चलाई प्रतिवादीहरूसहित लागु औषध ल्याएको देखियो । उपर्युक्त तथ्यहरूबाट सबै प्रतिवादीहरूको उक्त वारदातमा समान संलग्नता रहेको पुष्टि हुन आउने ।

तसर्थ, लागु औषधको वारदातमा सबै प्रतिवादीहरूको समान संलग्नता रहेको पुष्टि भएको अवस्थामा सुरु फैसला केही उल्टी गरी कृष्ण विशंखेबाहेकका ७ जना प्रतिवादीहरूलाई ३ वर्ष कैद र रू.२५,०००।- जरिवाना हुने र कृष्ण विशंखेको हकमा ७ वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने ठहर गरेको हदसम्म सुरु फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७३।८।२० को फैसलामा समान न्यायिक मनको प्रयोग नभई मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी सुब्बा भन्ने कृष्ण विशंखेलाई अन्य प्रतिवादीहरूसरह लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(क) को कसूरमा ऐ. दफा १४(१)(घ)(५) बमोजिम ३ (तीन) वर्ष कैद र रू.२५,०००।- (पच्चीस हजार रूपैँया) जरिवाना हुने ।

इजलास अधिकृत: विकाश कुमार रजक

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल असोज ४ गते रोज ५ शुभम् ।

इजलास नं. ३

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७२-CR-१९१९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ख्वासलाल यादवसमेत*

जाहेरवाली साबित्री देवी, बुझिएका व्यक्तिहरू र प्रतिवादीहरूले मृतकको मृत्यु झुन्डिएको कारणले भएको भन्ने नै रहेको देखिन्छ भने यी मृतकको बैनीहरू रन्जु देवी र कञ्चन कुमारीले अदालतसमक्ष बकपत्र गर्दा मृतकको गाउँकै केटासँग प्रेमसम्बन्ध रहेको र विवाह सुन्दरपुरको केटासँग तय भएको कारणले मृतकले आफैँ झुन्डिएर आत्महत्या गरेको भन्ने देखिन्छ । शव परीक्षण प्रतिवेदनमा मृतकको घाँटी सुन्निएको र जिब्रो बाहिर निस्केको भन्ने उल्लेख भएबाट झुन्डिएको लक्षण देखिन्छ । मृतकको घाँटीमा Ligature Mark नदेखिएको भनी लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, पासो लगाई झुन्डिएको अवस्थामा तुरून्तै पासो काटिएको अवस्थामा घाँटीमा Ligature Mark नदेखिन पनि सक्ने हुन्छ । यसरी प्रस्तुत मुद्दामा जाहेरवाली, बुझिएका व्यक्तिहरू र प्रतिवादीहरूको बयानबाट मृतकको मृत्यु झुन्डिएको कारणले भएको भन्ने देखिएकोले मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने तथ्य प्रस्ट रूपमा स्थापित हुन सकेको नदेखिने ।

पोस्टमार्टम रिपोर्टमा मृत्युको कारण Blunt Injury Over Head, Face and Chest भन्ने उल्लेख भए पनि घटनाको अनुसन्धानको सिलसिलामा संकलित प्रमाणहरूमा कुनै पनि शङ्कास्पद स्थिति नदेखिएको, प्रतिवादीहरूले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइबी थियो भन्ने कुरा अनुसन्धानको क्रममा कहीँकतै केही पनि नदेखिएको अवस्थामा कुटपिटसम्मको वारदातको प्रकृति र पोस्टमार्टम रिपोर्टबिचको तादात्म्यता देखिँदैन। विवाहको मिति तय भई सम्पूर्ण तयारी सकिसकेको छोरीलाई झुन्डिएको अवस्थामा देखी प्रतिवादीहरूले मृतकलाई बाँच्छ कि भनी प्रयासस्वरूप मृतकको घाँटीमा रहेको पासो काटी नजिकको अस्पतालमा उपचारार्थ लैजाने कार्यलाई अपराध भन्न मिल्ने देखिएन। त्यति नै कारणले मात्र निज प्रतिवादीहरूलाई कर्तव्य ज्यानजस्तो गम्भीर अभियोगमा दोषी रहेछन् भनी बिनासबुद प्रमाण ठहर गर्न मिल्ने नदेखिने।

अतः उपर्युक्त आधार, कारण र प्रमाणका आधारमा मृतक सुनैना कुमारीको मृत्यु झुन्डिई आत्महत्याबाटै भएको देखिएको र ज्यानसम्बन्धी महलको ४ नं. बमोजिमको रीत नपुर्‍याई लास गाडेकोले प्रतिवादीहरूको कार्य कानूनअनुरूपको नहुँदा लक्ष्मण यादवबाहेकका अन्य प्रतिवादीहरूलाई जनही रू.१०।- जरिवाना भई आरोपित कसूरबाट सफाइ पाउने र प्रतिवादी लक्ष्मण यादवले दाबीबमोजिमको सबै कसूरबाट सफाइ पाउने गरी महोत्तरी जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७२।०३।०२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: नविन आचार्य

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल पुस २० गते रोज १ शुभम्।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७३-CR-१०९२, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. विमल बुढासमेत*

मिति २०७०।५।७ गते अं.२०:३० बजेको समयमा जिल्ला दाङ, विजौरी बस्ने चुडामणी वि.क.लाई मैनबत्ती ल्याउन भनी नजिकको पसलमा जान लागेको अवस्थामा ऐ.ऐ. बस्ने अनन्त रावत, कमल भन्ने विमल बुढा मगरसमेतले एक्कासी टाउको, ढाड, शरीरमा अन्धाधुन्द प्रहार गरी मरणासन्न हुने गरी सक्त घाइते बनाएकोले निजहरूउपर कारबाही गरिपाऊँ भन्ने जाहेरी दरखास्त र उक्त कुरालाई समर्थन गर्ने गरी जाहेरवालीले अदालतमा आई बकपत्र गरिदिएको देखिन आयो। यस घटनाका प्रत्यक्षदर्शी रहेका क्षेत्रबहादुर बोहराले अनुसन्धान अधिकारीसमक्ष प्रतिवादी कमल भन्ने बिमल बुढाले एक्कासी चुडामणी वि.क.लाई बाँसको लाठीले टाउकोमा हिर्कायो भने अन्य ३/४ जनाले मुड्की र लात्तीले हानी बेहोस बनाएका हुन् भनी साथै पीडित चुडामणि वि.क.ले समेत सोही मिलानको बेहोरा लेखाएको पाइने।

उक्त वारदातमा यी प्रतिवादीहरूको संलग्नता थियो भन्ने कुरा प्रमाणित गर्न पीडित, घटना विवरण कागज गर्ने, मौकामा कागज गर्ने व्यक्तिहरूलाई अदालतसमक्ष उपस्थित गराई आफ्नो बेहोरालाई प्रमाणित गराउन सकेको नदेखिँदा यी प्रतिवादीले योजना बनाई तयारीका साथ ज्यानै मार्ने नियतले प्रहार गरेको भन्ने वादी पक्षको उपरोक्त जिकिर प्रमाणित हुन नआउने।

ज्यान मार्ने उद्योग मुद्दामा ज्यान मार्नु पर्नेसम्मको पूर्वरिसइबी र ज्यान मार्ने कार्य गरिसकेको तर ज्यान मर्न नपाएको स्थिति महत्त्वपूर्ण हुन्छ। वादी पक्षका गबाह/जाहेरवाला र पीडितको बकपत्रमा निजहरू र प्रतिवादीबिच ज्यानै मार्नु पर्नेसम्मको पूर्वरिसइबी रहेको भन्ने खुलेको अवस्था छैन। वारदातको समयमा कुनै वादविवाद भई झगडा भएकोले सोही जरियाबाट वारदात हुन गएको भन्नेसमेत देखिँदैन। यस स्थितिमा ज्यानै मार्नेसम्मको पूर्वरिसइबी तथा कुनै कारणले योजनाबद्ध तवरले हातहतियार लिई वारदातस्थलमा गई वारदात घटाएको भन्न सकिने अवस्था नदेखिने।

वारदातमा पीडितलाई लागेका घाउचोट हेर्दा

घाउजाँच केश फारामबाट निजको स्थिति मर्नेसम्मको भन्ने देखिँदैन । घा-जाँच केश फाराममा whether fatal or not महलमा Fatal भन्ने उल्लेख भए तापनि निज पीडित हाल पूर्णरूपमा निको भई वैदेशिक रोजगारमा गएको भन्ने देखिन्छ । यसबाट पीडितलाई लागेका घाउचोटको स्थिति मर्नेसम्म स्थितिको भन्न मिल्ने देखिन नआउने ।

जसबाट मुख्य रूपमा ज्यान मार्ने उद्योगको वारदात स्थापित हुनका लागि आपराधिक मनसाय, मर्नेसम्मको कार्य र कुनै कारणले ज्यान मर्न नपाएको स्थितिको विद्यमानता हुनुपर्ने देखिन्छ । प्रस्तुत वारदात मितिमा यी प्रतिवादीहरूले कुटपिटसम्मको वारदात गरेको देखिएको तर निजहरूले ज्यानै मार्नेसम्मको उद्देश्यले योजनाबद्ध रूपमा मार्ने मनसायका साथ यी पीडितलाई प्रहार गरी ज्यान मार्ने उद्योगको कसूर गरेको भन्न मिल्ने देखिन नआउने ।

यसरी विवेचित उपर्युक्त स्थितिमा प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिमको ज्यान मार्ने उद्योगसम्मको कसूर स्थापित हुन नसकी कुटपिटसम्मको कसूर गरेको भन्ने देखिने ।

तसर्थ, उपरोक्त विवेचित आधार र कारणबाट मार्नु पर्नेसम्मको पूर्वरिसइबी रहे भएको नदेखिएको, मर्न सक्नेसम्मको घाउचोटको अभाव रहेको र कुटपिटसम्म भएको देखिएकाले प्रतिवादीहरूले पूर्ण रूपमा सफाइ पाउने गरी भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत तुलसीपुर, दाङबाट मिति २०७२।७।२२ मा भएको फैसला नमिलेकोले केही उल्टी भई प्रस्तुत वारदातको सम्बन्धमा कुटपिटतर्फ साबिक सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला व्यक्तिहरूलाई सूचना दिई झिकाई सकार गरेमा वादी पक्ष कायम गरी कारबाही किनारा हुने ।

इजलास अधिकृत: नविन आचार्य

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल पुस २० गते रोज १ शुभम् ।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७५-CR-०८९४, कर्तव्य ज्यान, *नेपाल सरकार व. मोक्तार मियासमेत*

बुझिएका व्यक्तिहरूले प्रतिवादी भगवानलाल चौधरी, रामनाथ चौधरी, विकाउ महतो, मोक्तार मिया, रामबाबु चौधरी र सरोजकुमार चौधरीसमेतले हिरा राउत कुर्मीलाई बोलाउँदै थिए । यिनिहरूले नै हिरा राउतलाई घरबाट बोलाई लगी कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भन्नेसमेत बेहोरा लेखाएको पाइन्छ । मौकामा पक्राउ परेका प्रतिवादीहरूमध्येका रामबाबु चौधरी र सरोजकुमार चौधरीले अनुसन्धानको क्रममा आफूहरू कसूरमा इन्कार रहँदै यी प्रतिवादीहरू भगवानलाल चौधरी, रामनाथ चौधरी, मोक्तार मियासमेत भई वारदात मितिभन्दा केही दिन अगाडि मलंगवा बसपार्क नजिक बसी हिरालाल राउत कुर्मीलाई मार्नेसम्मको योजना बनाएका थिए तर आफूहरू भने वारदातस्थलमा नगएको भनी प्रतिवादीहरूलाई पोल गरेको तर अदालतसमक्ष बयान गर्दा प्रहरीमा गरेको बयानलाई खण्डन गरी पूर्णतया इन्कार रहेको पाइन्छ । यी प्रतिवादीहरूले मार्ने कार्यमा के-के कार्य गरेका थिए भनी उल्लेख गर्न सकेको अवस्थासमेत देखिएन । यसरी पोल र जाहेरीकै आधारमा कसूरदार ठहर गरी कारबाही गर्ने हो भने वारदातमा संलग्न नै नभएका व्यक्तिहरूलाई पनि झुट्टा पोल गर्ने सम्भावना रहने हुनाले केवल पोल गरेको भनाइकै आधारमा मात्र न्याय निरूपण गर्दा निर्दोष व्यक्ति पनि सजाय भागी हुनसक्ने सम्भावना रहने हुन जाने ।

प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा वारदात मितिमा वारदातस्थलमा नभई अन्यत्र रहेको भनी अभियोग दाबीको कसूरमा इन्कार रही बयान गरेको देखिन आयो । उक्त इन्कारी बयानलाई समर्थन हुने गरी निज प्रतिवादीहरूका साक्षीहरूले अदालतसमक्ष उपस्थित भई बकपत्र गरेको देखिन्छ । वादी पक्षले उक्त कुरालाई अन्यथा भनी कुनै आधार प्रमाण पेस गर्न सकेको नदेखिने ।

प्रतिवादीहरूउपर आरोपित कसूरलाई पुष्टि गर्ने विश्वासनीय आधार र प्रमाण वादी पक्षले पेस गर्न नसकेकोले केवल जाहेरी र पोलका आधारमा मात्र यी प्रतिवादीहरूलाई कसूरदार ठहर गर्न मिल्ने नदेखिने।

अतः उपर्युक्त आधार, कारण र जाहेरवालीको अपुष्ट आरोप र सहअभियुक्तहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको पोलको आधारमा प्रतिवादीहरूलाई कसूरदार ठहराउन न्यायोचित नहुने हुँदा सुरू जिल्ला अदालतले प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ दिने गरेको दुवै फैसलाहरू सदर हुने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६७।१।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: नविन आचार्य

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल पुस २० गते रोज १ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७१-RC-००६८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामदुलार मण्डलसमेत*

सीतादेवीले अदालतमा आई बयान गर्दा आफूहरूले वारदात गराएको तथा आफूहरूबिच अवैध सम्बन्ध रहेको कुरामा पूर्णतया इन्कार रही बयान गरेको देखियो । यद्यपि प्रतिवादीको यस जिकिरलाई अन्य स्वतन्त्र प्रमाणले पुष्टि गर्न सकेको देखिएन । जाहेरवाला बौएलाल मण्डलले आफ्ना ज्वाइँ तथा प्रतिवादी रामदुलार मण्डलले थोरै दाइजो ल्याएको भनी रंजितालाई यातना दिने गरेको, निजले आफ्नै भाउजू सीतादेवीसँग अनैतिक सम्बन्ध राख्दै आएकामा निजकी पत्नी मेरी छोरीले सोको विरोध गर्दा सीतादेवीसमेत मिली मेरी छोरी रंजिताकुमारीको हत्या गरेका हुन् भनी जाहेरी दिएको देखियो । घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्काबाट रंजिताकुमारीको शव खाल्डोबाट बरामद भएको, शरीरमा निलडाम देखिएको, घाँटीको पूरै भाग हल्लिने भन्ने उल्लेख भई कुटपिटका चिह्नहरू देखिन आए भने शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Asphyxial death due to throttling भन्ने उल्लेख भएको पाइयो। शव नजिकैबाट कोदालो बरामद हुनु, बुझिएका मानिसहरूले अनैतिक सम्बन्ध लुकाउन रामदुलार र सीतादेवीले रंजिताकुमारीको हत्या गरेका हुन् भनी मौकामा लेखाउनु तथा सोही बेहोरा अदालतमा भएको बकपत्रमा पनि उल्लेख गर्नु जस्ता परिस्थितिजन्य स्वतन्त्र प्रमाणहरूले प्रतिवादीको जिकिरलाई समर्थन नगरी यिनै प्रतिवादी सीतादेवीसमेतले रंजिताकुमारीको हत्या गरेको भन्ने कुरालाई पुष्टि गरेको देखिन आउने।

प्रतिवादी सीतादेवी मण्डलले राम दुलार मण्डल र मेराबिच अनैतिक सम्बन्ध भएको भनी लेखाएको बेहोरा सत्य होइन। वारदातमा मेरो संलग्नता छैन भन्ने जिकिर लिए पनि अर्का प्रतिवादी रामदुलार मण्डलले आफूसँग श्रीमती रंजिताकुमारी सुते नसुतेको थाहा भएन भनी तर्कहीन जवाफ दिनु, सँगै रहेकी श्रीमतीको खोजतलास नगर्नु, वारदातको दिन दुवै प्रतिवादी सोही स्थानमा नै रहनु, प्रतिवादीहरूले मौकामा अलग-अलग बयान गर्दा पनि रंजितालाई सीतादेवीकै कोठामा कुटपिट गरेको, सीतादेवी आफैँले रंजिताको घाँटी थिचेको, पेट तथा छातीमा बसेको, दुवैजना भई रंजितालाई मारी लक्ष्मण मण्डलको खेतमा लगी खाल्डो खनी पुरेको भनी आपसमा मेल खाने बयान गर्नुलगायतका तथ्यहरूले यी प्रतिवादी सीतादेवी मण्डल आफ्नी देवरानी रंजिताकुमारी देवी मण्डलको हत्यामा संलग्न रहेको भन्ने कुरा सप्रमाण पुष्टि हुन आउने।

अत: विवेचित तथ्य एवम् प्रमाणसमेतका आधारमा रंजिताकुमारी देवी मण्डलको घाँटी थिची कर्तव्य गरी हत्या गरिएको घटनामा यी प्रतिवादी सीतादेवी मण्डल संलग्न रहेको कुरा पुष्टि हुन आएकोले साधक जाँचका निम्ति यस अदालतमा पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादी सीतादेवी मण्डललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसूरमा ऐजन १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर्‍याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।९।२४

मा भएको फैसला मिलेकै देखिँदा प्रस्तुत मुद्दामा पेस हुन आएको साधकसमेत सदर हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

इति संवत् २०७५ साल फागुन २८ गते रोज ३ शुभम्।

५

मा.न्या. दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७३-CI-१७१०, घर भत्काई खिचोला मेटाई चलन चलाई पाऊँ, *सूर्यमती गिरी वि. शमशेर सुपकसमेत*

नक्सा मुचुल्काको न.नं. २ मा प्रतिवादी शमशेर सुपकले भोगचलन गरी आएको कम्पाउन्डसहितको आँगन जग्गा भन्नेसमेत उल्लेख भएको र न.नं. ३ मा प्रतिवादी शमशेर सुपकले भोगचलन गरी आएको उत्तर मुखको पक्की घर भन्ने उल्लेख भएको देखिएबाट न.नं. ३ मा भएको प्रतिवादी शमशेर सुपकले भोगचलन गरेको उत्तर मुखको पक्की घरको आँगन न.नं. २ भन्ने नै देखिन आयो। उक्त न.नं. २ को जग्गामा कम्पाउन्ड लगाइएको भन्ने उल्लेख भएको साथै न.नं. ३ को घरको मुख नै उत्तर भएकोले उक्त न.नं. २ को आँगन न.नं. ३ को घरको लागि निकास रहेकोसमेत देखिन आउँछ। यस अवस्थामा उक्त न.नं. २ को आँगनलाई न.नं. ३ को घरको पृथक हो भन्न मिल्ने अवस्था देखिँदैन भने न.नं. ३ को पक्की घरसँगै न.नं. २ को कम्पाउन्ड लगाएको देखिँदा उक्त कम्पाउन्ड न.नं. ३ को घरको परिधिभित्र पर्ने नभई पृथक हो भनी मान्न नसकिने।

मिसिल संलग्न वादी सुदामा कलवार र प्रतिवादी यिनै प्रतिवादी शमशेर सुपक भएको २०६६ सालको दे.नं.७८४(६८-०६५-००६८९) को बहाल दिलाई घर खाली गराई चलन चलाई पाउँ भन्ने मुद्दा अन्तिम भइसकेको पाइयो र उक्त मुद्दामा भएको नाप नक्सा मुचुल्काको न.नं. ५ र ६ मा प्रतिवादी शमशेर सुपकले भोगचलन गरी आएको उत्तर मुखको घरहरू भनी मिति २०६७।५।४ मा भएको नापनक्सा मुचुल्कामा उल्लेख भएको देखिन्छ उक्त घरहरू यसै मुद्दाका विवादित घरहरू भएको देखिएको छ। साथै मिसिल संलग्न शमशेर सुपकले आ.व. २०५९/०६० मा विद्युत् महसुल बुझाएको विद्युत् महसुल कार्डको प्रतिलिपिबाट समेत देखिएको छ। मिति २०७०।४।११ को नक्सा मुचुल्काका व्यक्तिहरूले यी घरहरू प्रतिवादी शमशेर सुपकले विगत ३५ वर्षअघि नै बनाई भोगचलन गर्दै आउनु भएको भनी आफ्नो बेहोरा लेखाएको लगायतका आधार र प्रमाणबाट विवादित घरहरू नयाँ भन्ने नदेखिई पुरानै देखिन आउने। प्रस्तुत मुद्दाका वादीले आफ्नो हक प्राप्तिको लागि नाप नक्सा भएको उक्त मिति २०६७।५।४ गतेले १ वर्षको हदम्यादभित्र अदालत प्रवेश नगरी प्रस्तुत मुद्दा निजले मिति २०६८।८।४ मा मात्र दायर गरेको देखिन आएकोले मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. बमोजिम विवादित न.नं. ६ को घर निर्माण भएको १ वर्षभित्र र जग्गा मिच्नेको १८ नं. बमोजिम न.नं.२ को कम्पाउन्ड निर्माण भएको मितिले ६ महिनाभित्र वादीले नालेस दिएकोसमेत नदेखिने।

प्रस्तुत मुद्दामा ने.का.प. २०५५, अङ्क ५, नि.नं. ६५४३ मा प्रतिपादित सिद्धान्त सान्दर्भिक हुने नै देखिन आयो। यस अवस्थामा उक्त विवादित घर र उक्त घरले चर्चेको चिरकालदेखि भोगी आएको जग्गासमेत निज प्रतिवादीको हुनेमा विवाद देखिएन। वादी दाबी खारेज हुने ठहऱ्याई भएको जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मानिरहन सकिएन। वादीको पुनरावेदन तथा निजतर्फका विद्वान् बरिष्ठ अधिवक्ताको बहस जिकिर र यस अदालतबाट दोहोऱ्याई पाउने निस्सा प्रदान गर्दा लिइएका आधार र कारणहरूसँग समेत सहमत हुन नसकिने।

अतः उल्लिखित आधार, कारण, नजिर र कानूनी व्यवस्थाका आधारमा मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. र जग्गा मिच्नेको १८ नं. को हदम्यादभित्रमा वादीले फिराद गरेको नदेखिँदा हदम्यादको आधारमा फिराद दाबी खारेज गर्ने जिल्ला अदालतको फैसला सदर हुने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।०८।२९ मा भएको फैसला

मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: नविन आचार्य

इति संवत् २०७६ साल कात्तिक २१ गते रोज ५ शुभम्।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७३-CR-०३०८, लागु औषध नाइट्रोसन, *नेपाल सरकार वि. सफल वि.क.समेत*

प्रतिवादीहरू सफल वि.क. र रोहित ओलीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफूहरू लागु औषध दुर्व्यसनी भएको र रकम अभावको कारणले आफूहरूले कारोबार गर्ने योजना सल्लाह गरी रू.३,०००।- का दरले उठाई प्रतिवादी भोलारामलाई लागु औषध खरिद गर्न पठाएको र निजले मिति २०७१।१२।३ मा तालचोकमा बोलाएकाले त्यहाँ गई लागु औषध लिने क्रममा प्रहरीले पक्राउ गरेको हो भनी उल्लेख गरेको देखिने।

प्रतिवादीहरू लागु औषध दुर्व्यसनी भएको भन्ने तथ्यमा कुनै विवाद रहेन। प्रतिवादी भोलारामले ल्याएको लागु औषधमध्ये १०० चक्की सुशिल वि.क. लाई बिक्री गरेको र बाँकी ६०० चक्की यी प्रतिवादीहरू रोहित ओली र सफल वि.क.लाई बिक्री गर्ने क्रममा पक्राउ गरियो। तर, प्रतिवादीहरू रोहित ओली र सफल वि.क. विरूद्ध लिएको कारोबारको जिकिरको सन्दर्भमा भने यी प्रतिवादीहरूले कुन मितिमा, को व्यक्ति वा व्यक्तिहरूलाई कति परिणाम, कति रूपैयाँमा बिक्री वितरण गरेको हो सो विषय ठोस प्रमाणका आधारमा उल्लेखसमेत नगरी साथबाट बरामद भएको अवस्था मात्र देखियो । यस्तो अवस्थामा साथबाट बरामद भएको तथ्यले मात्र कारोबार गरेको पूर्ण रूपमा स्थापित हुँदैन र केवल अभियोगलाई आधारमा लिई कसूर स्थापित गर्नु न्यायोचित हुँदैन। कारोबार गरिनसकेको तर प्रतिवादीमध्येका भोलारामलाई कारोबार गर्न सहयोगसम्म गरेको प्रतिवादीहरूको बयानसमेतका मिसिल संलग्न अन्य कागजातहरूबाट देखिने।

सवारी जफततर्फको दाबीमा मोटरसाइकल धनि प्रतिवादी सफल वि.क.को आमा देवी वि.क. रहेको तथ्यमा कुनै सन्देह भएन । निज देवी वि.क. घरमा नरहेको अवस्थामा, निजको जानकारी बेगर प्रतिवादी सफल वि.क.ले मोटरसाइकल लगेको हो भन्ने देवी वि.क.को जिकिरलाई वादी पक्षले अन्यथा स्थापित गर्दै लागु औषध ओसारपसार कार्यमा संलग्नता रहेको देखाउन सकेको नदेखिने।

कारोबार नगरेको अवस्थामा लागु औषध साथबाट बरामद गरेको कारणले मात्र कारोबार गरी कसूरदार हो भनी ठहऱ्याउन न्यायोचित हुँदैन । तसर्थ, कारोबारको कसूरबाट सफाइ दिई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम अपराध गर्न षडयन्त्र तथा दुरूत्साहन गरी मतियार भएको देखिँदा कसूरको उद्योगतर्फ सजाय दिएको पुनरावेदन अदालत पोखराको फैसला मिलेको देखिने।

अतः प्रतिवादी सफल वि.क. र प्रतिवादी रोहित ओलीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम सजाय गर्नुपर्नेमा उक्त ऐनको दफा १४(१)(झ) बमोजिम सजाय हुने ठहरेको सुरू कास्की जिल्ला अदालतको मिति २०७२।६।११ को फैसला मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी गरी प्रतिवादी रोहित ओली र प्रतिवादी सफल वि.क. लाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम जनही १(एक) वर्ष कैद र रू.५०,०००।- (पचास हजार रूपैयाँ) का दरले जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको मिति २०७३।०२।०८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हिरा डंगोल / अनुजा शर्मा

इति संवत् २०७५ साल भदौ ६ गते रोज ४ शुभम्।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा, ०७३-CR-०९५३, ठगी, *प्रदिप भन्ने पृथीबहादुर घर्ती क्षेत्री वि. नेपाल सरकार*

जाहेरीमा उल्लिखित रकम प्रतिवादीले जाहेरवालालाई ३ वटा चेकमार्फत जम्मा रू.८,२३,१४०।- काटिदिएको कुरामा जाहेरवाला र प्रतिवादीबिच मुख मिलेको देखिन्छ । प्रतिवादीले

जाहेरवालाको नाममा मिति २०७०।२।११ गते रू.२,००,००० मिति २०७०।२।२३ गते रू.३,००,०००।- र मिति २०७०।३।११ गते रू.३,२३,१४०।– को चेक जाहेरवाला पदमबहादुर शाहीको नाममा काटेको र सो तिनवटै चेक साट्न जाँदा बैंक खातामा रकम नरहेको भनी बैंकले प्रमाणित गरेको देखिन्छ । यसबाट प्रतिवादीले जाहेरवालालाई रकम दिनु पर्ने भई चेक दिएको तथ्य स्थापित भएको छ । प्रतिवादी विरूद्ध जाहेरवालाले लगाएको ठगीको आरोपसम्बन्धी पृष्ठभूमि हेर्दा, जाहेरवाला पदमबहादुर शाही र प्रतिवादी पृथीबहादुर घर्ती क्षेत्री दुवैजना जग्गाका साझेदार कारोबारी रहेको देखिन्छ । दुवैको सहमतीले २०६७ साल भाद्रमा सुर्खेतको उत्तरगंगा गा.वि.स.वडा नं. ४ मा रहेको अस्थायी पुर्जा भएको ८ कठ्ठा जग्गा रू.१६,००,०००।– (सोह्र लाख रूपैयाँ) मा खरिद गरेको पनि देखिन्छ । जाहेरवालाले जग्गाको स्थायी पुर्जा नबन्ने देखेपछि जग्गा तपाइँकै नाममा राख्नुहोस्, भोग पनि तपाइँ नै गर्नुहोस् मलाई लगानीमा केही फाइदा जोडी रूपैयाँ फिर्ता दिनुहोस् भनी मागेको देखिन्छ । उक्त कुरामा प्रतिवादी सहमत भई जाहेरवालाको लगानी माथि उल्लिखित चेकमार्फत दिएको देखिन्छ । प्रतिवादीले नगद रूपैयाँ जाहेरवालासँगै जग्गामा हालेको र उक्त जग्गा बिक्री नभएको अवस्थामा जाहेरवालालाई फिर्ता दिने नगद पैसा प्रतिवादीसँग नभई जाहेरवालाकै करवलमा प्रतिवादीले निजलाई फरकफरक मितिमा तीनवटा चेक काटी दिएको देखिन्छ । जग्गाको कारोबार दुवैले संयुक्त लगानीमा गरेअनुसार नै जाहेरवालाको श्रीमतीको नाउँमासमेत संयुक्त लगानीबाट खरिद गरेको जग्गा रहेबाट प्रतिवादीले जाहेरवालालाई ठग्ने नियत रहे भएको भन्न मिल्ने नदेखिने ।

चेक काटेर दिँदा चेक काट्ने व्यक्तिको बैंक खातामा रकम नभएर चेक धारकले रकम पाउन नसकी चेक अनादार भएमा उक्त कार्य ठगीको परिभाषाभित्र पर्न नआई त्यस्तो कार्य लेनदेनसरहको विनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा १०७(क) को दायराभित्र पर्छ । उक्त कानूनी व्यवस्थाअनुसार चेक अनादर भएको कुरा पुष्टि हुन आएमा त्यस्तो रकम लेनदेनसरह भराउन पर्ने कानूनी व्यवस्था रहेको छ । अतः प्रस्तुत मुद्दामा पनि प्रतिवादीले जाहेरवालालाई काटेर दिएको बैंकको तीनवटा चेकको रकमलाई लेनदेनको रूपमा जाहेरवालालाई भराई दिनु पर्नेमा अभियोग दाबीबमोजिम ठगीको १ न. विपरीतको कसूरमा सोही महलको ४ नं. बमोजिम सजाय गर्ने गरेको सुरु सुर्खेत जिल्ला अदालतको मिति २०७२।०२।१८ को फैसला उल्टी गरेको सो हदसम्म पुनरावेदन अदालत सुर्खेतले गरेको फैसला मिलेकै देखिने ।

प्रस्तुत मुद्दामा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा मात्र वादी पक्ष कायम गरी कारबाही गर्नुपर्नेमा सो नगरी प्रस्तुत ठगी मुद्दाबाट नै जाहेरवालाले प्रतिवादीबाट साँवा ब्याज रकम भराई पाउने ठहर गरेको हुँदा सो हदसम्म पुनरावेदन अदालत सुर्खेतको फैसला उल्टी हुने ।

तसर्थ उपरोक्त विवेचित आधार कारणबाट सुरू सुर्खेत जिल्ला अदालतबाट प्रतिवादीलाई ठगीको १ नं. को कसूरमा निजलाई सोही महलको दफा ४ नं. बमोजिम ४ (चार) महिना कैद, बिगोबमोजिम रू.८,२३,१४०।- जरिवाना र जाहेरवालाले प्रतिवादीबाट बिगोसमेत भराई पाउने ठहऱ्याई गरेको फैसला पुनरावेदन अदालत सुर्खेतले उल्टी गर्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला व्यक्तिलाई झिकाई सकार गरेमा वादी पक्ष कायम गरी कारबाही गर्नुपर्नेमा सो नगरी प्रस्तुत ठगी मुद्दाबाट नै जाहेरवालाले प्रतिवादीबाट साँवा ब्याज रकम भराई पाउने ठहर गरेको पुनरावेदन अदालत सुर्खेतको फैसला सो हदसम्म नमिलेकोले उल्टी हुने ।

इजलास अधिकृतः नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत २०७६ साल भदौ १९ गते रोज ५ शुभम् ।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी, ०७५-CR-१३०४, कर्तव्य ज्यान, *श्याम श्रेष्ठ वि. नेपाल सरकार*

मृतकलाई कर्तव्य गरी मारेको वारदातमा प्रतिवादीको संलग्नतालाई हेर्दा प्रतिवादीलाई किटान गरी दिइएको जाहेरी दरखास्त तथा सोही बेहोराको जाहेरवालाको बकपत्र बेहोरा रहेको छ । प्रतिवादीको कसूरमा साबित रही मृतकले गाली गलौज गरेको हुँदा निजलाई कुटपिट गरेको र त्यसपछि मृतकको मृत्यु भएको भनी अदालतमा समेत बयान गर्दा बेहोरा खुलाएको देखिन्छ भने वादी पक्षबाट पेस हुन आएका साक्षीहरूसमेतले प्रतिवादीकै कर्तव्यबाट मृतकको मृत्यु भएको भनी लेखाइदिएको देखिन्छ । प्रतिवादी र मृतक केही समयदेखि सँगै बस्दै आएको र वारदातको दिनसमेत मृतकको कोठामा दुवै सँगै रहेको र मृतकलाई कुटपिट गरिसकेपछि निजको मृत्यु भएको हुँदा प्रतिवादी त्यहाँबाट फरार भएको भन्ने घटना वारदात खुली आएको र मृतकको शरीरमा देखिएका घा चोटहरू प्रतिवादीले बयानमा खुलाए जस्तो निजले कुटपिट गर्दा भएका चोटहरू रहेको देखिन आएको हुँदा मृतक अन्जना थापाको मृत्यु प्रतिवादीकै कुटपिटका कारणले भएको देखिने ।

मृतकको Autopsy Report मा Cause of Death मा Undetermined रहे भएको र मृतक अन्जना थापालाई प्रतिवादीले छाडेका चोटका कारण निजको मृत्यु भएको भन्ने नदेखिएको र घटना वारदातमा प्रतिवादीको आपराधिक मनसाय र आपराधिक कार्य पुष्टि हुन नसकेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरका सम्बन्धमा विवेचना गरी हेर्दा मृतक अन्जना थापा र प्रतिवादी सँगै बस्दै आइरहेको र केही समयदेखि मृतकको व्यवहारमा परिवर्तन आएको र निजले प्रतिवादीलाई गाली गलौज गर्दै आएकी र वारदातका दिनमा पनि दिउसो फोनमा प्रतिवादीलाई गाली गलौज गरेको र साँझ कोठामा समेत गाली गलौज गरेपछि प्रतिवादीले रिसमा मृतकको टाउको तथा कञ्चटमा हातले हिर्काएको, त्यसपछि निज भुइँमा ढली चल्न छाडेकोले उठाएर खाटमा सुताएको र खाटमा समेत उठ्ने चल्ने नगरेपछि मृत्यु भएको भन्ने थाहा पाएर त्यहाँबाट भागेर गएको भन्ने प्रतिवादीको बयान बेहोरालाई हेर्दा प्रतिवादीले हानेर भुइँमा ढलेपछि नै मृतक उठ्न चल्न छाडेको र खाटमा सुताएपछि पनि उठ्ने चल्ने नगरेको र सोही अवस्थामा मृत्यु भएको भन्ने प्रतिवादी स्वयम्ले खुलाएको तथ्यले देखाएको छ ।

त्यसैगरी Cause of Death Undetermined देखिनुले मात्र प्रतिवादीले जिकिर लिएजस्तो प्रतिवादीको निर्दोषिता पुष्टि गरेको अवस्था छैन । कर्तव्य ज्यानको वारदातमा मृत्युको कारण पहिचान हुनु महत्त्वपूर्ण रहेको हुन्छ । तथापि अन्य आधार प्रमाणले कसूर पुष्टि हुन आएको अवस्थामा मृत्युको कारण नखुलेको भनी कर्तव्य गरी मारेको निष्कर्षमै पुग्न नसिकने भने होइन । शव परीक्षण प्रतिवेदनले मृतकको शरीरमा घा चोट लागेको अवस्था देखाउँछ भने मृत्युको कारण नखुल्दा पनि अन्य आधार प्रमाणबाट कर्तव्य गरेको देखिई प्रतिवादीको कसूर पुष्टि हुन सक्तछ । मृतकसँग झगडा हुँदा कुटपिट गरेको र प्रतिवादीको कुटपिटका कारण मृतकको मृत्यु हुन पुगेको हुँदा आपराधिक कार्य प्रस्ट नै छ । त्यसैगरी आपराधिक कार्यबाट नै मनसाय तत्त्व देखिने हुँदा प्रतिवादीमा मनसाय तत्त्व रहेको थिएन भनी मान्न सकिने अवस्था देखिँदैन । प्रतिवादीले प्रहार गर्दा मृतक मर्नसमेत सक्ने भन्ने कुराको जानकारी प्रतिवादीमा थिएन भनी मान्न सकिने अवस्था नरहेको हुँदा प्रतिवादीमा आपराधिक मनसाय थिएन भनी लिएको प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीले पूर्वरिसइबी राखेको र सोही रिसइबी साँध्न तथा पूर्वयोजना बनाई मृतकको ज्यान लिएको भन्ने नदेखिएको भए तापनि प्रतिवादीकै कार्यबाट मृतक अन्जना थापाको मृत्यु हुन पुगेको कुरामा अन्यथा नदेखिएको हुँदा प्रतिवादीले अभियोग दाबीबमोजिमको कसूर गरेको पुष्टि हुन आएको

छ । अतः प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी सुरू भक्तपुर जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी भएको उच्च अदालत पाटनको मिति २०७५।३।४ को फैसला सदर हुने ।

यद्यपि कसूर गर्दाको समग्र परिस्थितिको विवेचना गर्दा प्रतिवादिले अनुसन्धानको क्रममा र अदालतमा समेत बयान गर्दा घटना वारदातको सत्य तथ्य उजागर गरी न्याय सम्पादनमा सघाउ पुऱ्याएको, प्रतिवादी मृतकसँग सँगै बस्दै आइरहेको अवस्था रहेको र मृतकलाई मार्नु पर्नेसम्मको कारण तथा पूर्वरिसइबी पुष्टि हुन नसकेको, पूर्वरिसइबी राखी तथा पूर्वयोजना बनाई मृतकको ज्यान लिएको भन्ने नदेखिएको, मृतकले गाली गलौज गर्दा निजसँग झगडा हुँदा निजलाई कुटपिट गरेको भन्ने देखिएको र मृतकको मृत्यु तत्कालको झगडामा कुटपिट गर्दा हुन पुगेको अवस्था देखिएको हुँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएको हुँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुन उच्च अदालत पाटनबाट व्यक्त भएको रायसमेत सदर हुने ।

इजलास अधिकृत: महेन्द्रप्रसाद पौड्याल

इति सवंत् २०७६ साल भदौ ८ गते रोज १ शुभम् ।

९

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०६७-CI-०१३४, हक कायम जग्गा दर्ता, *शिवप्रसाद बरालसमेत वि. सितादेवी बरालसमेत*

प्रस्तुत मुद्दाका वादीहरूका पिता चेतनारायण बराल, उमानाथ बराल, प्रतिवादीद्वय रिखिराम बराल र दुर्गादत्त बराल लोकनाथ बरालका क्रमस: जेठा, माहिला, साँहिला र कान्छा छोराहरू भएकोमा विवाद छैन । साबिक मौजा आर्वा विजय गा.वि.स.अन्तर्गत दर्ताको मैदानबारी भन्ने जग्गा पाखो विजमाना ॥४ दर्ता भई भु.सु.७ नं.फारामसमेत लोकनाथको नाउँमा क्र.सं.३१, ३२ मा भरिएको कुरामा समेत वादी प्रतिवादीहरूको मुख मिलेकै देखिएबाट कि.नं.८१, ९१, १२७ र ९८ का जग्गाहरू विजमाना ४ मैदानवारी पाखो जग्गा भनी दर्ता भएको पैतृक सम्पत्ति हो भन्नेमा विवाद देखिएन । वादी प्रतिवादीहरूबिचमा २०२३ सालमा मानो छुट्टिई २०३१ सालमा तिरो फुटाई घरसारमा छुट्टि भिन्न भएकोमा समेत विवाद रहेको अवस्था छैन । यी वादीका पिता र प्रतिवादीहरूसमेतलाई प्रतिवादी बनाई २०३१ सालमा नै बन्दकी लिएको जग्गा हक कायम गराइ पाउँ भनी कासीदत्त पाध्याले कास्की जिल्ला अदालतमा मुद्दा दिएको सो मुद्दा यस मुद्दाको प्रमाणमा आएको मिसिलबाट देखिन्छ । फिरादीका पिता र प्रतिवादीहरूबिच घरसारमा अंशबन्डा भई सर्वे नापीपूर्व नै उल्लिखित कि.नं. का जग्गाहरूउपर कासीदत्त पाध्याले बन्दकी लिएको जग्गा हक कायम गराइ पाउँ भनी मुद्दा दिएको तथा यही मुद्दाकै जरियाबाट सर्वे नापीमा उजुरी परी दर्ता रोकिएको र मिति २०३३।०८।१३ मा उक्त मुद्दा प्रतिवादीहरूकै हक कायम हुने गरी मिलापत्र भएको पाइन्छ । २०३१ सालमा तिरो फुटाई घरसारमा यी वादीका पिता र प्रतिवादीहरू छुट्टी भिन्न भएपश्चात् उल्लिखित जग्गाहरूको २०३४ सालसम्मको आफ्नो भागको तिरो वादीले पनि तिरेको मिसिल संलग्न प्रमाणबाट देखिन्छ । वादीका पिता चेतनारायणले वसुन्धरा बरालसँगको अंश मुद्दामा मिति २०३६।८।१८ मा तायदाती फाटवारी दिँदा आफ्नो अंश हकको विजमाना ॥१ को जग्गा भनी निजको फाँटवारीमा उल्लेख गरेकोसमेत प्रमाण स्वरूप प्राप्त मिसिलबाट देखिन्छ । यसरी मिति २०३३।८।१३।१ को मिलापत्रमा कुनै प्रश्न नउठी यथावत रहेकोमा विवादित जग्गामा वादीको पिता चेतनारायणसमेतको हक समाप्त भएको तथ्ययुक्त प्रमाणको अभाव रहेको अवस्थामा चेतनारायणको शेषपश्चात् हक खाने छोरा यी वादीको हकमा उक्त मिलापत्रको अस्तित्त्वलाई शून्य पारी तथा प्रतिवादीको हकमा नापी भइसकेको भन्ने एक मात्र आधार बनाई उक्त मिलापत्रले समान

हक सिर्जना भएको वादीलाई विमुख गरी प्रतिवादीको नाममा मात्र हक कायम गरी एकलौटी दर्ता गर्ने गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको फैसला कानूनसम्मत् नदेखिने।

प्रस्तुत मुद्दामा पुनरावेदक वादीले अदालतसमक्ष पेस गरेको उल्लिखित जग्गाहरूको तिरो तिरेको रसिद, मिति २०३३।८।१३ मिलापत्र र वादीका पिताले २०३६।८।१८ मा अंश मुद्दामा यी विवादित जग्गाहरू तायदाती फाटवारीमा पेस गरेको प्रमाणहरूको यथोचित विवेचना नै नगरी प्रतिवादीहरूले समान रूपमा पेस गरेको तिरो तिरेको रसिद र सर्वे नापीमा प्रतिवादीहरू रिखिराम बराल र दुर्गादत्त बरालकै नाम जनिएको कुरालाई मात्र एकतर्फी रूपमा प्रमाण ग्रहण गरिएको कार्य प्रमाण ऐन, २०३१ को दफा ३(१) को कानूनी व्यवस्थाको प्रतिकूल देखिने । सर्वे नापीपूर्व नै उल्लिखित जग्गाहरूमा कासीदत्त पाध्याले यी फिरादीका बुबासमेतलाई प्रतिवादी बनाई मुद्दा गरेको र सोही कारणले सर्वे नापीमा विवाद जनिई नापी हुन नसकेको देखिन्छ। पछि सो मुद्दामा प्रतिवादीहरूको हक कायम हुनेगरी मिति २०३३।०८।१३ मा मिलापत्र भएको देखिन्छ। सो मिलापत्रले यी वादीका पिता चेतनारायण बरालसमेत उक्त मुद्दाका प्रतिवादी भएकोले निजको हकलाई पनि स्थापित नै गरेको अवस्थामा प्रमाणको यथोचित विवेचना नै नगरी विवादित कि.नं.८१, ९१, ९८ र १२७ का कित्ताहरूमा प्रतिवादीहरूको मात्र हक कायम हुनेगरी गरेको कास्की जिल्ला अदालतको फैसला पुनरावेदन अदालत पोखराबाट समेत सदर गर्ने गरी भएको फैसला मिलेको नदेखिने।

तसर्थ उल्लिखित आधार प्रमाणबाट विवादित साबिक मैदानवारी भन्नेजग्गा सर्वे नापीका बखत आर्वा विजया गा.वि.स. वार्ड नं. ७ कि.नं. ८१ क्षेत्रफल ०-५-१-२, कि.नं.९१ क्षेत्रफल ०-१३-०-३, कि.नं. १२७ क्षेत्रफल २-७-३-१ र कि.नं. ९८ क्षेत्रफल ०-९-१-३ को जग्गामा वादी दाबी नपुग्ने गरी सुरू कास्की जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पोखराबाट गरेको फैसला उल्टी भई वादीका पिता चेतनारायण बरालको हक जति ४ भागको एक भागमा यी वादीहरू शिवप्रसाद बराल र सोमनाथ बरालको संयुक्त हक कायम हुने भई हक कायम भएको जति निजहरूका नाममा दर्तासमेत हुने।

इजलास अधिकृतः नवराज जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल भदौ १६ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०६७-CI-०१३५, खिचोला मेटाइ हक कायम गरी जग्गा दर्ता गरिपाऊँ, शिवप्रसाद बरालसमेत वि. दुर्गादत्त बराल
- ०६७-CI-०१३३, खिचोला मेटाइ जग्गा दर्ता गरिपाऊँ, शिवप्रसाद बरालसमेत वि. सितादेवी बराल

१०

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७५-RC-००२२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सूर्यबहादुर भन्ने रामकृष्ण न्यौपाने*

मिति २०६७।३।२८ गते बेलुकी ६ बजेको समयमा प्रतिवादी सूर्यबहादुर भन्ने रामकृष्ण न्यौपानेले वर्ष ४ की नाबालिका लक्ष्मी न्यौपानेलाई ललाई फकाई मकै बारीभित्र लगी अप्राकृतिक मैथुन गरेकोमा सोही कारणबाट नाबालिका रोगी भई टोलाउने, डराउने, ज्वरो आउने हुँदाहुँदै मृत्यु भएको हुँदा निज प्रतिवादीउपर कारबाही गरिपाऊँ भन्ने जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । अनुसन्धान अधिकारीसमक्षको बयानमा प्रतिवादी सूर्यबहादुर न्यौपानेले मैले अप्राकृतिक जबरजस्ती करणी गरेको कारण डर, त्रास, ज्वरो आउने भई सोही कारणबाट वा के कुन कारणबाट ४५/४६ दिनमा नाबालिकाको मृत्यु भएछ भनी बयान गरेकोमा अदालतसमक्ष बयान गर्दा मेरो बुबासँग जाहेरवालाको झगडा भएको हुनाले मउपर रिसइबीले झुट्टा उजुरी दिएको, अधिकारप्राप्त

अधिकारीसमक्ष गरेको बयान मेरो होइन भनी बयान गरेको देखिन्छ । मौकामा बुझिएका मानिसले गरेको कागज र अदालतसमक्ष आई गरेको बकपत्रमा प्रतिवादी सूर्यबहादुर भनिने रामकृष्ण न्यौपानेले बालिकालाई जबरजस्ती अप्राकृतिक करणी गरेको कारणले बालिकाको ४५/४६ दिनपछि मृत्यु भएको हो भनी बकपत्र गरेको देखिने।

जरियाको सिद्धान्त (Doctrine of Causation) अनुसार ज्यान मुद्दामा कसूरदारले गरेको कार्यबाट पीडित पक्षको तत्काल मृत्यु नभई लामो समयपछि मृत्यु भएमा घटना प्रारम्भ भएको वारदातसँग परिणामको सिधा सम्बन्ध भएको देखिनुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा नाबालिकाको मृत्यु तत्कालै नभई घटना भएको ४५/४६ दिनपछि भएको देखिन्छ। शव परीक्षण गर्ने डाक्टरले अप्राकृतिक जबरजस्ती करणीले मानसिक तनाव भई डिप्रेसन हुने गरी शरीरको रोग प्रतिरोधात्मक क्षमता घट्न जान्छ र यस्तो अवस्थामा रोगको सङ्क्रमण हुन सक्ने सम्भावना बढी हुन जान्छ। यस्तो अवस्थामा निमोनियालगायतका कुनै पनि रोगले आक्रमण गर्न सक्छ भनी बकपत्र गरेको देखिन्छ। यस परिप्रेक्ष्यमा नाबालिकाको मृत्यु तत्कालै नभए तापनि सोही कारणले बालिका बिरामी परी निको नहुँदैको अवस्थामा मृत्यु भएको देखिएकाले बालिकाको मृत्युले जबरजस्ती अप्राकृतिक मैथुन गरेको प्रतिवादीको कारणबाट भएको होइन भन्न मिल्ने अवस्था नरहने।

प्रस्तुत मुद्दामा नाबालिकाको मृत्यु घटना घटेको ४५ दिनपछि भएको देखिए तापनि जरियाको सिद्धान्त आकर्षित भई प्रतिवादीको कारणबाट नै बालिकाको मृत्यु भएको हो भन्न सक्ने अवस्था रहने ।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.ले कसैले पनि कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नाको उद्योग गर्न हुँदैन भन्ने व्यवस्था गरेको छ। त्यस्तै मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. ले यदि कसैले कसैको ज्यान मारेमा सर्वस्वसहित जन्मकैद गर्न सकिन्छ भन्ने कानूनी व्यवस्था रहेको छ । प्रतिवादी सूर्यबहादुर भन्ने रामकृष्ण न्यौपानेले नाबालिका लक्ष्मी न्यौपानेलाई जबरजस्ती अप्राकृतिक करणी गरेकाले सो घटनापश्चात् बिरामी भई निज नाबालिकाको मृत्यु भएको देखिएकोले निज प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसूर अपराध नगरेको भन्न मिल्ने नदेखिने।

उल्लिखित कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका रोहबाट हेर्दा प्रतिवादी सूर्य भन्ने रामकृष्ण न्यौपानलाई अभियोग माग दाबीबमोजिम कसूरदार ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय गर्ने गरी सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी उच्च अदालत पाटनबाट भएको फैसला साधकको रोहमा मिलेकै देखिने।

अत: विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी सूर्य भन्ने रामकृष्ण न्यौपानेलाई अभियोगमाग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सजाय हुने ठहऱ्याई सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०६९।३।२६ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७४।८।४ मा भएको फैसला मिलेकै देखिएकाले साधकको रोहमा सदर हुने।

इजलास अधिकृत: श्रद्धा विष्ट

इति संवत् २०७६ साल माघ २ गते रोज ५ शुभम्।

इजलास नं. ४

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७०-CR-१२३२, वैदेशिक रोजगार कसूर, *नेपाल सरकार वि. मनिष कार्कीसमेत*

प्रतिवादी अनिल गुरूङले पीडित ज्ञानहरी गौतमलाई गरिदिएको लिखत हेर्दा निजसँग रू. ४,००,०००।– बुझी प्रतिवादी मनिष कार्की साक्षी बसेको देखिन्छ । प्रतिवादी मनिष कार्कीले वैदेशिक

रोजगार न्यायाधिकरणमा बयान गर्दा उक्त कागजमा आफू साक्षी बसेको भनी स्वीकार गरी बयान गरेको देखिन्छ। त्यसैगरी पीडित तथा जाहेरवाला गोविन्दलाल श्रेष्ठलाई प्रतिवादी मनिष कार्कीले गरिदिएको लिखत हेर्दा रू.९०,०००।– लिई कुवेतमा पठाएकोमा सम्झौताअनुसारको तलब र सुविधा नपाएकोले बुझेको रू.९०,०००।– ४५ दिनभित्र फिर्ता गर्ने छु भनी गरेको कागज आफूले गरेको भनी स्वीकार गरी बयान गरेको देखिन्छ । यी प्रतिवादी मनिष कार्कीले आरोपित कसूरमा आफू साबित भई प्रतिवादी अनिल गुरूङलाई पोल गरी गरेको बयानलाई अन्यथा हो भन्न मिल्न देखिँदैन । निजको बयान बेहोरालाई जाहेरी दरखास्त तथा पीडितहरूको बकपत्र र प्रतिवादीहरूले गरिदिएका विभिन्न मितिका कागजहरूबाट समर्थित भएको देखिँदा निजहरूले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० बमोजिम वैदेशिक रोजगार विभागबाट इजाजत पत्र नलिई वैदेशिक रोजगार व्यवसाय गरेकोले निज प्रतिवादीहरू अनिल गुरूङ र मनिष कार्कीलाई सोही ऐनको दफा ४३ बमोजिम जनही ३ वर्ष ६ महिना कैद र रू.३,००,०००।– जरिवाना हुने र बिगोको हकमा जाहेरवाला सिताराम थारूको रू. २,६५,०००।– र सोको ५०% ले हुने हर्जानासमेत रू.१,३२,५००।– समेत जम्मा रू.३,९७,५००।-, जाहेरवाला गोविन्दलाल श्रेष्ठको रू.९०,०००।– सोको ५०% ले हुने रू.४५,०००।– समेत जम्मा रू.१,३५,०००।– जाहेरवाला तिर्थराज गौतमको रू.१४,००,००००।– र सोको ५०% हुने रू.७,००,०००।– गरी जम्मा रू.२१,००,०००।– रूपैयाँ पीडितहरू ज्ञानहरी गौतम, सागर लम्साल, सुधिर गैरे, तिलकराम थनेत र जाहेरवाला तिर्थराज गौतमले बराबरको हिसाबले भरिपाउने ठहऱ्याई भएको पैसलाउपर वादी नेपाल सरकारको उक्त जाहेरवाला तिर्थराज गौतमको जाहेरी दरखास्तबमोजिमको रू.२०,००,०००।– सोको ५०% ले हुने रू.१०,००,०००।– गरी जम्मा रू.३०,००,०००।– मध्ये रू.२१,००,०००।– भराई पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०६९।१२।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : जगतबहादुर पौडेल

इति संवत् २०७५ साल भदौ २० गते रोज ४ शुभम् ।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७१-CR-०७६७, लागु औषध (डाइजेपाम, नुर्फिन), *नेपाल सरकार वि. राजु सुनारसमेत*

प्रतिवादीहरू राजु सुनार, साजन परियार, सोनुकुमार पाण्डे र कृष्ण शेरचन अधिकारप्राप्त अधिकारीसमक्ष कसूरमा साबिती रही बयान गरे तापनि अदालतमा बयान गर्दा प्रहरीले आफैँले बेहोरा लेखाई हेर्न सुन्न नदिई बयान गराएको भन्ने कुरा व्यक्त गरेका छन् । तर प्रहरीद्वारा तयार भएको र आफूले हेर्न सुन्न नपाएको भनिएको कागजमा के कस्तो कारण वा परिबन्दले सही गर्नुपरेको थियो सो कुरा निजहरूले अदालतको बयानमा खुलाउन सकेका छैनन् । प्रतिवादीहरूले प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वकको बयान होइन भन्ने जिकिर लिई अदालतमा बयान गर्दैमा निजहरूको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निजहरूलाई निर्दोष मान्न मिल्दैन । प्रतिवादीहरूको इन्कारी कथन स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक हुन्छ । प्रहरीले आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको वा आफू अचेत भएको कारणले प्रहरीमा कसूर स्वीकार गर्नुपरेको कुराको जिकिर लिनेले सो कुराको वस्तुनिष्ठ रूपमा प्रमाणितसमेत गराउन सक्नुपर्छ । तर प्रतिवादीहरूले आफूलाई बयान गर्न बाध्य पारिएको, धम्की दिइएको वा अन्य के कस्तो कारणले आरोपित कसूर स्वीकार गर्नु परेको भन्ने कुरा भन्न नसकेको स्थितिमा निजहरूले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाइलाई स्वेच्छाको होइन भनी भन्न नमिल्ने भई अनुसन्धान अधिकारीसमक्ष गरेको स्वीकारोक्तिलाई निजहरूका विरूद्ध प्रमाणमा लिन मिल्ने नै देखिने ।

प्रतिवादी राजु सुनारको साथबाट २/२

एम.एल.को झोलासहित डाइजेपाम १० सिसी, फेनारगन १० सिसी, लुपिजेसिक १० सिसी, प्रतिवादी सोनुकुमारको साथबाट स्पास्मो ७७ क्याप्सुल, डेक्सासोन १० ट्यब्लेट, प्रोक्टिन १० ट्याब्लेट र कृष्ण शेरतनको साथबाट २/२ एम.एल.का डाइजेपाम ४० सिसी, फेनारगन ४० सिसी, लुपिजेसिक ४० सिसी र नाइट्राभेट ३० ट्याब्लेट बरामद बरामद भएको लागु औषधलाई ठूलो परिमाणको लागु औषध हो भनी भन्न मिल्ने देखिँदैन । प्रतिवादीहरू एकै ठाउँका व्यक्तिहरू नभई बेग्लाबेग्लै स्थानका भएको र निजहरूले एकैसाथ एउटै झोलामा उक्त लागु औषध ल्याएको भन्ने देखिँदैन । उक्त लागु औषध बिक्री गर्दै गरेको अवस्था वा बिक्री गर्ने प्रयोजनको लागि बाटोघाटो वा कुनै खरिदकर्तासँग समन्वय सम्पर्क गरेको भन्ने पनि मिसिल संलग्न प्रमाणबाट देखिँदैन । अर्कोतर्फ बिक्री व्यवहार गर्ने गरेको भन्ने भवनारायण पाण्डेसमेतको कागजलाई निजले अदालतमा आई पुष्टि गर्न सकेको पनि नदेखिने ।

प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफूहरू लागु औषधको सेवनकर्ता भएकोले सेवनको लागि ल्याएको हो, बिक्री वितरण गर्न ल्याएको होइन भनी गरेको बयानलाई उक्त लागु औषधको परिमाण, बरामद भएको स्थानसमेतका प्रमाणहरूबाट उक्त लागु औषध यी प्रतिवादीहरूले बिक्री कारोबार गर्ने उद्देश्यबाटै ल्याएको हो भन्ने तथ्य स्थापित भएको नदेखिने ।

तसर्थ, प्रतिवादीहरू राजु सुनार, साजन परियार, सोनुकुमार पाण्डे भन्ने सोनुकुमार बर्मा र कृष्ण शेरचनलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ), (ङ) र (च) को कसूरमा सोही ऐनको दफा १४(१) (झ) बमोजिम २ वर्ष कैद र रू.१,००,०००।– जरिवाना हुने ठहऱ्याएको सुरू रुपन्देही जिल्ला अदालतको फैसला उल्टी हुने ठहऱ्याई निजहरूलाई सोही ऐनको दफा ४ (छ) को कसूरमा सोही ऐनको दफा १४(१)(ज) बमोजिम २ महिना कैद र रू.२,०००।– जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।११।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : जगतबहादुर पौडेल

इति संवत् २०७५ साल भदौ २० गते रोज ४ शुभम् ।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७०-CR-१४९४, जबरजस्ती करणी, *नेपाल सरकार वि. पदमबहादुर वि.क.*

जबरजस्ती करणी मुद्दामा सामान्यतया प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुने हुँदा पीडित नै घटनाको आधारभुत गवाह हो । निजले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १० (१)(क)(ख) बमोजिम प्रत्यक्ष र निर्णायक प्रमाणको रूपमा लिनुपर्ने देखिन्छ । प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा लिङ्गको आधाजति भाग मात्र भित्र पसेको भनेको देखिन्छ । सेती अञ्चल अस्पतालको मिति २०६९।७।१३ गतेको जाँच रिपोर्ट र पीडित तथा प्रतिवादीले मौकामा व्यक्त गरेको कुरालाई जोडेर हेर्दा योनिमा लिङ्गको घर्षण भएको र केही हदसम्म लिङ्ग प्रवेश गरेको प्रमाणित हुन्छ । उक्त रिपोर्टमा योनिको वरिपरि सुनिएको र रातो देखिएको भनी उल्लेख भएबाट मौकामा प्रतिवादीले पीडितको योनिमा लिङ्ग केही हदसम्म घर्षण र प्रवेश गराएको भन्ने कुरा तथ्यगत रूपमा चिकित्सकको रिपोर्टबाट समेत समर्थित भएको देखिने ।

लिङ्गको केही भाग योनिमा पसेको वा घर्षण मात्र भएकोले बलात्कारको उद्योग मात्र हो जबरजस्ती करणी होइन भन्न नमिल्ने ।

वारदातमा लिङ्गको आंशिक प्रवेश गरेको प्रतिवादीको कार्यले अपराधको (जबरजस्ती करणी) पूर्णता हासिल गरेको देखिन्छ । प्रतिवादीले पीडितको योनिमा लिङ्ग लगी जबरजस्ती करणी गरेकोमा निज पीडिता दुखाइको कारणबाट हल्लाखला मच्चाएको कारणले निज प्रतिवादीलाई पक्राउ गरेको पीडिताको योनि सुनिएको medical report समेत रहेको देखिँदा पीडितालाई उद्योगमात्र नभई जबरजस्ती करणी गरेको

ठहर्ने।

प्रतिवादी स्वयम्ले अदालतसमक्ष बयान गर्दा आफ्नो उमेर वर्ष १५ भनेको, स्थानीय पदाधिकारीहरूले २०५५।२।४ भनी जन्ममिति प्रमाणित गरेको, प्रतिवादी कक्षा ७ मा अध्ययनरत रहेको अवस्थामा मेडिकल बोर्डले प्रतिवादीको उमेर १६ देखि १७ सम्म हुनसक्ने भनी उल्लेख गरेको आधारमा मात्र प्रतिवादीको उमेर १६ वर्ष पूरा भएको अर्थ लगाउनु न्यायोचित नदेखिने। तसर्थ पुनरावेदन अदालतको मिति २०७०।७।२४ को फैसलामा कायम गरेको उमेरको हद मनासिब नै देखिने।

अतः माथि विवेचित आधार कारण र प्रमाणबाट पुनरावेदन अदालत दिपायलको २०७० कात्तिक २४ गतेको फैसलामा जबरजस्ती करणीमा ३ (१) नं. सपठीत ५ नं. बमोजिम ६ वर्ष कैद तथा प्रतिवादीको उमेर १६ वर्ष पूरा भएको नदेखिएकोमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) बमोजिम आधा सजाय तोकी ३ वर्ष सजाय गर्ने फैसला केही उल्टी भई प्रतिवादी पदम वि.क.लाई अभियोग पत्रको माग दाबीअनुसार जबरजस्ती करणीको १ नं. बमोजिमको कसूर गरेको देखिँदा जबरजस्ती करणीको ३(१)बमोजिम १० वर्ष कैद हुने भए तापनि घटना घटेको समयमा प्रतिवादीको उमेर १६ वर्ष पुगेको स्थापित हुन नसक्दा निज प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) बमोजिम १६ वर्ष उमेर नपुगेको व्यक्तिलाई आधा सजाय हुनुपर्ने हुँदा ५ वर्ष कैद र मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. बमोजिम रू.५०,०००।– प्रतिवादीबाट वादीलाई क्षतिपूर्ति भराई दिने।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल माघ २६ रोज ६ शुभम्।

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी., ०६८-CI-०९७५, १००१, जग्गा खिचोला, *मीना काफ्ले वि. वीरेन्द्रकुमार दास वीरेन्द्रकुमार दास वि. मीना काफ्ले*

विवादित पर्खाल रहेको जग्गामा भएको सुरू मिसिल संलग्न नक्सा मुचुल्का हेर्दा पर्खाल र घर एकै मिलान रहेको देखिन्छ। घरको पश्चिमतर्फ प्रतिवादीको बाँकी जग्गा रहे भएको देखिँदैन। २०६२ सालमा लगाएको भनी उल्लेख गरेको पर्खाल हटाई पाउँ भन्ने वादीको दाबी देखिँदैन। वादीले खिचोलामा दाबी गर्दा आफ्नो जग्गाको पश्चिमतर्फ भनी उल्लेख गरेकोमा प्रतिवादीको जग्गा वादीको जग्गादेखि पूर्वतर्फ रहेकोले वादी दाबी नै फरक पर्न गएको देखिन्छ। वादीको दर्ताको कि.नं. ५८५ को जग्गाको पूर्वतर्फकै सिमानामा झगडा जनिएकोले सोही ठाउँलाई वादीले दाबी लिएको भन्ने मानेर हेर्दा पनि वादीको जग्गाको सिमानामा नै प्रतिवादीले २०५४ सालमा बनाएको घरका सम्बन्धमा वादीले दाबी लिएको देखिँदैन। प्रतिवादीले बनाएको घरदेखि उत्तरतर्फ पनि प्रतिवादीले टहरा बनाएको देखिन्छ। सो टहरातर्फ समेत वादीको दाबी रहेको पाइँदैन। २०५४ सालदेखि नै प्रतिवादीले पश्चिमतर्फ जग्गा नछाडी घर कम्पाउन्ड निर्माण गरी बसोबास गरी आएको जग्गामा केबल वादीको जग्गाको क्षेत्रफल घटी भएको भन्ने आधारमा २०६३ सालमा आएर लिएको फिराद दाबीबाट २०५४ सालमा नै निर्माण भएको घर पर्खालतर्फ दाबी नै नभएको विषयमा घर पर्खाललाई समेत असर पर्ने गरी दाबी ठहर गर्न न्यायसङ्गत देखिन नआउने।

वादीले निजको नाउँमा दर्ता भएको उल्लिखित कि.नं. ५८५ को ससिम जग्गा मिति २०७१।२।१ मा सबु बर्तौला र मनिताकुमारी बर्तौलाको नाउँमा राजीनामा पारित गरिदिएको प्रतिवादीले पेस गरेको राजीनामामा लिखतको फोटो प्रतिलिपिबाट देखिएको छ। पुनरावेदक वादीको वारेस शम्भुप्रसादले मिति २०७१।९।२१ देखि तारेख गुजारी बसेको देखिएको छ। वादीबाट दाबीको कि.नं. ५८५ को जग्गा पारित गराई लिने उल्लिखित सबु बर्तौला र मनिताकुमारी बर्तौलाले समेत प्रस्तुत मुद्दा सकार गरेको अवस्था देखिँदैन। यसरी वादीको हक नै टुटिसकेका उल्लिखित

कि.नं. ५८५ को जग्गामा लिएको दाबीका आधारमा खिचोला ठहर गर्ने अवस्थासमेत देखिन नआउने।

तसर्थ उल्लिखित प्रमाण आधारबाट २०५४ सालमा नै प्रतिवादीले घर पर्खाल निर्माण गरी बसोबास गरी आएको देखिएको जगगाको विषयमा २०६३ सालमा खिचोलामा दाबी लिएको र आफ्नो नाउँको दाबीको जग्गा राजीनामा पारित गरी हक छाडिसकेको देखिएकोले आंशिक दाबी ठहर गर्ने गरेको पुनरावेदन अदालतपाटनको मिति २०६८।५।२६ मा भएको फैसला मिलेको नदेखिएकोले उल्टी भई वादी दाबी नपुग्ने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृतः सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल भदौ २५ गते रोज २ शुभम्।

५

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७०-CI-१११०, निषेधाज्ञा / उत्प्रेषण / परमादेश, *काठमाडौं उपत्यका प्राधिकरण र काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय काठमाडौं वि. मोहनकृष्ण खनाल*

निवेदक मोहनकृष्ण खनालको नाउँमा दर्ता कायम रहेको कि.नं.११७ को क्षेत्रफल ०-२-२-३ को जग्गामा घरसमेत रहेको र सो जग्गाको मोहडा ४.५ मिटर रहेकोमा विपक्षी काठमाडौं उपत्यका प्राधिकरण र काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय, काठमाडौंले उक्त विस्तार गरिने भनिएको सडकमा यी निवेदकको उक्त जग्गाको मोहडाको भाग ३.५ मिटर सडकमा पर्ने भनी रातो चिह्न लगाएको देखिन्छ। त्यसरी सडकमा पर्ने भाग कटाउँदा जम्मा १ मिटर जति जग्गा मात्र बाँकी रहन गई घर तथा जग्गा प्रयोगहीन अवस्थाको हुन जाने देखिन्छ। मिति २०४५।०७।२९ र २०४६।०५।१२ मा GLD सम्बन्धी भएको निर्णयमा विवादित घरजग्गामध्ये कति क्षेत्रफल सडकमा पर्ने हो र सोको कति रकम मुआब्जा वा क्षतिपूर्ति दिने भन्ने कुरा खुलाएकोसमेत देखिँदैन। २०४५/२०४६ सालमा भएको भनिएको निर्णय २०६९ सालमा आएर कार्यान्वयन गर्न लागिएको भन्ने विपक्षी काठमाडौं उपत्यका विकास प्राधिकरणको लिखित जवाफ आफैँमा न्यायोचित नदेखिने।

प्रत्यर्थी / निवेदकको घरजग्गामा बाटो विस्तार गर्ने क्रममा निज घरजग्गा धनीसँग कुनै किसिमको संवाद भए गरेको भन्ने लिखित जवाफबाट देखिएको छैन। निवेदकको बसोबासको घरजग्गा बस्न लायक नै नहुने गरी सडक विस्तार गर्नुपूर्व बाटो विस्तार गर्न घरजग्गा छाड्न उल्लिखित कानूनी व्यवस्थाबमोजिम मन्जुर भए नभएको सम्बन्धमा पुनरावेदकका तर्फबाट कुनै किसिमको पहल भएको देखिँदैन। बाटो निर्माण गर्दा बाटोको मुखमा परेको जग्गा जग्गा धनीले छाड्न नमाने उल्लिखित नगर विकास ऐन, २०४५ को दफा १२ (२) मा उल्लेख भएअनुसार सोही ऐनको दफा १६ बमोजिम नेपाल सरकारले नगरयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने जग्गा प्रचलित कानूनबमोजिम प्राप्त गरी समितिलाई उपलब्ध गराउनुपर्ने व्यवस्थाबमोजिम त्यसरी निवेदकको घरजग्गा नेपाल सरकारले प्राप्त गरेको भन्ने पनि नदेखिने।

निवेदकको बसोबासको घरजग्गाबाट सडक विस्तार गर्दा सो सडकबाट के कति नागरिकलाई सडकको सुविधा उपलब्ध भई लाभान्वित हुने हुन् ? निवेदकको सडक विस्तारमा पर्ने घरजग्गाको प्रचलित मूल्याङ्कन कति हुने हो भनी मूल्याङ्कनसमेत गरेको भन्ने देखिँदैन। उता उक्त नगर विकास ऐन, २०४५ को दफा १२(२) बमोजिम घरजग्गा धनीलाई दिनुपर्ने क्षतिपूर्तिको रकममध्ये पचास प्रतिशत रकम समितिले र बाँकी पचास प्रतिशत रकम जग्गा विकास कार्यक्रम लागु गरिँदा लाभान्वित हुने व्यक्तिहरूले बेहोर्नु पर्ने व्यवस्था भएकोमा विवादित सडक विस्तार भएबाट लाभान्वित हुने व्यक्तिहरू को को हुन् ? ती व्यक्तिहरूले के कति रकम बेहोर्नु पर्ने हो ? सो सम्बन्धमा पुनरावेदकको तर्फबाट कुनै किसिमको कारबाही भए गरेकोसमेत नदेखिने।

प्रत्यर्थी मोहनकृष्ण खनालको बसोबासी

घरजग्गा मूल्याङ्कन गरी त्यसको क्षतिपूर्ति यकिन गरी उक्त नगर विकास ऐन, २०४५ को दफा १६ बमोजिम सरकारले प्राप्त गर्नुपर्नेमा उल्लिखित कानूनी प्रक्रिया नै पूरा नगरी मिति २०४५।०७।२९ र २०४६।०५।१५ को निर्णयको आधारमा मिति २०६९।११।१५ मा घर भत्काउन रातो चिह्न लगाएको कार्यबाट यी प्रत्यर्थी / निवेदकको सम्पत्तिसम्बन्धी अधिकारमा विपक्षीबाट गैरकानूनी हस्तक्षेप हुन जाने देखिएकोले निवेदकले दायर गरेको प्रस्तुत निवेदनमा आवास तथा भौतिक योजना मन्त्रीको अध्यक्षतामा बसेको तत्कालीन काठमाडौं उपत्यका नगर विकास समितिको मिति २०४५।०७।२९ र २०४६।०५।१५ को निर्णय निवेदकको हकमा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर गरेको मिति २०७०।०५।२६ को पुनरावेदन अदालत पाटनको आदेश मिलेकै देखिँदा सो आदेश बदर गरिपाउँ भन्ने विपक्षीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः मिनबहादुर कुँवर

कम्प्युटरः विनोदकुमार बनिया

इति संवत् २०७५ साल असोज ७ गते रोज १ शुभम् ।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसै प्रकृतिका फैसला भएका छन्:

- ०७०-CI-१११९, निषेधाज्ञा / उत्प्रेषण / परमादेश, *भाइकाजी तिवारी वि. मेनुका अधिकारी*
- ०७०-CI-१११२, निषेधाज्ञा / उत्प्रेषण / परमादेश, *भाइकाजी तिवारी वि. मिलेशजङ्ग सिजापति*

६

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७१-CI-११७२, निषेधाज्ञा, *भगवान कार्की वि. दिपेन्द्र कार्कीसमेत*

निवेदन दाबीको कि.नं.४१० को घर जग्गासमेत वादी दाबीबमोजिम ६ भागको १ भाग बन्डा लाग्ने ठहरी वादी दीपेन्द्र कार्की प्रतिवादी भगवान कार्कीसमेत भएको २०६९-CP-०२६५ को अंश चलन मुद्दामा काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति ०७१।३।२ मा फैसला भएको सुरू मिसिल संलग्न फैसलाको प्रतिलिपिबाट देखिएको छ । सो फैसलापश्चात् यीनै पुनरावेदक भगवान कार्कीले मिति २०७१।५।६ मा पुनरावेदन अदालत पाटनमा निषेधाज्ञाको निवेदन दिनुभएको छ । सो अंशचलन मुद्दाको सुरू फैसलाबाट निवेदन दाबीको कि.नं.४१० को घर जग्गामा यी पुनरावेदकसमेतको हक लाग्ने भन्ने उल्लेख भएको देखिन्छ । प्रत्यर्थीहरूले उक्त घर जीर्ण भई भत्काउनुपर्ने अवस्था रहेको भनी आफ्नो लिखित जवाफमा जिकिर लिनु भएबाट यी पुनरावेदकसमेतको हक लाग्ने ठहरेको निवेदन दाबीको घर जग्गा प्रत्यर्थीहरूले भत्काउन सक्ने सम्भावना रहेको भन्ने निवेदन दाबीबाट पुष्टि हुन आउँछ । यी पुनरावेदक निवेदकसमेतको अंश हक लाग्ने ठहरेको घर पुनरावेदक निवेदकको सहमति एवम् मन्जुरी बेगर घर भत्काउँदा यी निवेदकको हकमा असर पर्ने देखिन आउने ।

वादी दीपेन्द्र कार्की प्रतिवादी श्यामबहादुर कार्कीसमेत प्रतिवादी भई चलेको अंश चलन मुद्दामा काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०७१।३।२ को फैसलाउपर पुनरावेदन अदालत पाटनमा पुनरावेदन परी कारबाहीको क्रममा रहेको भनी निवेदनमा उल्लेख गरेको देखिएको छ । उक्त मुद्दामा अन्तिम फैसला हुँदा निवेदन दाबीको कि.नं. ४१० को जग्गामा निर्मित घरका सम्बन्धमा ठहरेबमोजिम हुने नै अवस्था रहेको र हालको अवस्थामा सुरू जिल्ला अदालतको फैसलासमेतलाई मध्येनजर गर्दा निवेदन दाबीको उक्त कि.नं. ४१० को जग्गामा निर्मित घरमा नरमकरम मिलाई पुनरावेदक निवेदकको हकसम्मको घरको भाग भत्काउने कार्य नगर्नू नगराउनू भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी भइरहेको अवस्था देखिँदा पुनरावेदन अदालत पाटनको आदेश बदर गरिपाऊँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ विवेचित आधार एवम्

कारणहरूसमेतबाट काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०७१।३।२ को फैसलाबमोजिम निवदेकले दाबी लिएको उक्त घरमा नरम करम मिलाई निवेदकको हकसम्मको घरको भाग भत्काउने कार्य नगर्नू नगराउनू भनी विपक्षीहरूका नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७१।७।५ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

इति संवत् २०७४ साल असार ५ गते रोज २ शुभम्।

७

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७०-CI-०८९८, निषेधाज्ञा, *डा. युवराज खतिवडा वि. बेबी अधिकारी*

चेक अनादर हुनु र अनादर भएको चेकको रकमको विषयलाई लिएर ठगी मुद्दा चल्नु अलगअलग विषय हुन्। अनादर भएको चेकको विषयमा ठगी मुद्दा नचलेको कारणले चेक जारी गर्ने व्यक्ति वा संस्था कालोसूचीमा समावेश नहुने भनी अर्थ गर्न मिल्ने हुँदैन। चेक जारी गर्ने व्यक्ति / संस्थालाई कालोसूचीमा राख्नुको उद्देश्य बैंकमार्फत हुने आर्थिक कारोबारलाई विश्वासिलो भरपर्दो बनाई आर्थिक संतुलन कायम राख्नु रहेको हुन्छ। ठगी मुद्दाको परिणामको आधारमा मात्र कुनै व्यक्ति / संस्थालाई कालोसूचीमा राख्ने अवस्था नहुने हुँदा पुनरावेदन अदालत पाटनको आदेशमा रकम ठगी गरेको भन्ने अदालतबाट प्रमाणित भएको अवस्थामा कालोसूचीमा समावेश गरिने भन्ने वाक्यांशबाट बैंकिङ कारोबारको क्रममा कालोसूचीमा राखिने अवस्थालाई संकुचित गरेको देखिएकोले सो वाक्यांश असान्दर्भिक देखिन आयो। उल्लिखित असान्दर्भिक वाक्यांश उल्लेख भएकै कारणबाट पुनरावेदन अदालत पाटनबाट भएको आदेश उल्टी गरिरहनु पर्ने अवस्था देखिन नआउने।

निवेदकलाई कालोसूचीमा राखेको नदेखिएको र विवादमा आएको अनादर भएको चेकको रकम सम्बन्धको विवाद काठमाडौं जिल्ला अदालतमा चलेको उल्लिखित मुद्दाबाट समाप्त भइसकेको देखिएकोले पुनरावेदन अदालत पाटनबाट निषेधाज्ञा जारी गर्ने गरेको आदेश परिवर्तन रहनु पर्ने नदेखिने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

इति संवत् २०७५ साल मङ्सिर २ गते रोज १ शुभम्।

८

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७१-CI-०४७१, निषेधाज्ञा, *राममणी भट्टराई वि. बाबुराजा जोशीसमेत*

विवादित कि.नं. १९८ को जग्गाको सम्बन्धमा तेरो मेरोमा विवाद भई विभिन्न समयमा मुद्दा परी सो जग्गाको स्वामित्वसमेत के कस्को भनी यकिनसमेत भएको नदेखिएको र स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले नगरपालिकालाई दिएको अधिकारसमेतको प्रयोग नगरी रिट क्षेत्रबाट निवेदक अदालतमा प्रवेश गरेको देखियो। पुनरावेदकले आफ्नो रिट निवेदन पत्रमा समेत विपक्षीले विवादित जग्गामा जग खनी पिलर उठाउन सुरू गरेको र निर्माण सामग्री थुपारी राखेको भनी उल्लेख गरेको देखिँदा प्रत्यर्थीहरूले निर्माणको कार्य सुरू गरिसकेको भन्ने नै देखिन आउने।

निवेदकले कानूनले दिएको अधिकार प्रयोग नगरी अदालतमा रिट क्षेत्रबाट प्रवेश गरेको मिलेको नदेखिनुको साथै विवादित जग्गामा प्रत्यर्थीहरूले निर्माणको कार्य सुरू गरिसकेको भन्ने देखिएकोले निषेधाज्ञा जारी गर्न मिल्ने अवस्था नदेखिँदा निवेदकको निषेधाज्ञाको निवेदन खारेज गर्नेगरी भएको सुरू पुनरावेदन अदालत पाटनको मिति २०७०।०८।१९ को आदेश मनासिब नै रहेको देखिने।

तसर्थः माथि विवेचित आधार कारणहरूसमेतबाट निवेदकको निषेधाज्ञाको निवेदन खारेज हुने ठहऱ्याएको सुरू पुनरावेदन अदालत पाटनको मिति २०७०।०८।१९ को आदेश मनासिब नै देखिँदा सो आदेश सदर हुने।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७५ साल कात्तिक ११ गते रोज १ शुभम्।

९

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७२-CI-०२१६, निषेधाज्ञा / परमादेश, *सुरेन्द्रप्रसाद सिंह वि. विश्वमोहनप्रसाद सिंह राजपुतसमेत*

पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।११।२६ मा भएको आदेशबमोजिम कागज गर्दा प्रत्यर्थी बाबु विश्वमोहनप्रसाद सिंहले जगदीशप्रसादको नाउँको जग्गा सबै लिलाम गराइसकेको छ । निजको नाउँमा कुनै जग्गा जमिन छैन भनी र यी पुनरावेदक सुरेन्द्रप्रसाद सिंहले जगदीशप्रसाद र आफू २०३५ सालदेखि नै भिन्न भएकोले निजको नाउँमा जग्गा भएको नभएको थाहा छैन भनी मिति २०७१।१२।१६ मा कागज गरेको देखिएको हुँदा जगदीशप्रसाद सिंहको नाउँमा कुनै जग्गा नभएपछि निजको स्व. पिता रामआशिषको नाउँमा रहेको जग्गाबाट जगदीशप्रसादको पनि आधामा अपुताली हक भएकाले यी प्रत्यर्थीले रामआशिषको जग्गाबाट बिगो भराउनेतर्फ कारबाही गरी भएको आदेशहरू कानूनअनुरूप नै भए गरेको देखिने ।

पुनरावेदक सुरेन्द्रप्रसाद सिंह स्व. रामआशिषको नाती, स्व.जगदीशप्रसाद सिंहको छोरा भएको कारणले निज रामआशिषको नाउँमा रहेको जग्गामा निजको पनि अपुताली हक हुने भएको देखिन्छ । साथै वादी सुरेन्द्रप्रसाद सिंह प्रतिवादी जगदीशप्रसाद सिंह राजपुत र सीताराम सिंह राजपुत भएको दे.नं. १५०२ को लेनदेन मुद्दामा बिगो भरी पाउने ठहरी फैसला भएअनुसार रामआशिष सिंहको नाउँमा रहेको कि.नं.१४ र ११० को जग्गा मिति २०६१।८।२० मा डाँक लिलाम हुँदा यीनै पुनरावेदकले सकार गरेको देखिन्छ । यसरी जगदीशप्रसाद सिंहले खाएको ऋणमा स्व. रामआशिष सिंहको नाउँमा रहेको जग्गा लिलाम हुँदा पुनरावेदक स्वयम्ले सकार गरेको अवस्थामा स्व.जगदीशप्रसादको अपुताली भागबाट असुलउपर गरिपाउन चलेको कारबाहीले यी पुनरावेदकको कुनै हकमा असर पर्न गएको भन्ने नदेखिएको अवस्था निवेदकको निषेधाज्ञाको निवेदन खारेज गर्ने गरी भएको सुरू पुनरावेदन अदालत जनकपुरको आदेश मनासिब नै रहेको देखिन आउने ।

तसर्थः विवेचित आधार कारणहरूसमेतबाट ऋणी जगदीशप्रसाद सिंहको अपुताली हकखाने यी रिट निवेदक सुरेन्द्रप्रसाद सिंह देखिएको, ऋणी जगदीशप्रसाद सिंह र निजको बाबुराम आसिष सिंहसमेतको मृत्यु भइसकेको देखिएको, ऋणीको नाउँमा बिगो असुलउपर हुने जेथा रहे भएको भन्ने नदेखिएकोले ऋणीको अपुताली हक पुग्नेसम्मको जग्गाबाट फैसलाबमोजिमको लेनदेनको बिगो असुल गर्ने भन्ने कारबाहीमा कुनै कानूनी त्रुटि रहे भएको नदेखिएकोले निवेदकको निषेधाज्ञायुक्त परमादेशको निवेदन खारेज हुने ठहऱ्याएको सुरू पुनरावेदन अदालत जनकपुरको मिति २०७२।१।८ को आदेश मनासिब नै देखिँदा सो आदेश सदर हुने ।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

इति संवत् २०७५ साल कात्तिक ११ गते रोज १ शुभम् ।

१०

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७२-CI-०७९६, अंश नामसारी, *टिमकी अहिर वि. चौधरी यादव*

वादी चौधरी यादव र प्रतिवादी टिमकी अहिर दुवैजना आफ्नै सहोदर दाजुभाइ नाताका मानिस भएको कुरा नातासम्बन्धमा रूपन्देही जिल्ला अदालतबाट मिति २०७०।२।२५ मा भएको सर्जमिन मुचुल्काबाट देखिन्छ भने सो सर्जमिन मुचुल्कालाई यी प्रतिवादीले अन्यथा भन्न सकेको अवस्थासमेत देखिँदैन । वादीले नातामा बयान गर्दा आफू खेलईको नाती, गब्बु यादवको छोरा भनी नेपाली नागरिकताको प्रमाणपत्र पेस गरेको देखिन्छ । त्यस्तै प्रतिवादीले पेस गरेको निजको नामको नेपाली नागरिकताको प्रमाणपत्र हेर्दासमेत बाबुको नाम गब्बु यादव देखिएबाट यी वादी र प्रतिवादीका बाबु गब्बु यादव नै रहेको देखिन आउने ।

वादी प्रतिवादीहरूका नाममा जारी भएका नेपाली नागरिकताका प्रमाणपत्रहरू, अदालतबाट

भएको स्थलगत सर्जमिन मुचुल्काका साथै वादीका साक्षीको बकपत्रसमेतबाट यी वादी र प्रतिवादीहरू गब्बु यादवका छोराहरू भई दाजुभाइ नाताका मानिसहरू रहेको पुष्टि हुन आउने।

प्रतिवादीले प्रतिउत्तरसाथ पेस गरेको उद्धरण खतौनी भारतको मतदाता नामावलीमा वादी भारतको नौतनवा बस्ने वंशीको नाति, खेलईको छोरा हुन् भनी उल्लेख गरेको भए पनि सो प्रमाणलाई नेपालको अदालतबाट परीक्षण गरी प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने अवस्था नदेखिने।

वादी प्रतिवादीहरू दाजुभाइ नाताका रहेको पुष्टि भएको र वादीले आफ्नो भागको अंश लिएपाएको भन्ने प्रतिउत्तरलगायतका कुनै पनि कागज प्रमाणबाट नदेखिई निज वादी प्रतिवादीहरू सगोलमै रहेको देखिएबाट यी वादीले कानूनबमोजिम आफ्नो भाग अंश पाउने नै देखिन आउने।

अतः उल्लिखित आधार एवम् कारण र प्रतिपादित सिद्धान्तसमेतका आधारमा यी प्रतिवादीले अंश पाउने ठहर गरेको सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।८।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मिनबहादुर कुँवर

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७५ साल कात्तिक २० गते रोज ३ शुभम्।

- यसमा यसै लगाउको ०७२-CI-०७९७, लिखत बदर, *टिमटी अहिरसमेत वि. चौधरी यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

११

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७०-CR-१५५०, १७४३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पूर्णबहादुर बोहरा, चेतबहादुर बोहरासमेत वि. नेपाल सरकार*

तत्काल उठेको रिसबाट आवेशमा आई आफूलाई नियन्त्रण गर्न नसकी अचानक, अनियन्त्रित अवस्थामा कसैको मृत्यु हुन्छ भने आवेशप्रेरित हत्या भई ज्यानसम्बन्धी महलको १४ अनुसार सजाय हुने।

मुद्दाको वारदातमा लाठा, ढुङ्गा, लात, मुक्का हानेको तथ्य वादी पक्षले पेस गर्न सकेको देखिँदैन । मृतक र प्रतिवादीहरूबिच पूर्वचिनजान रिसइबीसमेत देखिँदैन। निजहरूबिच वादविवाद भई आवेशमा आई वारदात घटेको हो भन्ने वादी पक्षले पुष्टि गर्न नसकेको अवस्थामा ज्यानसम्बन्धी महल १४ नं. बमोजिम सजाय गर्न मिल्ने अवस्थाको विद्यमानता देखिन नआउने।

मौकामा वारदात स्थलमा उपस्थित रहेका व्यक्तिहरूले अनुसन्धानका सिलसिलामा घटना विवरण कागज गर्दा उल्लेख गरेको बेहोरा र अदालतसमक्ष गरेको बकपत्र एक आपसमा बाझेको देखिन्छ । प्रतिवादीहरू विरूद्ध मुल प्रमाणको रूपमा वादी पक्षले पेस गरेका व्यक्तिहरूको भनाइ विरोधाभाषपूर्ण भई एकआपसमा बाझिएकोसमेत देखिँदा यस्तो कथनलाई प्रतिवादीहरूको विरूद्धमा प्रमाणमा ग्रहण गर्न मिल्ने नदेखिने।

प्रतिवादीहरूले अनुसन्धान अधिकारी तथा सुरू अदालतमा बयान गर्दा आरोपित कसूरमा पूर्णत: इन्कार रहेका छन । मृतकसँग प्रतिवादीको कुनै चिनजान, रिसइबी, लेनदेन नभएकोले मृतकलाई प्रतिवादीहरूले मार्नुपर्ने कुनै कारण थिएन। निजहरूले मृतकलाई मारेको कुरामा विश्वास लाग्दैन, मृतकका साथीहरूले प्रहरीलाई खबर नगरी गाउँमा खबर गरी गाउँलेहरू आई प्रतिवादीहरूलाई कुटपिट गरेका हुन् भन्ने बेहोराको प्रतिवादी पूर्णबहादुर बोहराका साक्षी प्रसाद सिंहको बकपत्र गरेको देखिन्छ। प्रतिवादीहरूले मृतकसँग रहेको पैसा लिएका होइनन्। प्रतिवादीहरूले मृतकलाई नमारेकोले निजहरूलाई सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी चेतबहादुर बोहराका साक्षी बहादुर सिंह बोहराले सुरू अदालतमा बकपत्र गरेको देखिन्छ । प्रतिवादीहरूको इन्कारी बयानलाई निजहरूका सक्षीहरूको बकपत्रबाट समर्थित भएको देखिन्छ । वादी पक्षले पेस गरेका व्यक्तिहरूले

मौकामा अनुसन्धान अधिकारीसमक्ष भएको कागजमा प्रतिवादीहरूले खसालेको देखेका हौं भनी कहीँकतै उल्लेख गर्न नसकेको कुरा र निजहरूले अदालतसमक्ष गरेको बकपत्रको भनाइमा एकरूपता नभई मेल खाएको देखिँदैन । यस्तो विरोधाभाष भनाइलाई आधार मानी प्रतिवादीहरूलाई सजायको भागी बनाउनु फौजदारी न्याय सिद्धान्तविपरीत हुन जान्छ । शङ्कारहित तवर कसूर स्थापित नभएबाट प्रतिवादीहरूकै कार्यबाट मृतकको मृत्यु भएको मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिँदैन । तसर्थ, अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भनी लिएको वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रकरणहरूमा विवेचित कानून आधार प्रमाणबाट पुनरावेदन अदालत दिपायल, डोटीबाट मिति २०७०।०९।२३ मा ज्यानसम्बन्धी महलको १४ नं. अनुसार जनही १० वर्षकैद सजाय हुने गरी भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीहरू कृष्णबहादुर बोहरा र पूर्णबहादुर बोहरालाई सफाइ दिने ठहर गरेको सुरू डोटी जिल्ला अदालतको फैसला सदर हुने ।

इजलास अधिकृतः सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल भदौ २६ गते रोज ३ शुभम् ।

इजलास नं. ५

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७३-WO-०६९९, उत्प्रेषण, *रामचन्द्र पौडेल वि. त्रिभुवन विश्वविद्यालय, प्राज्ञिक परिषद् कीर्तिपुरसमेत*

त्रि.वि.वि. कानून संकायको मिति २०५१।१०।२० मा बसेको विद्या परिषद्को बैठकले सबै सरोकारवाला पक्षको छलफल गरी कानून प्रमाणपत्र तह खारेज गर्ने र त्रि.वि. ले मान्यता दिएका शैक्षिक संस्थानबाट कुनै विषयमा स्नातक तह उत्तीर्ण गरेकालाई मात्र कानूनको LLB तहमा भर्ना लिन योग्यता तोक्न प्राज्ञिक परिषद्लाई सिफारिस गर्ने, हाल प्रविणता प्रमाणपत्र तहमा भर्ना लिइसकेका विद्यार्थीहरूलाई वि.एल. को तेस्रो वर्षसम्म नियमित रूपमा भर्ना लिई पठनपाठन गराउनेबारे प्राज्ञिक परिषद्लाई जानकारी दिने भन्ने निर्णय भई त्रि.वि.वि. बाट कानून विषयको प्रविणता प्रमाणपत्र तह सन् १९९६ देखि नै खारेज भई २००९ देखि नै LLB को शैक्षिक कार्यक्रम सञ्चालन गर्ने गरी निर्णय गरी अध्ययन अध्यापन गर्ने कार्य भएको भन्ने विपक्षीको लिखित जवाफ र मिसिल संलग्न निवेदकले पेस गरेको प्रमाण कागजातसमेतबाट देखिने ।

निवेदकले २०५० सालमा कानून विषयमा प्रविणता प्रमाणपत्र तह IL उत्तीर्ण गरेको देखिन्छ । सन् १९९६ देखि नै त्रिभुवन विश्वविद्यालयबाट IL फेजआउट हुने त्रि.वि.वि. कानून संकायबाट मिति २०५१।१०।२० मा निर्णय भएको पाइन्छ । तत्कालीन शिक्षा प्रणालीमा भर्ना भई IL उत्तीर्ण गरेको व्यक्तिहरूको लागि सो फेजआउट भएपनि नयाँ प्रणालीमा अध्ययन गर्न सोही बखत निर्णय गरेको देखिन्छ । निवेदकलाई दिएको अवसरमा आफैँले चाँसो र सरोकार देखाई मौकामा नै अध्ययन गर्न गएको देखिन आउँदैन । लामो अवधि पछि फेजआउट भइसकेको शिक्षा प्रणालीकै आधार लिई LLB तहमा भर्ना हुन पाउनु पर्ने भन्ने निवेदकको दाबी विलम्बको सिद्धान्तले पनि मिल्ने नहुने ।

त्रिभुवन विश्वविद्यालयबाट दिएको अवसर मौकामा स्वयम् निवेदकले सरोकार चासो दिई तत्काल नै भर्ना भई अध्ययनलाई निरन्तरता दिनु पर्ने हुन्छ । अन्यथा जहिले सुकैपनि सो अवसर प्राप्त नहुने र नयाँ शैक्षिक प्रणालीले अपनाउनु पर्ने कार्यविधिलाई नै असर पर्ने गरी निवेदकले सिधै LLB मा भर्ना हुन पाउने भन्न मिल्ने नहुने ।

अतः त्रिभुवन विश्वविद्यालयले पाठ्यक्रमसमेत परिमार्जन संशोधन गरी LLB मोडेलको कक्षा सञ्चालन भएको पनि लामो समय

भइसकेपछि त्रिभुवन विश्वविद्यालयको परिमार्जित र संशोधित व्यवस्थाबमोजिम कुनै पनि विषयमा स्नातक नगरेका निवेदकलाई सन् २०१६ मा आएर कानून विषयको प्रविणता प्रमाणपत्र तह (IL) बाट सिधै LLB मा भर्ना हुन पाउँछ भनी त्रिभुवन विश्वविद्यालयमा भएको व्यवस्था र नियमविपरीत हुने गरी त्रिभुवन विश्वविद्यालयबाट भएको हालको LLB मोडेलको व्यवस्था र नियमहरू खारेज वा संशोधन हुन सक्ने अवस्था नहुँदा विलम्बको सिद्धान्तसमेतको आधारमा प्रस्तुत रिट निवेदनको कुनै औचित्य नरहेकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नु पर्ने स्थिति नदेखिने।

तसर्थ, विवेचित आधार कारणबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटरः विनोदकुमार बनिया

इति संवत् २०७४ साल पुस १९ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६८-CR-००९८, किर्ते जालसाजी, *राउत अहिर वि. कलादेवी कायस्थ*

विवादको कि.नं. ११ समतेका १५ कित्ता जग्गा जग्गा दर्तावाला व्यक्ति सुनरपती राजपुतनीले मिति २०५३।५।१५ मा गरिदिएको सर्त करारबाट निज २०५३ सालसम्म जीवित नै रहेको मान्नु पर्ने भएको छ। २०५३ सालमा सर्त करारानामा गरिदिने व्यक्ति सुनरपतिलाई २०३४ सालमा नै मृत्यु भएको भनी गा.वि.स. को नक्कली सिफारिसपत्र बनाई प्रतिवादी उर्मिला देवीले पेस गरेको देखियो। उर्मिला देवीको नाउँमा मिति २०५४।७।२५ मा नामसारी गरेको र सोको भोलिपल्ट नै अर्थात् मिति २०५४।७।२६ मा नामसारी गरी लिएका १५ कित्ता जग्गा पुनरावेदक वेलु राउत अहिरलाई हक हस्तान्तरण गर्ने कार्य भएको छ। अदालतबाट भएको फैसलाबाट प्रत्यर्थी वादीको हक हुने जग्गालाई नक्कली व्यक्ति खडा गरी हकवाला भनी गा.वि.स.को नक्कली सिफारिस बनाई नामसारी गरी भोलिपल्ट नै यी पुनरावेदकले खरिद गरेको जुन घटना परिस्थिति व्यवहारबाट यी कार्यहरू भएको छ। सो कार्यमा पुनरावेदक प्रतिवादी वेलु राउत अहिरको पनि जालसाजी क्रियामा संलग्नता रहेको देखियो। यस्तो हकै नभएको व्यक्तिबाट जालसाजी गरी लिने कार्य भएको हुँदा पुनरावेदकको पनि जालसाजी कार्य गर्न गराउन र जालसाजी कार्यबाट प्राप्त भएको सम्पत्तिलाई वैधता प्रदान गर्न उद्दत रहेकै देखियो। अतः पुनरावेदक प्रतिवादी निर्दोष रहेको भन्ने नदेखिने।

साथै बारा जिल्ला अदालतको उपर्युक्त मिति २०५४।७।६ को फैसला बदर गरिपाउँ भनी वादी मिरा सिंहले दिएको मुद्दामा सुरू फैसला उल्टी गरी वादी दाबी खारेज हुने ठहरी पुनरावेदन अदालतबाट फैसला भएकोमा सो फैसलाउपर मिरा सिंहको सर्वोच्च अदालतमा ०६७-CI-१४९२ को पुनरावेदन परेकोमा सर्वोच्च अदालतबाट समेत मिति २०७२।७।१० मा पुनरावेदन अदालतबाट भएको फैसला सदर हुने ठहरी फैसला भई अन्तिम भएर बसेको हुँदा बारा जिल्ला अदालतको उक्त मिति २०५४।७।६ को फैसला यथास्थितिमा रही अन्तिम भइरहेको अवस्था छ। यसरी मिति २०५४।७।६ को बारा जिल्ला अदालतको फैसला अन्तिम भइरहेकोबाट कि.नं. ११ समेतका जग्गाको सम्बन्धमा जग्गा दर्तावाला सुनरपती राजपुतनीले मिति २०५३।५।१५ मा गरिदिएको सर्तनामा र बारा जिल्ला अदालतको मिति २०५४।७।६ को फैसलाले वादीको नाउँमा हक कायम हुने ठहरेको अवस्थामा उक्त फैसलालाई निष्प्रयोजन गर्ने उद्देश्यले प्रतिवादी उर्मिला राजपुतनीले मिति २०५४।७।२४ मा बडहर्वा गा.वि.स.बाट प्राप्त गरेको सिफारिस र सो सिफारिसको आधारमा भए गरेको कारबाही र मालपोत कार्यालयबाट कि.नं. ११ समेतका जग्गा निज उर्मिला सिंहको नाउँमा हक कायम गरिदिने टिप्पणी आदेश भई त्यसको भोलिपल्ट मिति २०५४।७।२६ मा प्रतिवादी उर्मिला राजपुतनीले उक्त सबै जग्गा बेलु राउत अहिरलाई राजीनामा पारित गरिदिएको कार्यसमेत वादी दाबीअनुसार वादीको हक

मेटाउने उद्देश्यले जालसाजीपूर्वक गरेको भन्ने पुष्टि हुन आएकोले सुरू जिल्ला अदालतको फैसला उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मनासिब नै देखिने।

तसर्थ विवेचित आधार कारणबाट वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू बारा जिल्ला अदालतको मिति २०६४।९।२४ को फैसला उल्टी भई वादी दाबीअनुसार प्रतिवादीहरूले जालसाजी किर्तेको कसूर गरेको ठहर गरी निज प्रतिवादीहरूलाई किर्ते कागजको १० नं. बमोजिम बिगो रू.१,८६,३००।– को २५ प्रतिशतले हुने रू.४६,५७५।– जरिवानासमेत हुने ठहर्‍याई भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।७।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल भदौ १४ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६८-CI-००९०, लिखत दर्ता बदर दर्ता, *बेलु राउत अहिर वि. कलादेवी कायस्थ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

इजलास नं. ६

मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७३-CR-०३४५, ०६५६, कर्तव्य ज्यान, *मिलन मल्लसमेत वि. नेपाल सरकार, गगन शाही वि. नेपाल सरकार*

घटनास्थल लासजाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, सहप्रतिवादीहरूले गरेको घटना विवरण कागजसमेतबाट यी पुनरावेदक प्रतिवादी गगन शाहीले मौकामा गरेको साबिती बयान समर्थित हुने देखिँदा मृतकको मृत्यु निज प्रतिवादीले चक्कु र बियरको बोतल प्रहारबाट भएको चोटको कारणबाट नै भएको पुष्टि हुन आउने।

चक्कुको चोट मृतकबाहेक प्रत्यक्षदर्शी पारस खाम्चालाई पनि लागेको तथ्य पारस खाम्चाले गरेको घटना विवरण कागज र अदालतमा उपस्थित भई गरेको बकपत्रसमेतबाट पुष्टि भएको देखिँदा सो वारदातलाई आकस्मिक र अनिश्चित मान्न मिल्ने नदेखिने।

प्रतिवादीले चक्कु र बियरको बोतलले मृतकलाई प्रहार गरेको देखिन्छ । पुनरावेदक र मृतकबिच बियर खाने नखाने विषयमा विवाद रहेको र सोही विषयलाई लिई चक्कुजस्तो धारिलो हतियार प्रहार गरेकोमा सोको प्रयोगबाट मानिस मर्न सक्छ भन्ने जानकारी पुनरावेदकलाई थिएन भनी भन्न सकिने अवस्था नरहने।

अतः उल्लिखित सम्पूर्ण सिलसिलेवार घटना विवरण, प्राप्त सबुद / प्रमाण कानूनी व्यवस्था तथा प्रतिपादित नजिरसमेतलाई विचार गर्दा प्रतिवादी गगन शाहीलाई ज्यानसम्बन्धी महलको १३(३) को कसूरमा सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत सुर्खेतको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीको उमेर, पारिवारिक अवस्था, घटनाको प्रकृति साथै बियरजस्तो मादक पदार्थ खाई मातेको अवस्थामा साथीसँग वादविवाद भई प्रस्तुत वारदात घटेको हुँदा यस्तो अवस्थामा यी प्रतिवादीलाई अभियोग दाबीअनुरूप सजाय निर्धारण गर्दा चर्को पर्न जाने नै देखिन्छ। तसर्थ निज प्रतिवादी गगन शाहीलाई पुनरावेदन अदालत सुर्खेतले मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद सजाय गर्ने गरी पेस गरेको राय चर्को हुन जाने भएबाट निजलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १२ (बाह्र) वर्ष कैद सजाय हुने।

कानूनद्वारा गर्नुपर्ने कार्य नगरेमा हुन जाने परिणामको दायित्व यी प्रतिवादीले बहन गर्नुपर्ने नै हुन आउँछ । यसमा पनि प्रतिवादीहरू वारदातस्थलमा उपस्थित हुनु र प्रतिवादी गगन शाहीको पारस खाम्चा र मृतक इन्द्रबहादुर बुढासँग झगडा पर्दा केही प्रतिकार नगरी झगडा हेरी बस्नु पनि कसूरजन्य कार्य भएकोले निजहरूको प्रस्तुत वारदातमा सहभागिता रहेको पुष्टि हुने देखिँदा निजहरूले सो कार्यको दायित्व वहन

गर्नुपर्ने देखियो। अब सजायको सन्दर्भमा हेर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(३) मा "अरू किसिमसँग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरी रहेनलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ" भन्ने व्यवस्था रहेको पाइन्छ । सोही व्यवस्थाबमोजिम निज प्रतिवादीहरू मिलन मल्ल, चन्द्रबहादुर थापा र धनेश्वर चपाइलाई ऐ. महलको १७(३) नं. बमोजिम जनही ६/६ महिना कैद हुने ठहऱ्याई पुनरावेदन अदालत सुर्खेतबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

सुन्ने साक्षी भन्दा प्रत्यक्षदर्शीले जाहेर गरेको कुरालाई बलियो प्रमाणको रूपमा लिइन्छ । यसमा पनि प्रत्यक्षदर्शी एवम घटना विवरण कागज गर्ने पारस खाम्चाले गरी दिएको कागजमा सुवास सिंह ठकुरी वारदात स्थान नजिक ढलेको अवस्थामा थिए भन्ने तथा अन्य प्रतिवादीहरूसमेतले निज सुवास सिंह ठकुरीलाई पोल नगरी बयान गरेको देखियो । साथै प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी मुद्दामा दाबी प्रमाणित गर्ने भार वादीमा रहन्छ भन्ने कानूनी व्यवस्था रहेको छ। वादी नेपाल सरकारले यी प्रतिवादी सुवास सिंह ठकुरीको प्रस्तुत मुद्दाको वारदातमा के, कस्तो प्रकारको संलग्नता रहेको छ भन्ने तथ्ययुक्त प्रमाण पेस गरी अभियोग दाबीलाई पुष्टि गर्न सकेको देखिँदैन । तसर्थ प्रतिवादी गगन शाही तथा अरू प्रतिवादीहरूले गरेको बयानलगायत अन्य प्रमाणहरूबाट प्रतिवादी सुवास सिंह ठकुरीको मृतकलाई मार्नेमा कुनै सहयोग नरहेको तथा वारदातको बखत निज बेहोस भई ढलेको भन्ने तथ्य पुष्टि हुन आएकोले निजलाई अभियोग दाबीबमोजिम ६ महिना कैद हुने ठहऱ्याएको पुनरावेदन अदालत सुर्खेतको फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई निजले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: सुभद्रा जि.सी.

इति संवत् २०७५ साल असोज १ गते रोज २ शुभम्।

इजलास नं. ७

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा, *०७३-WO-०४५८, उत्प्रेषण, शम्भुशरण प्रसाद कलवारसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

शिक्षा ऐन, २०२८ मा भएको आठौं संशोधन मिति २०७३।३।१५ मा प्रकाशन भई लागु भएको देखिन्छ । ऐन, लागु भइसकेपछि त्यसमा भएका संशोधित व्यवस्थासमेत तुरुन्त नै लागु हुने हुन्छ । ऐन बन्ने वा संशोधन हुने तर वर्षौंसम्म ऐनका प्रावधान लागु नहुने भन्ने पनि हुँदैन र त्यसरी भएका संशोधन लागु नहुने गरी अदालतले आदेश जारी गर्न मिल्ने पनि हुँदैन। संसद्ले बनाएको ऐनका प्रावधानहरू यदि संविधानसँग बाझिएका छन र उक्त ऐनका प्रावधान बदर गरिपाउँ भनी अदालतमा निवेदन गरेको अवस्था छ भने मात्र उक्त प्रावधानहरू लागु हुन नसक्ने गरी निष्क्रिय गर्न मिल्ने हुन्छ। अन्यथा ऐनमा भएका प्रावधान ऐन, कार्यान्वयनसँगै कार्यान्वयन भइहाल्दछन । ऐनमा भएको नयाँ संशोधनको प्रावधान लागु गर्ने प्रयोजनको लागि नै शिक्षा मन्त्रालयबाट मन्त्रीस्तरीय निर्णय भएको र शिक्षा विभागले पनि सूचना प्रकाशन गरी निर्देशन पठाएको तथा जिल्ला शिक्षा कार्यालयहरूले पनि परिपत्रहरू गरेको देखिएबाट उक्त निर्णय, निर्देशन र परिपत्रहरूलाई अन्यथा मान्नु पर्ने अवस्था नदेखिने।

शिक्षा ऐन, २०२८ को आठौं संशोधनले विद्यालय व्यवस्थापन समितिको संरचनामा विगतमा भन्दा फरक व्यवस्था गरेको देखिन्छ । विद्यालय व्यवस्थापन समितिलाई बढी समावेशी बनाउने उद्देश्यले समेत संशोधन गरेको देखिन्छ। संविधानले नै समावेशी सिद्धान्तलाई अङ्गीकार गरेको अवस्थामा सोही प्रावधानअनुसार भएको शिक्षा ऐनको संशोधनको व्यवस्थालाई अन्यथा अर्थ गर्न हुँदैन । संविधानले गरेको समावेशी सिद्धान्तअनुसार महिलालाई विद्यालय

व्यवस्थापन समितिमा निश्चित प्रतिशत प्रतिनिधित्त्व सुनिश्चित गर्नको लागिसमेत प्रस्तुत संशोधन भएको देखिएबाट संविधानको व्यवस्था कार्यान्वनको लागि भएको संशोधनले समावेशी राज्य निर्माण गर्ने संविधानको मर्मलाई पूरा गर्ने देखिन्छ । अर्कोतर्फ संशोधित ऐनले विद्यालय व्यवस्थापन समितिको संरचनामा फेरबदल गरेको अवस्थामा संशोधनअगाडि भएको व्यवस्थाअनुसारको व्यवस्थापन समितिको पदावधि बाँकी रहेको भनी व्याख्या गर्दा संशोधित व्यवस्थाअनुसारको विद्यालय व्यवस्थापन समिति लामो समयसम्म निर्माण हुन सक्ने अवस्था देखिँदैन। यसबाट ऐन, संशोधन हुने तर लामो समयसम्म कार्यान्वयनमा जान नसक्ने स्थितिको सिर्जना हुन जाने देखिन्छ । यदि संशोधन अगाडिको विद्यालय व्यवस्थापन समितिलाई निरन्तरता दिने विधायिकी मनसाय रहेको भए संशोधन हुँदा सोसम्बन्धी उल्लेख गर्नु पर्नेमा त्यस्तो व्यवस्था नगरेबाट पनि संशोधन अगाडिको विद्यालय व्यवस्थापन समितिलाई बाँकी कार्यकालको लागि निरन्तरता दिने विधायिकी मनसाय रहेको थिएन भन्ने नै देखिन्छ। विधायिकाले विद्यालय व्यवस्थापन समितिको पदावधि ३ वर्षको हुने भन्नुको अर्थ संशोधित व्यवस्थाअनुसार गठन हुने समितिको पदावधि ३ वर्ष हुने भन्ने अर्थ लगाएको कारण नै उक्त पदावधिसम्बन्धी उपदफामा संशोधन आवश्यक नठानेको मान्नु पर्ने।

निवेदकहरूलाई संशोधित व्यवस्थाअनुसार गठन हुने विद्यालय व्यवस्थापन समितिमा प्रतिस्पर्धा गर्न वा प्रतिनिधित्व गर्न संशोधित व्यवस्थाले रोक लगाएको अवस्थासमेत छैन। यसै अदालतबाट यस्तै विषयवस्तु समावेश भएको निवेदक राजेन्द्रप्रसाद यादव विपक्षी शिक्षा मन्त्रालयसमेत भएको रिट नं. ०७३-WO-०६५६ को मुद्दामा समेत मिति २०७४।६।३१ मा फैसला हुँदा निवेदकलाई ऐनको व्यवस्था नै कार्यान्वयन रोक्न सक्ने संवैधानिक र कानूनी अधिकार नभएको, ऐनको संशोधित व्यवस्थाको कार्यान्वयन रोक्नु पर्ने अवस्थासमेत विद्यमान भएको नदेखिएको र पुराना पदाधिकारीलाई निरन्तरता दिँदा संशोधित ऐनले गरेका व्यवस्था कार्यान्वयन हुन नसक्ने तथा संशोधित व्यवस्थाले निवेदकको कुनै संवैधानिक वा कानूनी अधिकारमा कुनै असर परेको मान्न नमिल्ने हुँदा रिट निवेदकको निवेदन दाबी पुग्न नसक्ने ठहरी फैसलासमेत भएको देखिने।

अत: उपरोक्तबमोजिमको तथ्य, प्रमाण र कानूनको विश्लेषणबाट शिक्षा ऐन, २०२८ को संशोधित व्यवस्थाको कार्यान्वयन रोकी पाउँ भन्ने अधिकार यी निवेदकहरूलाई नभएको र शिक्षा ऐन, २०२८ मा भएको संशोधनको व्यवस्थाबाट निजहरूको विद्यालय व्यवस्थापन समितिमा प्रतिनिधित्व गर्ने संवैधानिक र कानूनी हकाधिकारमा प्रतिकूल असर परेको नदेखिएबाट शिक्षा ऐन, २०२८ मा भएको आठौं संशोधनबमोजिम शिक्षा मन्त्रालयबाट भएको मिति २०७३।३।२८ को माननीय मन्त्रीस्तरीय निर्णय, सो निर्णयबमोजिम शिक्षा विभागबाट जिल्ला शिक्षा कार्यालयहरूलाई मिति २०७३।४।५ भएको निर्देशन र विभागको निर्देशनबमोजिम जिल्ला शिक्षा कार्यालय रौतहट र पर्साबाट विद्यालयहरूलाई भएका मिति २०७३।४।३१, मिति २०७३।७।३ र मिति २०७३।८।१० का पत्राचारहरू कानूनबमोजिम नै भएको देखिँदा निवेदकको निवेदन जिकिरबमोजिमको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

इति संवत् २०७५ साल माघ २० गते रोज १ शुभम्।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७३-CI-०२२०, हक कायम दर्ता, शेरबहादुर श्रेष्ठ वि. रत्नबहादुर श्रेष्ठ*

दाबीको जग्गा वादीको नाममा दर्ता हुनुपूर्व नै शेरबहादुर ठिमिलेका नाममा दर्ता स्रेस्ता तयार भई सो आधारमा शेरबहादुर राजथलाको नाउँमा ना.सा.मि.नं. ५०।२०५३।४।२९ को निर्णयले कृष्णकुमारीसमेत ३ जनाका नाममा आएको, र.नं.२२९८ मिति

२०५३।९।२२ को लिखतबाट राममाया राजथलाको नाउँमा हा.ब. गरी फेरि मिति २०६३।१२।११ मा ना.सा. मि.नं. ४७ बाट माइलाबहादुर राजथलाको नाउँमा नामसारी दर्ता आएको र र.नं.१५२७ को मिति २०६४।९।८ को निर्णयले रत्नबहादुर श्रेष्ठको नाउँमा कायम हुन आएको देखिने।

मालपोत कार्यालयबाट मिति २०५३।९।२२ मा भएको निर्णय एवम् सोपछि विभिन्न मितिमा भएका नामसारी निर्णय एवम् विभिन्न मितिका लिखतहरू वादीले बदर गराउन नसकी हालसम्म यथास्थानमा रहेकोमा कुनै विवाद देखिँदैन। यसरी नापीकै समयमा शेरबहादुर ठिमीलेका नाममा दर्ता भएको जग्गा यी वादीले आफ्नो हकको हो भनी समयमै उजुर गरी दर्ता बदर गराउनु पर्नेमा सो गराएको पनि नदेखिने।

मिसिल संलग्न प्रमाणबाट मालपोत कार्यालय भक्तपुरको मिति २०५५।११।२५ को निर्णयले वादी शेरबहादुर श्रेष्ठको नाममा दाबीको जग्गा दर्ता भएको देखिए पनि सो निर्णय पूर्वमिति २०५३।४।२९ मा नै कृष्णकुमारीसमेत ३ जनाका नाममा हुँदै र.नं. २२९८, मिति २०५३।९।२२ को लिखतबाट राममाया राजथलाको नाउँमा हा.ब.बाट कायम हुन आएकोसमेतबाट उल्लिखित कित्ता नं. को जग्गा विभिन्न मितिमा विभिन्न व्यक्तिहरूको नाममा नामसारी भई हक हस्तान्तरण हुँदै गएको पाइन्छ। सो भन्दाअगाडि नै शेरबहादुर ठिमीलेका नाममा भएको दर्तासमेत यथावत् रहेको अवस्थामा पछि आएर निवेदक वादीले गराएको दर्तालाई मान्यता प्रदान गर्न सकिने देखिँदैन। यस सम्बन्धमा ने.का.प. २०४१, नि.नं. २१२८ मा, एउटै जग्गा दोहोरो दर्ता भएमा पछिल्लो दर्ताले कानूनी मान्यता नपाउने भन्ने प्रतिपादित सिद्धान्तसमेतका परिप्रेक्ष्यमा सुरू भक्तपुर जिल्ला अदालतले वादी दाबी पुग्न नसक्ने ठहर गरी भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मनासिब नै देखिँदा मुद्दा दोहऱ्याई सुरू फैसला उल्टी गरिपाऊँ भन्ने निवेदकको निवेदन जिकिरका आधारमा दोहोऱ्याउने निस्साका उल्लिखित आधार र पुनरावेदकका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार कारणबाट फिराद दाबी पुग्न नसक्ने भनी मिति २०६७।४।२५ मा सुरू भक्तपुर जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी मिति २०६८।६।३० मा भएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः प्रकाश दत्त भट्ट

इति संवत् २०७५ साल मङ्सिर २५ गते रोज ३ शुभम्।

- यसमा यसै लगाउको ०७३-CR-०१३३ र ०७३-CI-०२१९, किर्ते जालसाजी, दोहोरो दूषित लिखत निर्णय दर्ता बदर दर्ता हक कायम, *मदनबहादुर श्रेष्ठ वि. शेरबहादुर राजथला* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७४-WO-०१८४, उत्प्रेषण, डा. सुरेन्द्र शर्मा वि. स्वास्थ्य मन्त्रालयसमेत*

मिति २०७४।०५।१४ गतेको सरूवा निर्णयबाट रिट निवेदक डा. सुरेन्द्र शर्मालाई आयुर्वेद चिकित्सालय नरदेवी काठमाडौंबाट धौलागिरी अञ्चल आयुर्वेद औषधालय, बागलुङमा सरूवा गरेको देखिन्छ। निवेदक मिति २०७२।१०।८ मा नेपाल आयुर्वेद स्वास्थ्य केन्द्र, सिन्धुपाल्चोकबाट हाल कार्यरत रहेको आयुर्वेद चिकित्सालय, नरदेवीमा सरूवा गरेको देखिँदा निजलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१ ले व्यवस्थित गरेको २ वर्षको सरूवा अवधि पुगेको देखिँदैन। तथापि स्वास्थ्य मन्त्रालयको उक्त निर्णयले निवेदकलाई सुविधा र सन्तुलनको दृष्टिकोणबाट असर परेको देखिएको भनी प्रस्तुत मुद्दा अन्तिम नभएसम्म सरूवा निर्णय यथावत् राख्न मिति २०७४।०५।३० मा यस अदालतबाट अन्तरिम आदेश जारी भई निवेदक

हालसम्म यथास्थानमा कार्यरत रहेको स्वास्थ्य मन्त्रालयको लिखित जवाफबाट देखियो । यसरी यस अदालतको अन्तरिम आदेशबाट निवेदक सरूवा हुनुभन्दा अगाडिकै कार्यालयमा कार्यरत रहिरहेको र हाल सरूवा गर्ने अवधि पुगिसकेको देखिँदा यो रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिने ।

स्वास्थ्य सेवा ऐन, २०५३ तथा नियमावली, २०५५ ले उपरोक्तानुसार विशेषज्ञ पदको परिभाषासम्म गरेको तर निवेदक कार्यरत एक्युपञ्चर पदलाई विषेशज्ञ पद भनी वर्गीकरण गरेको देखिँदैन । रिट निवेदकले त्यस्तो वर्गीकरण भएको छ भनी सप्रमाण दाबी लिन र सो दाबी पुष्टि गराउन सकेको पनि देखिँदैन । स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २२(ग१) बमोजिम रिट निवेदकलाई विशेष जिम्मेवारी दिने गरी जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सिन्धुपाल्चोकबाट नरदेवी आयुर्वेद चिकित्सालय, काठमाडौंमा सरूवा गरिएको भन्ने निजको मिसिल संलग्न सरूवा पत्रको प्रतिलिपिबाट देखिन्छ । विशेष जिम्मेवारी दिएको अवस्थालाई विषेशज्ञ पद हो भनी अर्थ गर्न मिल्ने देखिँदैन । तथापि त्यसरी विशेष जिम्मेवारी दिएर राखिएका कर्मचारीलाई सरूवा गर्ने छुट्टै आधारहरूसमेत प्रचलित स्वास्थ्य सेवा ऐन तथा नियमावलीमा रहेभएको देखिँदैन । तसर्थ सरूवा भएको स्थानमा जानै नपर्ने भन्ने रिट निवेदनको दाबी कानूनसम्मत रहेको मान्न नमिल्ने ।

यसप्रकार रिट निवेदक मिति २०७२।१०।८ मा आयुर्वेद चिकित्सालय नरदेवीमा सरूवा भई कार्यरत रहेकोमा मिति २०७४।५।१४ गतेको निर्णयबाट धौलागिरी अञ्चल आयुर्वेद औषधालयमा सरूवा भएकोमा यस अदालतबाट मिति २०७४।५।३० को अन्तरिम आदेशबाट साबिककै कार्यालयमा कार्यरत रही हाल २ वर्ष व्यतित भइसकेको देखिँदा मिति २०७४।५।१४ को निर्णयको औचित्य नै समाप्त भइसकेको सन्दर्भमा प्रयोजनहीन निवेदन मागबमोजिम रिट जारी गरिरहनु परेन । रिटनिवेदन खारेज हुने ।

इजलास अधिकृतः तीर्थराज भट्टराई

इति संवत् २०७५ साल फागुन ५ गते रोज १ शुभम् ।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७५-WO-०३४५, उत्प्रेषण, डा. काशीनाथ यादव वि. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेत*

यसमा रिट निवेदक निजामती कर्मचारी रहेको र निज नेपाल कृषि सेवा भेटेरिनरी समूह, वरिष्ठ पशु चिकित्सक पदमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिराहामा कार्यरत रहेको अवस्थामा निजको उक्त स्थानमा न्यूनतम् सेवा अवधि २ वर्ष नपुगेको र अनिवार्य अवकाशको लागि २ महिना अवधिसमेत बाँकी नरहेको अवस्थामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. २ ले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सर्लाहीमा कामकाज गर्न खटाउने गरी भएको निर्णयले निवेदकको नेपालको संविधानद्वारा प्रदत्त स्वतन्त्रता, समानता तथा सम्पत्तिसम्बन्धी हकको उल्लङ्घन हुन गएको र निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० ले गरेको कानूनी व्यवस्थाको प्रतिकूल भएकोले निवेदकलाई अन्यत्र कामकाज गर्न खटाउने गरी भएका निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकलाई यथास्थानमा कार्यरत रहन दिनु भनी परमादेशसमेत जारी गरिपाउँ भन्ने मुख्य निवेदन दाबी रहेको देखिने ।

मिति २०७४।८।२० मा अनिवार्य अवकाश प्राप्त गर्ने कर्मचारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. २ को मिति २०७५।६।४ को निर्णय एवम् मिति २०७५।६।५ को पत्रानुसार निवेदकलाई सरूवा गर्ने गरी भएको निर्णय निजामती सेवा नियमावली, २०५० को नियम ३६ को उपनियम ६ मा "उमेरको कारणबाट अनिवार्य अवकाश हुन एक वर्ष वा सोभन्दा कम अवधि बाँकी रहेको निजामती कर्मचारीलाई निजले मागेको अवस्थामा बाहेक सरूवा गरिने छैन ।" भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्षमा उक्त निर्णय कार्यन्वयन नगर्नु नगराउनु भनी यस अदालतबाट मिति २०७५।६।१४ मा अन्तरिम आदेश जारी भएको देखिन्छ । उक्त आदेशबमोजिम

रिट निवेदक साबिककै कार्यालयमा यथावत् काम गरी हाल अवकाश प्राप्त गरिसकेको अवस्थामा यो रिट निवेदन निष्प्रयोजन भइसकेको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिटनिवेदन खारेज हुने।

इजलास अधिकृतः तीर्थराज भट्टराई

इति संवत्२०७५ साल फागुन ५ गते रोज १ शुभम्।

५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही, ०६५-CI-०२५१, अबन्डा गोश्वारा सम्पत्ति बन्डा गरिपाउँ, *रमेश मानन्धर वि. रोहित मानन्धर*

विवादित कि.नं. १४४६ र कि.नं. १४४८ को जग्गाको स्रोत हेर्दा पुनरावेदक प्रतिवादी रमेश मानन्धरको आमा बद्रीमायाँ मानन्धर र सूर्यमाया मानन्धरसमेत बिचमा चलेको दर्ता बदरसमेत मुद्दामा श्री सर्वोच्च अदालतबाट मिति २०४९।११।१३ मा अन्तिम फैसला भएपश्चात् उक्त फैसला कार्यान्वयन गर्ने क्रममा पक्ष विपक्षीको बिचमा सहमती भई काठमाडौं जिल्ला अदालतको चलन पुर्जीसमेतका आधारमा मालपोत कार्यालय, डिल्लीबजारबाट काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २२ कि.नं.१४०३ को घरजग्गालाई कि.का. गरी कि.नं.१४४६ र कि.नं.१४४७ तथा कि.नं.१४०६ को जग्गालाई कि.का. गरी कि.नं.१४४८ र कि.नं.१४४९ कायम भएको देखिन्छ । उक्त कित्ताकाटबमोजिम प्रतिवादी रमेश मानन्धरको नाउँमा दाखेल खारेज भई कि.नं.१४४६ र कि.नं.१४४८ को घरजग्गा आएको देखिन्छ। यसबाट उक्त कि.नं.१४४६ र कि.नं.१४४८ को घरजग्गाको स्रोत पैतृक देखिन आउँछ । उक्त कि.नं.१४४६ तथा कि.नं.१४४८ को घरजग्गाको पैतृक सम्पत्तिबाट अंशियार रहेका प्रत्यर्थी वादी रोहित मानन्धरले अंश पाउने नै देखिन आउने।

फिराद दर्ताको मिति २०६०।२।२९ मा प्रत्यर्थी वादी रोहित मानन्धर, पुनरावेदक प्रतिवादी रमेश मानन्धर, निज रमेश मानन्धरको श्रीमती प्रमिला लाखे मानन्धर र निजको छोरी प्रमिसा मानन्धरसमेत गरी ४ अंशियार कायम रहेको देखिन्छ। हाल पुनरावेदक प्रतिवादी रमेश मानन्धरको मृत्यु भइसकेको भन्ने देखिँदा ३ अंशियार मात्र कायम रहको देखिन्छ । तसर्थ उक्त कि.नं. १४४६ तथा कि.नं. १४४८ को घरजग्गा यी ३ अंशियारहरूबिचमा अंशबन्डा हुने नै देखिन आउँछ। पुनरावेदन अदालत पाटनबाट उक्त घरजग्गाबाट दुई भागको एक भाग वादीले अंश पाउने ठहरी भएको फैसला मिलेको देखिन नआउने।

अत: उपरोक्तबमोजिमको तथ्य र प्रमाणको आधारमा पुनरावेदन अदालत पाटनबाट विवादित कि.नं. १४४६ तथा कि.नं.१४४८ को घरजग्गालाई २ भाग लगाई १ भाग वादीको अंशभाग कायम हुने ठहरी मिति २०६४।५।२५ मा भएको फैसला नमिलेको हुँदा केही उल्टी हुन गई उक्त कि.नं. १४४६ तथा कि.नं. १४४८ को घरजग्गालाई तीन भाग लगाई प्रत्यर्थी वादीले एक भाग अंश पाउने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

इति संवत् २०७५ साल माघ २३ गते रोज ४ शुभम्।

इजलास नं. ८

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७२-CR-०७८१, लागु औषध (ब्राउन सुगर), *जगदीश खड्का वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अदालतमा बयान गर्दा, आफ्नो साथबाट कुनै पनि लागु औषध बरामद नभएको, आफूले कुनै पनि लागु औषध सेवन गर्ने नगरेको भन्नेसमेतको बेहोरा उल्लेख गरी आरोपित कसूरमा पूर्णइन्कार रहेको देखिन्छ। सुरू अदालतमा यी पुनरावेदक प्रतिवादीले इन्कारी बयान गरे तापनि अनुसन्धान अधिकृतसमक्ष निजले गरेको बयानमा आफूबाट लागु औषध बरामद भएको तथ्यलाई निजले

स्वीकार गरेको पाइयो । सोहीबमोजिम लागु औषध बरामद भएको मुचुल्कामा प्रतिवादीसमेत रोहवरमा बसी सहीछाप गरेको तथ्यलाई प्रतिवादीले अन्यथा भन्न सकेको नपाइने । प्रस्तुत मुद्दामा तलासी एवम् बरामदी मुचुल्कामा "तत्काल वडा प्रतिनिधि राख्न सकिने अवस्था नभएको हुँदा कानूनबमोजिम प्रहरी सहायक निरीक्षक दर्जाले रोहबरमा सहीछाप गरेको" भन्नेसमेतको बेहोरा उल्लेख भई प्रहरी सहायक निरीक्षकहरू चक्रबहादुर पुजारी र प्रदेशीराम चौधरी रोहवरमा रहेको देखिन्छ । यसरी बरामदी मुचुल्कामा कानूनले निर्धारण गरेको प्रक्रिया पूरा गरेको देखिएकोले उक्त मुचुल्का कानूनविपरीत भन्न नमिल्ने ।

प्रतिवादीको साथबाट लागु औषध खैरो हेरोइन बरामद भएको दशी प्रमाणबाट नै प्रतिवादीको कसूर पुष्टि हुन आएको छ । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम कुनै पनि व्यक्तिको साथमा कुनै लागु औषध फेला परेमा निजले सो ऐनबमोजिम राखेको भन्ने कुराको प्रमाण निजले पेस गर्नुपर्ने, त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमाबाहेक सो ऐनअन्तर्गत सजाय हुने अपराध मानिने भन्ने प्रावधान रहेको पाइन्छ । यसरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम प्रतिवादीसँग बरामद भएको लागु औषध निज विरूद्ध प्रमाण लाग्ने नै देखिने । प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा, यी पुनरावेदकले अनुसन्धान अधिकृतसमक्ष गरेको साबिती बयानलाई दशी प्रमाणसहित बरामद भएको बरामदी मुचुल्का तथा प्रतिवेदक प्रहरी नायब निरीक्षक प्रेमप्रसाद रेग्मीको बकपत्रसमेतका प्रमाणले समर्थित गरी रहेको अवस्थामा प्रतिवादीले अदालतमा गरेको इन्कारी बयानको आधारमा मात्र निर्दोष भन्न मिल्ने देखिएन । प्रतिवादीले आरोपित कसूर गरेको देखिएको सन्दर्भमा निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) अनुसार १५ वर्ष ६ महिना कैद र रू.६,००,०००।- (छ लाख) रूपैयाँ जरिवाना हुने ठहऱ्याएको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मनासिब देखिन आउने ।

तसर्थ, उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी जगदीश खड्काले अभियोग दाबीबमोजिमको कसूर गरेको ठहऱ्याई निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) अनुसार १५ वर्ष ६ महिना कैद र रू.६,००,०००।- (छ लाख) रूपैयाँ जरिवाना हुने ठहऱ्याई काठमाडौं जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।१२।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कृति थापा

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७५ साल साउन २० गते रोज १ शुभम् ।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल, ०७२-CR-०८५७, जबरजस्ती करणी, *सुजनकुमार के.सी. वि. नेपाल सरकार*

वस्तुतः पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदनलगायतका प्रमाणहरू तत्काल सङ्कलन गरिएको र वैज्ञानिक पद्धतिबाट विशेषज्ञले हेरी जाँची दिएको रिपोर्टले वास्तविक वस्तुस्थितिको बारेमा स्पष्ट पारिरहेको देखिन आएको छ । यस्तो वस्तुगत प्रमाण जबरजस्ती करणी जस्तो मुद्दामा ज्यादै महत्त्वपूर्ण हुने गर्दछ । त्यस्ता प्रमाणले झुट्ठा कुरा बोल्दैनन् । यसमा material evidence बाट पुष्टि हुन गएको तथ्यको अगाडि करिब चार महिनापछि पीडिता तथा जाहेरवालीले hostile बनी गरेको बकपत्र यस अदालतबाट प्रतिपादित उल्लिखित न्यायिक सिद्धान्तको रोहबाट समेत भरपर्दो एवम् विश्वसनीय देखिन आएन । अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले पीडिताको योनिमा लिङ्ग प्रवेश गराउँदा दुखी पीडित कराएकोले छोडी भागेको भनी गरेको बयान उक्त प्रमाणहरूबाट समर्थित भइरहेको छ । घटनास्थलबाट पीडिताको चप्पल बरामद भएको छ ।

अदालतमा समेत पीडितासँग भेटघाट भएको यताउता लगेको भनी पीडिता र प्रतिवादीले स्वीकार गरेको अवस्था छ। आफैँले दिएको जाहेरी र मौकाको कागजमा फरक पर्ने गरी पीडिता र निजका बाबुले अदालतमा गरेको प्रतिकूल भनाइ पत्यार लाग्दो देखिएन। तसर्थ, तत्काल नाबालिका पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदनजस्तो तथ्यगत प्रमाणको रोहमा पीडिता नाबालिका परिवर्तित नाम कल्पना थापाउपर प्रतिवादी ढोले भन्ने सुजनकुमार के.सी. ले जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आउने।

प्रतिवादीको कसूरको सम्बन्धमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) मा दश वर्ष वा सोभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए आठदेखि बाह्र वर्षसम्म कैद सजाय हुने कानूनी व्यवस्था रहेको देखिन्छ। पीडिता परिवर्तित नाम कल्पना थापाको उमेर १३ वर्षको देखिन आएको छ। यस स्थितिमा प्रतिवादी ढोले भन्ने सुजनकुमार के.सी. लाई अभियोग मागदाबीबमोजिम नै सजाय गरेको पुनरावेदन अदालतको फैसला अन्यथा भन्न मिलेन। प्रतिवादीको पुनरावेदन जिकिर तथा निजको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादी ढोले भन्ने सुजनकुमार के.सी. लाई अभियोग दाबीबाट सफाइ हुने गरी सुरू रोल्पा जिल्ला अदालतबाट भएको फैसला उल्टी हुने ठहर गरी निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम नै मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ८ (आठ) वर्ष कैद र ऐ. को १० नं. बमोजिम प्रतिवादीबाट पीडिताले रू.७,०००।- (सात हजार रूपैयाँ) क्षतिपूर्ति भराई पाउने ठहर गरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७१।०५।०३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलाश अधिकृतः कालिबहादुर साम्यू लिम्बू
कम्प्युटर: देविना खतिवडा
इति संवत् २०७६ साल असार १६ गते रोज २ शुभम्।

इजलास नं. ९

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री प्रकाशमान सिंह राउत, ०७१-CR-०७४०, ०८७१, *कर्तव्य ज्यान, नेपाल सरकार वि. वृजविहारी महतो कोइरीसमेत, वृजविहारी महतो कोइरी वि. नेपाल सरकार*

प्रथमतः प्रतिवादी वृजविहारी महतोलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याई भएको फैसला मिलेको छ, छैन भन्ने सम्बन्धमा हेर्दा निज प्रतिवादीउपर ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी रहेको देखियो। प्रस्तुत वारदातमा प्रतिवादी वृजविहारी महतोको संलग्नता के कस्तो रहेको छ भन्नेतर्फ विचार गर्दा, निज प्रतिवादीले अदालतमा बयान गर्दा स.ज. ३ मा मानसिक रोगी भएको र आफूले सो घटना घटाएको होइन भनी अभियोग दाबीलाई इन्कार गरी अन्य प्रतिवादी शम्भु महतो र व्यास महतोले घटना घटाएको हो भनी उल्लेख गरेको देखिन्छ। तथापि निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०६७।३।३२ गते राति ८:३० बजेको समयमा भएको वारदात मसमेतको संलग्नतामा घटाएको हो भनी शृङ्खलाबद्ध रूपमा सिलसिलेवार रूपमा बयान गरेको पाइन्छ। भैयारामसमेतका वस्तुस्थिति मुचुल्काका मानिसहरूले प्रतिवादी वृजविहारीसमेतको संलग्नतामा पूर्वरिसइबीका कारण पूर्वयोजनाबमोजिम घटना घटाएको हो भनी उल्लेख गरिदिएको पाइयो। जाहेरवालाले दाइको घर परिवारसमेतलाई वृजविहारीसमेत मिली हात हतियारसमेतले मार्ने गरी काटकुट गरेको कुरा फोनबाट सुनी नारायणी उपक्षेत्रीय अस्पतालमा आउँदा बाटोमा नै भाउजू विनादेवी र भतिजो अशोक साहको मृत्यु भएकोले जाहेरी दरखास्त दिएको हुँ भनी मौकाको

जाहेरी पुष्टि गर्दै स.ज.५ मा बकपत्र गरेको देखिन्छ । वस्तुस्थिति मुचुल्काका मानिसहरूको भनाइ तथा जाहेरवालाको बकपत्रसमेतले प्रतिवादीको मौकाको बयान समर्थित हुन आएको देखियो । प्रतिवादीले आफू मानसिक रोगी भएको कारणले घरमा नै आरम गरी बसेको र वारदातमा आफ्नो कुनै संलग्नता नरहेको भनी अदालतमा गरेको इन्कारी बयान केवल सम्भावित सजायबाट बच्नको निम्ति गरिएको भन्ने देखिन आउने ।

घटनास्थलबाट २ इन्च चौडाई, १ फिट लम्बाई र २ इन्ची लम्बाइको काठको बिँड भएको धारिलो हतियार फलामको खुर्पा थान-१ बरामद भएको भन्ने बरामदी मुचुल्का रहेको, धारिलो हतियारको प्रयोगबाट टाउकोमा भएको चोटका कारणले मृतकहरूको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदन रहेको, घटनास्थल प्रकृति मुचुल्कामा बनाइएको घटनास्थल रेखाचित्रमा धारिलो हतियार खुर्पा भेटिएको ठाउँको चित्रण गरिएको, सहअभियुक्तहरूले मौकामा र अदालतमा गरेको बयान, मृतकहरूको लासमा भएको चोटको विवरणसमेतले जोखिमी हतियारको प्रयोग भएको भन्ने पुष्टि गरेको छ । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. मा भएको कानूनी व्यवस्था मृतकलाई धार भएको वा नभएको जोखिमी हतियार इत्यादिले हानी रोपी घोची ज्यान मारेको अवस्थामा आकर्षित हुने देखिने ।

प्रस्तुत मुद्दामा प्रतिवादी वृजविहारीको नवल किशोरसँगको पूर्वझगडाको रिस रहेको तथ्य स्थापित भएको, निज दाजुभाइमा अगुवा भई नवल किशोरसँगको पूर्वरिसइबी साँध्न निजका परिवारहरूलाई मारी सखाप पारी दिने योजना निजकै घरमा बनी निजकै नेतृत्त्वमा वारदात भएको भन्ने देखिएको, घटनास्थलको नेतृत्त्व निजले नै गरी नवल किशोरका छोराहरूलाई आफूसमेतले चोट छोडेको भन्ने निज प्रतिवादी वृजविहारीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान तथा निज प्रतिवादीको चोटसमेतबाट विनादेवी, अशोक साह र राम अकेलासमेत घाइते भई सोही चोटको कारण मरेको प्रमाणित भएको, वारदातमा जोखिमी हतियार खुर्पा प्रयोग भएको र सो खुर्पा वृजविहारी महतो कोइरीले प्रयोग गरेको भन्ने निजले अनुसन्धान अधिकारीसमक्ष बयानबाट देखिन आउने । प्रस्तुत वारदातमा वृजविहारी महतो कोइरीले धारिलो हतियारसमेत प्रयोग गरेको पुष्टि हुन आएको सन्दर्भमा निज प्रतिवादीले ज्यानसम्बन्धी महलको १३(१) नं. को कसूर गरेको देखिँदा ऐ.को १३(३) नं. बमोजिमको सजाय हुनुपर्ने देखिन आयो । प्रतिवादी वृज महतो कोइरीलाई मुलुकी ऐन, १३(१) नं. बमोजिम सजाय गर्नुपर्नेमा ऐ.को १३(३) नं. बमोजिमको सजाय गरेको हदसम्म पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको नदेखिने ।

प्रस्तुत वारदातमा प्रतिवादीहरू राजमती, लालपरीदेवी र श्यामपतिदेवीको भूमिका के-कस्तो रहेको छ भन्नेतर्फ हेर्दा निज प्रतिवादीहरूले अदालतमा बयान गर्दा वारदातमा आफ्नो कुनै संलग्नता नभएको भनी बयान गरे पनि सो इन्कारी बयान कहीँकतैबाट पुष्टि भएको देखिँदैन । निज प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा अन्य पुरूष प्रतिवादीहरूको सरसल्लाह र योजनाबमोजिम आफूहरू घटना हुँदाको अवस्थामा बाटोमा कुरी बाहिरको मानिसलाई घटनास्थलमा प्रवेश गर्न रोक लगाएको भनी बयान गरेको देखिँदा निज प्रतिवादीहरूको कसूर ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिमको देखिँदा निज प्रतिवादीहरूलाई सोही नं. बमोजिम जनही पाँच वर्ष सजाय गरी भएको फैसलासमेत मिलेकै देखिने ।

त्यसरी नै प्रत्यर्थी प्रतिवादीहरू वृजविहारी महतो, राजमती, लालपरीदेवी र श्यामपतिदेवीउपरको ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई भएको फैसला मिलेको छ, छैन भन्नेतर्फ हेर्दा ज्यानसम्बन्धी महलको १५ नं.को कानूनी व्यवस्था कसैले ज्यान मार्ने मनसायले गोली चलाएको वा बम हानेको वा घातक हतियारले काटेको वा मार्नको लागि अरू जेसुकै कुराको उद्योग गरी मर्नेसम्मको

काम गरेकोमा कुनै कारणले ज्यान भने मर्न नपाएको अवस्थामा आकर्षित हुने देखिने।

प्रस्तुत मुद्दामा प्रतिवादीहरू वृजविहारी महतो, राजमती, लालपरीदेवी र श्यामपतिदेवीले घाइते नवलकिशोर साह र अंचला देवीको ज्यान मार्ने उद्योग गरेको हुँदा निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग रहेको देखिन्छ। घाइतेहरू नवलकिशोर साह र अंचला देवीको घा जाँच केश फाराम मिसिल सामेल रहेको नदेखिँदा निजहरूलाई के कस्तो चोट पर्न गएको हो सो निश्चित हुन नसकेको अवस्थामा प्रत्यर्थी प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योगको कसूरमा सजाय गर्न मिल्ने अवस्था नदेखिँदा निज प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योगतर्फको कसूरबाट सफाइ दिई भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ, विवेचना गरिएका आधार एवम् कारणहरूबाट सुरू पर्सा जिल्ला अदालतबाट प्रतिवादी वृजविहारी महतोलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने, प्रतिवादीहरू राजमती, लालपरीदेवी र श्यामपतिदेवीलाई ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम जनही ५ वर्ष कैद हुने र प्रत्यर्थी प्रतिवादीहरू वृजविहारी महतो, राजमती, लालपरीदेवी र श्यामपतिदेवीउपरको ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई भएको सुरू फैसला सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।४।२७ मा भएको फैसला केही उल्टी भई प्रतिवादी वृजविहारी महतो कोइरीलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्छ। प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम पनि सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र यअभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी वृजविहारी महतो कोइरीको पुनरावेदन जिकिर पुग्न सक्दैन। साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ (२)(क) मा कुनै कसूरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा सर्वस्वसहित जन्मकैदको कानूनी व्यवस्था नभएको र ऐ. को दफा १७७ (२) मा ज्यान मर्ने कसूर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजायमात्र हुने भनी कानूनी व्यवस्था रहेभएको तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसूरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसूरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्नेसमेत उल्लेख भएको देखिएकोले प्रस्तुत मुद्दामा पनि यी प्रतिवादी वृजविहारी महतो कोइरीलाई जन्मकैदको मात्र सजाय हुने ठहर्छ। निज प्रतिवादीको हकमा सर्वस्वको लगत रहेको नहुँदा थप केही गरिरहनु नपर्ने।

इजलास अधिकृत: शिवप्रसाद आचार्य

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल पुष ५ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री तेजबहादुर के.सी., *०७५-WH-०१६८, बन्दीप्रत्यक्षीकरण, विनोदकुमार वली वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकबाट कसूरजन्य कुनै अवैध सामानहरू बरामद हुन सकेको भन्ने तथ्य खुल्न आएको पाइएन। बरामदी सामान आपराधिक क्रियाकलापसँग सम्बन्धित सामान वा अवैध सामान भन्ने पनि देखिएन । निवेदक कुनै आपराधिक वारदातसँग संलग्न रहेको भन्ने यकिन तथ्य पनि खुल्न आएको देखिएन। निवेदकलाई मुलतः गोश्वारा तवरको अभियोग देखाई राजनीतिक आस्थाका कारणले पक्राउ गरेको देखियो। कानूनबमोजिम बाहेक कसैको पनि वैयक्तिक स्वतन्त्रतामा अङ्कुश लगाउन वा अपहरण गर्न हुँदैन। अनुसन्धानका लागि भनी पक्राउ गर्दा तथा म्याद थप

गर्दा कानूनबमोजिमको पूर्वावस्था छ वा छैन भनी हेरी आधार र कारण खुलाउनु पर्ने हुन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ बमोजिम अनुसन्धान सन्तोषजनक रूपमा भइरहेको देखिएमा म्याद थप हुने हो। त्यसप्रकारको अवस्था नदेखिएमा अदालतबाट म्याद थप गरिएकोसम्मको कारणबाट गैरकाननी थुनाले वैधानिकता प्राप्त गर्न सक्दैन। म्याद थप गर्ने कार्य स्वयम्मा पनि कानूनअनुकूल हुनु पर्दछ। संविधानले कानून प्रतिकूलका थुना, गिरफ्तारी तथा गैरकानूनी रूपमा शक्तिको प्रयोग गर्ने कार्यलाई निषेध गरेको छ। कुनै राजनैतिक दल वा विचारप्रति आस्था राखेकै कारणले कसैप्रति प्रवृत धारणा राखेर बन्दी बनाइएको कार्य कानूनअनुकूल नहुने।

राज्यबाट कुनै नागरिकप्रति प्रवृत्त धारणा राखेर व्यवहार गरिनु पनि हुँदैन। लोकतान्त्रिक मूल्य मान्यता, न्यायिक अवधारणा, कानूनको शासन तथा संविधान एवम् कानूनद्वारा प्रत्याभूत हक अधिकारको संरक्षण गर्नेलगायतका कुनै पनि दृष्टिले यसप्रकारको धारणा राखेर गरिएको व्यवहारलाई उचित ठान्न सकिँदैन। कानूनी प्रक्रियामा व्यक्तिउपर गरिने व्यवहारहरू न्यायिक, स्वच्छ र तर्कसँगत (Just, Fair, Reasonable) हुनुपर्दछ। राज्यले नागरिकका लागि संवैधानिक हकका रूपमा व्यवस्था गरिएका प्रावधानहरूको संविधान र कानूनको अधीनमा रही निर्वाध रूपमा उपभोग गर्न पाउनु पर्छ। सरकारका हरेक कार्यहरू कानूनअनुसार गरिएको हुनुपर्दछ। कानूनको शासन (Rule of Law) को मान्यता पनि यही नै हो। कानूनको शासनमा सार्वजनिक पधाधिकारीको स्वेच्छाचारितालाई स्वीकार्य मानिँदैन। रिट निवेदकउपर गरिएको अनुसन्धान कार्यमा कानूनको उचित प्रक्रिया अपनाएको देखिँदैन। अनुसन्धान प्रक्रियामा स्वच्छताको प्रत्याभूती दिइएको छ भन्ने कुरामा ढुक्क हुने अवस्था देखिन नआउने।

कानूनी अख्तियारीको प्रयोग सदनियत राखेर गरेको मान्न सकिएन। फौजदारी कसूर भएको अवस्थामा अनुसन्धानका लागि अभियुक्तलाई थुनामा राख्न सकिन्छ। तर यसरी थुनामा राख्दा विधि र प्रक्रियाको अनुशरण स्वच्छ रूपमा गरिनु पर्दछ। अनुसन्धानका नाउँमा पक्राउ गर्ने तर अनुसन्धानको कार्य नगरी बस्ने कुरा कानूनअनुकूल हुँदैन। कुनै व्यक्तिलाई फौजदारी न्याय प्रक्रियाको सन्दर्भ देखाएर प्रवृत्त धारणा राखी कानूनद्वारा निर्धारित सर्त र प्रक्रियाको समुचित रूपमा अनुशरण नगरी स्वेच्छाचारी तवरबाट बन्दी बनाएको अवस्था छ भने निजको वैयक्तिक स्वतन्त्रताको हकको संरक्षण र प्रचलनका लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु नै पर्ने हुन्छ। यसरी न्यायिक उपचार प्राप्त गर्नु बन्दीको संविधानद्वारा प्रत्याभूत मौलिक हक पनि हुने।

अतः निवेदकलाई हिरासतमा राख्नुपर्ने पर्याप्त र मनासिब तथ्यगत आधार नदेखिएको, अनुसन्धान कार्य "सन्तोषजनक" रूपमा भइरहेको छ भन्ने देखिन नआएको, निजलाई पक्राउ गर्दा प्रवृत्त धारणा राखेको देखिएको र केवल कुनै राजनीतिक समूहसँग आबद्ध भएकै आधारमा प्रवृत्त धारणा राखेर पक्राउ गरेको देखिन आएकोले नेपालको संविधानको धारा १३३(२) सपठित सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(१) बमोजिम निवेदक चुडामणि वलीलाई थुनामुक्त गर्नू भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। यस अदालतको संक्षिप्त आदेशअनुसार निवेदकलाई थुनामुक्त गर्नु भनी दाङ देउखुरी जिल्ला अदालतमा लेखी पठाएको देखिँदा अब थप केही गरिरहनु नपर्ने।

इजलास अधिकृत: शिवप्रसाद आचार्य

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल जेठ २४ गते रोज ६ शुभम्।

- यसमा यसै लगाउको ०७५-WH-०१६९, बन्दीप्रत्क्षीकरण, *विनोदकुमार वली वि. नेपाल सरकार, गृह मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री टंकबहादुर मोक्तान, *०७६-WH-००५६, बन्दीप्रत्यक्षीकरण, भुल्ला मण्डल वि. उच्च अदालत*

जनकपुरसमेत

निवेदक भुल्ला मण्डलसमेत उपर आर्थिक लाभ लिई नागरिकता विवरण सच्याउने, सरकारी छाप दस्तखत भएको कागज किर्ते गरी कागज बनाउनेलगायतका कसूर अपराध गरेको हुँदा मुलुकी अपराध संहिता, ०७४ को दफा २७६(१)(२), नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(१) र (३) राहदानी ऐन, २०२४ को दफा ५(ख) र संगठित अपराध निवारण ऐन, २०७० को दफा ३(१)(२)र (३) को (क) र (ख), ४ र ५ बमोजिम सजायको मागदाबी लिई अभियोगपत्र दायर भएको देखियो। निवेदकसमेत उपर चलेको उल्लिखित मुद्दामा सुरू धनुषा जिल्ला अदालतले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम यी निवेदकलगायतका प्रतिवादीहरूलाई तत्काल प्राप्त प्रमाणको आधारमा पुर्पक्षका लागि थुनामा राख्ने भनी आदेश गरेको पाइयो। सो आदेशउपर प्रतिवादीको उच्च अदालत जनकपुरमा निवेदन परेकोमा सुरू अदालतको आदेश नै सदर भएको देखियो। यसरी अदालतको साधारण अधिकार क्षेत्रभित्रको नियमित न्यायिक प्रक्रियाबाट थुनामा रहेको कुरालाई लिएर प्रस्तुत रिट निवेदन दायर हुन आएको देखियो। निवेदकलाई अभियोग दाबीबमोजिम सजाय हुने हो वा होइन भन्ने कुरा सम्बन्धित अदालतबाट प्रमाणका आधारमा मुद्दा किनारा हुँदाको अवस्थामा निरूपण हुने कुरा हो। तहतह अदालतबाट मुद्दा सुनुवाइको नियमित प्रक्रियाअन्तर्गत निरूपण भई टुङ्गो लागिसकेको विषयमा यस अदालतले रिट क्षेत्राधिकारबाट पुनरावेदन सुनेसरह जस्तो गरी परीक्षण गर्नु उचित नहुने।

न्यायिक प्रक्रियाबाट मुद्दाको रोहमा तहतहका साधिकार अदालतको आदेशअनुसार थुनामा रहेको कुराबाट निवेदकको कुनै मौलिक हकमा आघात परेको मान्न मिल्ने देखिँदैन। नियमित न्यायिक प्रक्रियाअनुसार तहतह अदालतबाट भएको आदेशअनुसार थुनामा रहेको कुरामा अन्यथा गम्भीर अन्यायपूर्ण परिणाम पैदा भएको अवस्थामा बाहेक रिट क्षेत्राधिकारअन्तर्गत परीक्षण गर्नु साधारणतयाः उचित पनि हुँदैन। बन्दीप्रत्क्षीकरणको रिट कुनै पनि निकायको स्वेच्छाचारीताको विरूद्ध नागरिकको वैयक्तिक स्वतन्त्रताको रक्षार्थ जारी हुने हो। यस्तो आदेशको उद्वेश्य गैरकानूनी ढङ्गबाट बन्दी बनाइएको व्यक्तिलाई छुटकारा दिने भन्ने हुन्छ। कानूनको उचित प्रक्रिया अनुशरण कारबाही गरिएको छ वा छैन भनी हेर्ने कुरासम्म सान्दर्भिक बन्दछ। तहतह अदालतबाट भएका आदेश गैरकानूनी भएको वा सो आदेशबाट गम्भीर अन्यायको परिणाम पैदा भएको भन्ने कुरा प्रस्तुत विवादका सन्दर्भमा देखिन आएको पाइएन। अदालतले आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गई निर्णय गरेको, क्षेत्राधिकारको गलत प्रयोग गरेको वा कानूनद्वारा निर्धारित कार्यविधिको पालना नगरी निर्णय गरेको भन्ने निवेदन जिकिर पनि देखिँदैन। यस अवस्थामा रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्नु मनासिब नहुने।

अतः न्यायिक प्रक्रियाको सन्दर्भमा तहतह अदालतबाट प्रमाणको मूल्याङ्कन गरी आदेश भएको देखिएको, सो आदेश कानूनप्रतिकूल भएको वा गम्भीर अन्यायको अवस्था पैदा भएको अवस्था नदेखिएको तथा निवेदकले उठाएका कानूनी प्रश्नहरूको निरूपण संगठित अपराध, सरकारी कागज किर्ते, ठगी तथा आपराधिक विश्वाशघात मुद्दा किनारा हुँदाका अवस्थामा नै विवेचना भई निवेदकले न्यायिक उपचार पाउन सक्ने नै भएको हुँदा निवेदन मागबमोजिम रिट आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: राजेन्द्र वाग्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल कात्तिक २५ गते रोज २ शुभम्।

४

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७३-WO-१०४२, उत्प्रेषण, लिलाराम श्रेष्ठ वि. हिमालयन फाइनान्स लिमिटेड लिक्विडेटरको कार्यालय, बागदरबार सुन्धारासमेत*

कानूनको उचित प्रक्रिया (Due Process of Law) अनुसार अदालतले उपचार प्रदान गर्नु

पर्दछ । हाम्रो न्यायिक मान्यता पनि यही रही आएको छ । प्रस्तुत विवादमा निवेदकका नाउँमा रहेको दर्ता स्रेस्ता बदर हुने हो वा होइन भन्ने विषयमा अदालतमा मुद्दा विचाराधीन रहेकै अवस्थामा सो जग्गा लिक्विडेटरले प्राप्त गर्न सक्ने गरी उच्च अदालत पाटनको वाणिज्य इजलासबाट निर्देशनात्मक आदेश जारी भएको देखिन्छ । लिक्विडेटरको निवेदन परेपछि सुनुवाइको क्रममा यी रिट निवेदकलाई सुनुवाइको मौका नदिई प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल निर्णय भएको देखिने ।

अतः उच्च अदालत पाटनको वाणिज्य इजलासबाट मिति २०७३।१०।२७ मा रिट निवेदक लिलाराम श्रेष्ठका नाउँमा दर्ता स्रेस्ता कायम रहेको विवादित जग्गा फिर्ता गर्नु भनी प्रस्तुत निवेदनका विपक्षी हिमालयन फाइनान्स कम्पनी लिमिटेडका लिक्विडेटरलाई निर्देशन दिएको आदेशमा कुनै आधार र कारण खुलाएको पाइएन । उच्च अदालतमा निवेदन गर्दा लिलाराम श्रेष्ठलाई विपक्षी बनाएको वा निजलाई बुझी प्रतिवादको अवसर प्रदान गरेकोसमेत पाइएन । यही विवादित कि.नं. ४४८, ४५२ र ६०० का जग्गा सम्बन्धमा जालसाजी, दूषित लिखत दर्ता बदरसमेतका मुद्दा जिल्ला अदालतमा परी विचाराधीन रहेकोसमेत देखियो । यसरी वैकल्पिक उपचारको मार्ग अवलम्बन गरी विपक्षी हिमालयन फाइनान्स कम्पनी लिमिटेडले यी रिट निवेदकउपर मुद्दा दायर गरिसकेको अवस्थामा सोही मुद्दाबाट कानूनी उपचार प्राप्त गर्न सक्ने नै देखिन्छ । यसरी सुरू अदालतमा नियमित न्यायिक प्रक्रियामा रहेको विषयमा असर पर्ने गरी उच्च अदालत पाटनको वाणिज्य इजलासबाट जारी भएको आदेशलाई मनासिब मान्न नसकिने । तसर्थ उच्च अदालत पाटन, वाणिज्य इजलासबाट मिति २०७३।१०।२७ मा भएको निर्देशनात्मक आदेश कानून प्रतिकूल देखिँदा उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृत : ढाकाराम पौडेल

इति संवत् २०७६ साल असोज ३० गते रोज ५ शुभम् ।

इजलास नं. १०

१

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिंह राउत, ०७०-WO-०२४९, उत्प्रेषण, *शोभा श्रेष्ठ वि. जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेत*

रिट निवेदिकाले विपक्षी नारायणकाजी श्रेष्ठ, विष्णुदेवी श्रेष्ठसमेत उपर मिति २०६६।१२।१० मा अंश मुद्दा दायर गरेको देखिन्छ । सो मुद्दा दर्ता गर्नुभन्दा केही दिन पहिले मात्र विवादित विवाह दर्ताको प्रमाणपत्र लिएको देखिन्छ । उक्त अंश मुद्दाको रोहमा विष्णुदेवी श्रेष्ठले मिति २०६८।३।७ मा तायदाती फाँटवारी पेस गर्दा आफू नारायणकाजी श्रेष्ठसँग अंश लिई छुट्टिई सकेपछि निज नारायणकाजी श्रेष्ठले यी शोभा श्रेष्ठलाई विवाह गरेकोले निज नायरायण काजीबाट मात्र अंश पाउने हो । मबाट अंश पाउने होइन भनी आफ्नो बेहोरा उल्लेख गरेको पनि देखिन्छ । उल्लिखित बेहोराबाट यी निवेदिकाले दायर गरेको अंश मुद्दा दर्ता हुनुपूर्व नै विष्णुदेवीले अंश मुद्दा दर्ता गरी फैसलासमेत भएको भन्ने देखिने ।

निवेदिका शोभा श्रेष्ठ र नारायणकाजी श्रेष्ठबिच मिति २०६०।८।१० मा विवाह भएको भनी मिति २०६६।१२।१ मा विवाह दर्ता प्रमाण पत्र जारी भएको देखिन्छ । तर पहिलो अंश मुद्दा दायर भई ०६३ सालमा फैसला हुनुभन्दा अगावै विपक्षी नारायणकाजी श्रेष्ठले यी निवेदिकासँग दोस्रो विवाह गरेको छु भनी भन्न नसकी निजलाई अंशियार देखाउन सकेको देखिँदैन । २०६० सालमा विवाह भएको भन्ने शब्द राखी ०६६ सालमा मात्र विवाह दर्ता गराएको अवस्था देखिन्छ । उक्त ०६६ सालमा प्राप्त भएको विवाह दर्ता प्रमाणपत्रको विषयमा विष्णुदेवीको जाहेरीबाट मुद्दा चली मिति २०६७।१२।८ मा जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट बदर भएको र उक्त फैसलाउपर सो मुद्दाका प्रतिवादी नारायणकाजीले पुनरावेदन गरेको पाइँदैन ।

नारायणकाजी र विष्णुदेवी मिली यी निवेदिकाको हक हनन् हुने गरी फैसला गराएको स्थितिमा सो फैसला बदर गर्न यी रिट निवेदिकाले साधारण क्षेत्राधिकारअन्तर्गत नै फिराद गर्न सक्नेमा सो मार्गको अनुशरण गरेको देखिँदैन। निवेदिकाले नारायणकाजीसँग कहिले विवाह गरिन भन्ने कुरा व्यक्तिगत हुँदा रिट क्षेत्रबाट यकिन हुने विषय पनि होइन। विष्णुदेवीको नारायणकाजीसँग अंश मुद्दा चलेको अवस्था र परिस्थिति रहेको परिपेक्षयमा २०६६ सालमा प्रमाणपत्र लिँदा २०६० सालमा विवाह भयो भनिनुबाट नै यी रिट निवेदिकाको कुरा विवादस्पद देखिन आयो । साथै जिल्ला प्रशासन कार्यालयबाट भएको मिति २०६७।१२।८ को निर्णय बदर गर्न मौकामा अदालतमा प्रवेश गरेको पनि देखिएन। उक्त निर्णय भएको मितिभन्दा करिब २ वर्ष ६ महिनापछि मात्र प्रस्तुत निवेदन दायर गरेको देखिन्छ। यसरी यतिका समय ढिला गरी यस अदालतमा प्रवेश गर्नु परेको वास्तविक आधार कारण खुलाउन सकेको पनि नदेखिने।

तसर्थ उल्लिखित आधार कारणहरूसमेतबाट २०६० सालमा भएको विवाह २०६६ सालमा मात्र विवाह दर्ता गराएको देखिए पनि उक्त विवाह दर्ता प्रमाणपत्र मिति २०६७।१२।८ मा जिल्ला प्रशासन कार्यालयको निर्णयले बदर भएको कुरामा विपक्षी बनाउनु पर्ने विष्णुदेवी श्रेष्ठलाई विपक्षी नबनाई अदालत प्रवेश गरेको देखिँदा सफाहात लिई अदालत प्रवेश गरेको नदेखिनुको साथै दाबीको निर्णय बदर गराउन विलम्ब हुनुको आधार कारण नखुलाई लामो समय विलम्ब गरी अदालत प्रवेश गरेको देखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल कात्तिक ७ गते रोज ५ शुभम्।

२

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिंह राउत, ०७६-WH-०१२२, बन्दीप्रत्यक्षीकरण, *सुदीप ढकाल वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार काठमाडौं*

निवेदक महेन्द्र भण्डारी मिति २०७६।४।२७ मा बागलुङ जिल्लाबाट पक्राउ परी निजउपर राजद्रोहको मुद्दा चलेकोमा मिति २०७६।५।२० मा बागलुङ जिल्ला अदालतबाट धरौटीमा छुटेको, तर निजलाई नछोडी तत्काल पुनः पक्राउ गरी पर्वत कुस्मामा ल्याई सार्वजनिक नैतिकता विरूद्धको कसूरमा मुद्दा चलाई पर्वत जिल्ला अदालतबाट मिति २०७६।६।१० मा रू.५,०००।- धरौट माग भएकोमा मिति २०७६।७।१ मा सो धरौट रकम बुझाएपछि सोही दिन पुनः अदालतकै हाताबाट पक्राउ गरी म्याग्दी लगी अभद्र व्यवहारमा म्याद थप गरियो भन्ने निवेदकको जिकिर देखियो। बागलुङ र पर्वत जिल्ला अदालतका क्रमशः मिति २०७६।५।२० र मिति २०७६।७।१ का मिसिल संलग्न रसिदहरूले पनि सो कुरालाई पुष्टि गरेको पाइयो । मिति २०७६।७।१ मा निवेदकलाई पक्राउ गरेको कुरालाई जिल्ला प्रशासन कार्यालय म्याग्दी र जिल्ला प्रहरी कार्यालय, म्याग्दीले पनि लिखित जवाफमा स्वीकार गरेको पाइयो । यसरी हेर्दा निवेदकलाई मिति २०७६।४।२७ बाट नै बागलुङ, पर्वत र म्याग्दीका प्रहरी कार्यालयहरूले पटकपटक पक्राउ गरेको अवस्था भई निजउपर जुन अभद्र व्यवहारको आरोप लगाएको छ सोको पूर्वावस्था नै विद्यमान देखिएन। यस स्थितिमा निजको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा ११८(१) आकर्षित हुन सक्ने अवस्थासमेत यहाँ नदेखिने।

कुनै पनि व्यक्तिउपर फौजदारी कसूरमा मुद्दा चल्न वस्तुनिष्ठ आधार हुनुपर्छ। व्यक्तिको प्रत्यक्ष वा परोक्ष रूपको संलग्नता बेगर कुनै पार्टी वा समूहको विचारसँग आबद्ध रहेको भन्ने मात्र सतही आधारमा फौजदारी कसूरमा मुद्दा चलाइनु गैरकानूनी हुन्छ। कुनै व्यक्तिलाई जसरी पनि थुनामा राख्छु भनी एकपछि अर्को मुद्दा चलाउँदै जाने र विधि पुऱ्याउनका लागि मात्र म्याद थप गरिने स्थितिले शक्तिको दुरूपयोग हुन गई व्यक्तिगत स्वतन्त्रता समाप्त हुने।

निवेदक महेन्द्र भण्डारीलाई पनि मिति २०७६।४।२७ देखि नै बागलुङ, पर्वत र म्याग्दीका प्रहरी कार्यालयहरूले राज्यद्रोह तथा अभद्र व्यवहारलगायतका विभिन्न आरोप लगाई पटकपटक पक्राउ गरी निरन्तर थुनामा राखेको देखिँदा निवेदकलाई थुनामा राख्ने अधिकारीको प्रवृत्त भावना प्रदर्शित भई निवेदकको थुनासमेत गैरकानूनी देखियो । प्रवृत्त भावनाले गैरकानूनी तवरबाट निवेदकलाई थुनामा राखेको देखिएको अवस्थामा निजको हकमा नेपालको संविधानको धारा १६(१) तथा धारा १७(२) द्वारा प्रत्याभूत हकको संरक्षण गर्नु यस अदालतको कर्तव्यसमेत हुँदा निज बन्दी महेन्द्र भण्डारीलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) बमोजिम म्याग्दी जिल्ला अदालतको स्रेस्तेदारको रोहवरमा थुनाबाट मुक्त गर्नु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल कात्तिक २१ गते रोज ५ शुभम् ।

३

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७१-CR-०५९४, लागु औषध (खैरो हेरोइन), *किरण काफ्ले वि. नेपाल सरकार*

प्रतिवादी सुधीरकुमार पटेल हेटौंडामा मिति २०६९।५।२ मा पक्राउ पर्दा बरामद भएको ६९ ग्राम लागु औषध निजले प्रतिवादी किरण काफ्लेले मगाएको हुँदा भारतबाट ल्याएको हो भन्ने निजको बयानबाट देखियो । त्यसैगरी साथै पेस भएको ०७३-CR-१६६१ को मुद्दाको मिसिल हेर्दा मिति २०६९।५।३ मा काठमाडौंमा निज प्रतिवादी किरण काफ्लेकै साथबाट १५ ग्राम लागु औषध (खैरो हेरोइन) बरामद भएको, सो मुद्दामा भएको बरामदी मुचुल्काबाट देखिन्छ । प्रतिवादी किरण काफ्लेले उक्त मुद्दामा अनुसन्धानमा बयान गर्दा सुधीरकुमार पटेलबाट खरिद गरेको कुरा स्वीकार गरी बयान गरेकोसमेत देखिन आयो । प्रस्तुत मुद्दामा सुरू पैसलाउपर प्रतिवादी सुधीरकुमार पटेलको पुनरावेदन परेको पनि देखिँदैन । यी दुवै मुद्दालाई साथै राखेर हेर्दा प्रतिवादी सुधीरकुमार पटेल र प्रतिवादी किरण काफ्ले बिच लागु औषध कारोबारको सम्बन्ध रहेछ भन्ने देखिने ।

जहाँसम्म प्रहरीलाई सूचना दिएको आधारमा प्रतिवादी सुधीरकुमार पटेल पक्राउ परेको हुँदा सजाय हुनुपर्ने होइन भन्ने प्रतिवादी किरण काफ्लेको पुनरावेदन जिकिर छ सो सन्दर्भमा हेर्दा, मिति २०६९।५।२ मा प्रतिवादी सुधीरकुमार पटेल पक्राउ परेपछि मिति २०६९।५।३ मा प्रतिवादी किरण काफ्लेको साथबाट १५ ग्राम लागु औषध (खैरो हेरोइन) बरामद भएको अवस्था मिसिलबाट देखिन्छ । पहिला प्रतिवादी कारोबारी वा सेवनकर्ता भई सुध्रिएको र सो सुधारपश्चात् कारोबारीलाई पक्राउ गर्न प्रहरीलाई सूचना उपलब्ध गराएको अवस्था यो होइन । एकातर्फ यी प्रतिवादीले प्रहरीलाई सूचना दिएँ भन्छन्, अर्कोतर्फ यिनै प्रतिवादीको साथबाट सूचना दिएँ भनेको मितिपश्चात् ठूलो परिमाणको लागु औषध बरामद हुन्छ । यस स्थितिमा यी प्रतिवादी किरण काफ्ले निर्दोष रहेछ भन्न नमिल्ने ।

मिसिल साथ पेस भएको काठमाडौं जिल्ला अदालतमा चलेको प्र.ना.नि. जिवलाल पाण्डेसमेतको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार विरूद्ध प्रतिवादी विवेक विक्रम राणा र प्रतिवादी सुधीरकुमार पटेलसमेत भएको २०६९ सालको स.फौ.नं. १६७९ को लागु औषध (खैरो हेरोइन) मुद्दाको अभियोग पत्रबाट प्रतिवादी सुधीरकुमार पटेल पटकपटक लागु औषध बिक्री गर्ने व्यक्ति देखिएको र निजले विवेक विक्रम राणा, रीपु कुमार यादव, रमेश तामाङसमेतलाई बिक्री गरेकोमा काठमाडौं जिल्ला अदालतमा यसै प्रकृतिको विभिन्न मुद्दा चलेकोसमेत देखिन आयो । त्यस्ता व्यक्ति सुधीरकुमार पटेलसँग यी प्रतिवादी किरण काफ्लेले लागु औषध खरिद गरेको र पटकपटक लागु औषध खरिद गर्नको लागि सञ्चार गरेको देखिएको साथै हेटौंडामा बरामद भएको ६९ ग्राम लागु औषध

(खैरो हेरोइन) प्रतिवादी किरण काफ्लेलाई नै बिक्री गर्न ल्याएको भनी प्रतिवादी सुधीरकुमार पटेलले अनुसन्धानमा स्पष्ट पोल गरेबाट यी प्रतिवादी किरण काफ्ले प्रतिवादी सुधिरकुमार पटेलको आपराधिक सञ्जालभित्र रही लागु औषधको कारोबारमा संलग्न रहेछन् भन्ने देखियो । उक्त बरामद भएको ६९ ग्राम लागु औषध (खैरो हेरोइन) ज्यादै ठूलो परिमाणको रहेको र काठमाडौंमा बरामद भएको १५ ग्राम लागु औषधलाई पनि ठूलै परिमाण मान्नु पर्ने हुँदा प्रतिवादी किरण काफ्लेले उक्त लागु औषध सेवनका लागि मात्र नभई अन्य व्यक्तिहरूसमेतलाई बिक्री गर्न मगाएको रहेछ भनी मान्नुपर्ने अवस्था देखिँदा मकवानपुर जिल्ला अदालतबाट भएको फैसला सदर गरी गरेको पुनरावेदन अदालत हेटौंडाको फैसलालाई अन्यथा भन्नु पर्ने देखिन नआउने ।

तसर्थ, विवेचित आधार र कारणबाट प्रतिवादी किरण काफ्लेले लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को (घ)(ङ)(च) को कसूरमा सोही ऐनको दफा १४(१)(छ)(२) बमोजिम १० (दश) वर्ष कैद र रू.७५,०००।- (पचहत्तर हजार) रूपैयाँ जरिवाना र सेवनतर्फ रू.१०,०००।- (दश हजार) रूपैयाँसमेत जरिवाना हुने ठहऱ्याएको मकवानपुर जिल्ला अदालतको मिति २०७०।२।२६ को फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।३।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल कात्तिक २५ गते रोज २ शुभम् ।

४

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री डम्बरबहादुर शाही, ०६७-WO-०९४६, उत्प्रेषण, *भिमप्रसाद वलीसमेत वि. नेपाल सरकार भूमिसुधार तथा व्यवस्था मन्त्रालय सिंहदरबार काठमाडौंसमेत*

कि.नं. ७२६ को जग्गा कोही कसैको हक भोगमा नरही नेपाल सरकारको नाउँमा रहेको ऐलानी / प्रति जग्गा रहेको भन्ने कुरा विपक्षीहरूको लिखित जवाफबाट देखिन्छ । नेपाल सरकारको स्वीकृति र सहमतिमा नेपाल सरकारको नाउँमा रहेको सार्वजनिक जग्गा मुक्त कमैयाहरूलाई प्रदान गरेको कुरामा निवेदकहरूसमेतको विवाद रहेको नदेखिए तापनि विपक्षी कार्यालयहरूबाट मुक्त कमैयाहरूलाई पुनःस्थापनाको लागि वितरण गरिएका कि.नं. ७२६ समेतका जग्गाहरूका पछाडिपट्टि साबिकदेखि नै दर्ता स्रेस्ता कायम रही बसोबास गरिरहेका यी निवेदकहरूसमेतका व्यक्तिहरूको मूल सडकमा आवतजावत गर्ने निकास बन्द हुन्छ कि हुँदैन, यदि निकास बन्द हुन्छ भने सो निकासको लागि उपयुक्त विकल्प के हुन सक्छ भन्नेबारेमा भने जग्गा वितरण गर्ने निकायले अवस्य पनि ध्यान दिनु नै पर्ने हुने ।

मिसिल संलग्न रहेको विपक्षी भूमिसुधार कार्यालय दाङले भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई मिति २०६८।१।८ मा लेखेको को पत्रमा "...भूमिसुधार कार्यालय दाङका भूमिसुधार अधिकारी बसन्तराज अधिकारी, सुब्बा बालकृष्ण दाहाल, सुपरभाइजर हरिप्रसाद चौधरी र प्राविधिक शिवलाल वलीसमेतको टोलीले मिति २०६८।१।७ गते सम्बन्धित क्षेत्रको स्थलगत निरीक्षण / जाँचबुझ गर्दा कहीँकतै निकास नथुनिएको, निजी व्यक्तिको नाममा दर्ता रहेको जग्गा कब्जा नभएको र कुनै पनि प्रकारको कानूनी समस्या र जटिलता नभएको..." भनी उल्लेख गरेको देखिन्छ । विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालय, भूमिसुधार कार्यालय, दाङसमेतको लिखित जवाफमा पनि निवेदकहरूको घर जग्गाको निकास थुनिएको छैन भनी उल्लेख भएको पाइन्छ । मिसिल संलग्न रहेको सर्वे नक्सा हेर्दा पनि कि.नं. ७२६ बाट कित्ताकाट गरी यी विपक्षीहरू विन्तिराम चौधरी, रामबहादुर चौधरी, श्रीराम चौधरीसमेतलाई प्रदान गरिएका कि.नं. ८४१, ८४२ कि.नं. ८३६, कि.नं. ८३७, कि.नं. ८३८, ८४०, कि.नं. ८३९ समेतका जग्गाहरूबाट यी निवेदकहरूको नाउँमा रहेका कि.नं. ८६०, कि. नं. ६४७ समेतका जग्गाहरूमा आवतजावत गर्ने निकास बन्द भएको भन्ने पनि नदेखिने ।

तसर्थ उल्लिखित आधार कारणहरूसमेतबाट निवेदकहरूले बाटो निकासको विषयलाई मूल रूपमा उठाएको भए पनि मिसिल संलग्न विपक्षी नेपाल सरकार भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेतको लिखित जवाफ र झिकाई आएको सर्वे नक्साबाट पनि यी निवेदकहरूको जग्गाको निकास बन्द भई निजहरूको स्थापित हक कुण्ठित भएको भन्ने नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल कात्तिक २० गते रोज ४ शुभम् ।

५

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७५-WO-१२३३, ०७५-FN-०६३६, ०७५-FN-०६३८, उत्प्रेषण, *संजीव थापा वि. जिल्ला प्रशासन कार्यालय काठमाडौं, बबरमहल, काठमाडौंसमेत*

विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंद्वारा नेपाल रेडक्रस सोसाइटीको २०७६ साल वैशाख २३, २४ र २५ मा हुन लागेको साधारण सभा र निर्वाचन कार्यक्रम रोक्न गरी ०७६।१।२२ मा भएको निर्णय र सोही मितिको पत्र एवम् संजिव थापा अध्यक्ष रहेको केन्द्रीय कार्यसमितिलाई विघटन गरी विश्वकेशर मास्केको अध्यक्षतामा तदर्थ समिति गठन गर्ने गरी २०७६।२।६ मा लेखेको पत्रसँग सम्बन्धित निर्णयसमेतलाई निवेदकले चुनौती दिएको देखिने ।

यसरी गर्न लागेको महाधिवेशन रोक्न विपक्षी जिल्ला प्रशासन कार्यालयले सक्छ वा सक्दैन भन्ने सम्बन्धमा प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयले लगाएको लिखित जवाफमा संस्था दर्ता ऐन, २०३४ को दफा ११ अनुसार निर्देशन दिएको हो भनी जिकिर लिएको पाइन्छ । संस्था दर्ता ऐन, २०३४ को दफा ११ मा ''नेपाल सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ'' भन्ने उल्लेख गरेको पाइन्छ । यसरी उक्त दफामा "नेपाल सरकार" भन्ने शब्दावली प्रयोग भएबाट संस्था दर्ता ऐन, २०३४ को दफा ११ को प्रयोग जिल्ला प्रशासन कार्यालयले गर्न सक्ने नभई नेपाल सरकारले मात्र गर्ने सक्ने देखिन्छ । उल्लिखित ऐनमा स्थानीय अधिकारी र नेपाल सरकार भनी दुई संस्थाको छुट्टाछुट्टै अस्तित्त्वलाई स्वीकार गरेको देखिन्छ । कानूनमा स्पष्ट रूपमा नेपाल सरकारले गर्ने सक्नेछ भनी उल्लेख गरेको अधिकार नेपाल सरकारले मात्र प्रयोग गर्न सक्ने हुँदा स्थानीय अधिकारी (प्रमुख जिल्ला अधिकारीले) प्रयोग गर्न सक्ने देखिँदैन । लोकतन्त्रमा राज्यका निकायहरूले आफूलाई अख्तियारी प्रदान गर्ने कानूनको सीमा नबुझी एउटा स्वायत्त शासित संस्थाको सङ्गठन र कार्य सञ्चालन नै खलबलिने गरी कार्य गर्नु शोभनीय हुँदैन । यसो गर्दा संविधानप्रदत्त स्वतन्त्रताहरू खुम्चिन पुग्दछन्, शासन व्यवस्था नियन्त्रणमुखी हुन पुग्छ । यहाँ जुन कानूनको प्रयोग गरी विपक्षी जिल्ला प्रशासन कार्यालयले नेपाल रेडक्रस सोसाइटीको महाअधिवेशन रोक्ने र अर्को तदर्थ समिति गठन गर्ने कार्य गऱ्यो सो गर्ने असिमित अख्तियारी संस्था दर्ता ऐन, २०३४ ले प्रदान गरेको पाइँदैन । यस्तो कानूनको अख्तियारीबेगर गरेको कार्यले मान्यता पाउन सक्ने अवस्था नदेखिने ।

दोस्रो कुरा, निर्वाचित पदाधिकारीहरू पदाधिकार रहेको कार्यसमितिलाई कानूनसम्मत् ढङ्गबाट हुन गइरहेको निर्वाचन तथा अधिवेशन स्थगन गर्ने काम कारबाही रोक्दा तथा विद्यमान कार्यसमितिलाई विघटन गर्दा सो संस्थाका सम्बन्धित पदाधिकारीहरूलाई सो सम्बन्धमा आफ्नो कुरा भन्ने अवसर प्रदान गर्नुपर्ने हुन्छ । हक प्रभावित हुने गरी निर्णय गर्नुअघि निर्णय आदेशबाट प्रभावित हुने व्यक्तिलाई सुनुवाइको मौका प्रदान गरिनु पर्ने भन्ने प्राकृतिक न्यायको सर्वमान्य सिद्धान्त हो । वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्ने कडीको रूपमा स्वच्छ सुनुवाइको सिद्धान्तलाई लिइने गरिन्छ । प्रस्तुत रिट निवेदनमा विद्यमान निर्वाचित कार्यसमितिलाई विघटन गर्दा सुनुवाइको मौका प्रदान गरिएको देखिँदैन । तसर्थ

यस्ता कामकारबाही प्राकृतिक न्यायको सर्वमान्य सिद्धान्तको विपरीत रहेकोसमेत देखिने।

जहाँसम्म प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयले उठाएको रेडक्रस सोसाइटीको जग्गा खरिद, भवन निर्माण वा खानेपानी आयोजनामा भ्रष्ट्राचार एंव अनियमितता भएको भन्ने निर्णय, पत्र र लिखित जवाफसमेतमा लगाइएको आरोपको प्रश्न छ यस्तो कुनै अनियमितता वा भ्रष्टाचार भएको स्थितिमा कानूनबमोजिम कारबाही हुनसक्छ। यसलाई अदालतले रोक्ने कुरा हुँदैन । कुनै पनि संस्थामा कार्यरत व्यक्ति तथा पदाधिकारहरूले कानूनविपरीत भ्रष्टाचार तथा अनियमितताजन्य कार्य गरेमा त्यसबाट उन्मुक्ति पाउन सक्ने हुँदैन। यद्यपि रेडक्रस आफ्नो विधानअनुसार चल्ने संस्था हो । तर यो अन्तराष्ट्रिय रेडक्रस सोसाइटीको राष्ट्रिय च्याप्टरको रूपमा चल्ने संस्था हो भन्ने पनि सम्बन्धित सबैले बुझ्नु पर्छ । यो सार्वजनिक क्षेत्रमा कार्य गर्ने संस्था हुँदा यसले सार्वजनिक जिम्मेवारी र जवाफदेही बहन गर्नु पर्ने नै हुन्छ । विधानको कुनै व्यवस्थाको आड वा आवरणमा कुनै पदाधिकारीले सुशासनको जिम्मेवारीबाट पन्छिन वा भाग्न मिल्दैन । तर मिसिल संग्लग्न कागजात हेर्दा निवेदक संस्था तथा त्यसमा कार्यरत पदाधिकारीहरूलाई कानूनबमोजिम अधिकारप्राप्त निकायबाट छानबिन भई कानूनबमोजिम दोषी ठहर गरेको अवस्था देखिँदैन । विपक्षी जिल्ला प्रशासन कार्यालयसमेतले कानूनबमोजिम दोषी ठहर भएको हो भनी भन्न सकेको अवस्था छैन। दोषी भनी कहीँकतैबाट पुष्टि हुन नसकेको अवस्थामा बिना आधार कारण कसैलाई दोषी हो भन्नु कानूनसम्मत् हुँदैन । कानूनको उचित प्रक्रिया अनुशरण नगरी आरोपको भरमा निवेदक अध्यक्ष रहेको कार्यसमितिलाई महाधिवेशन / साधारणसभा र निर्वाचनसमेतका कार्य गर्न नदिनु संस्था दर्ता ऐन, २०३४ को दफा ११ र नेपालको संविधानको धारा १७(२)(घ) समेतको बर्खिलाप देखिन आउने हुँदा त्यस्तो कार्यले मान्यता पाउन सक्ने नदेखिने।

अत: उल्लिखित आधार र कारणहरूबाट विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०७६।१।२२ र मिति २०७६।२।०६ को पत्राचार तथा सोसँग सम्बन्धित निर्णयहरू संविधान र कानूनविपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। रेडक्रस सोसाइटीको केन्द्रीय समितिको निर्धारित कार्यकाल समाप्त भई रेडक्रस सोसाइटीको साधारण सभा र निर्वाचन गर्नेतर्फ केन्द्रित रहेको पाइएको र निर्वाचन गर्ने पटकपटक प्रयास भएकोसमेत देखिँदा निर्वाचनलाई नै केन्द्रित गरी कार्य गर्नुपर्ने भएबाट सकेसम्म छिटो साधारण सभाको निर्वाचन गर्ने अपेक्षाका साथ नयाँ कार्यसमिति नबनेसम्म निवेदक अध्यक्ष रहेको केन्द्रीय कार्यसमितिको नियमित कार्य र साधारणसभा एवम् निर्वाचनसमेतका कार्यहरूमा कानूनको अख्तियारी बाहिर गई कुनै हस्तक्षेप नगर्नू नगराउनू भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल भाद्र २४ गते रोज ३ शुभम्।

- यसमा यसै लगाउको ०७६-WO-०१६३, उत्प्रेषण, *विष्णुराज नेपाल वि. जिल्ला प्रशासन कार्यालय बबरमहल, काठमाडौंसमेत* मुद्दामा पनि यसै प्रकारको फैसला भएको छ।

६

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, ०६९-WO-०७०१, उत्प्रेषण, *फरिदा बेगमसमेत वि. शेख अब्दुल कैयम मियासमेत*

रिट निवेदनमा उल्लिखित कि.नं. १०६५ को जग्गामा रहेको स्वामित्व विषयमा विवाद देखिँदैन । उक्त कित्ता जग्गा अव्दुल वारी मिया र शेख अब्दुल कैयुमबिचमा मिति २०११।१२।२७ मा भएको बन्डापत्रमार्फत बन्डा भएको र बन्डापत्रमा तर्फसमेत छुट्टिई सोका आधारमा स्वामित्व निर्धारण भए रहेकै देखिन्छ । सोही जग्गाको विषयमा विवाद पर्दा यस अदालतबाट मिति २०५१।८।१२ मा भएको फैसलामा

प्रतिवादीले आफ्नो न.नं ६को जग्गाबाट न.नं २ मा जाने न.नं ८ को ढोकासम्म निकासको रूपमा प्रयोग गर्न पाउने र सोबाहेकको जग्गा प्रतिवादी कायम नहुने भई त्यसमा समेत प्रतिवादीले खिचोला गरेकोले वादीले चलन पाउँने भनी फैसला भएको देखिन्छ। यसरी बाटो निकासको विषय टुंगो लागिसकेकोमा सोमा पुन: विवाद पर्दा पुनरावेदन अदालतबाट मिति २०६९।७।२६ मा भएको फैसलाले विवादको पर्खाल भत्काउने गरी काठमाडौं महानगरपालिकाबाट मिति २०६८।५।२ मा भएको फैसलालाई सदर गर्ने गरी फैसला भएको देखिन्छ । उक्त फैसलामा नक्सा नं.११ मा उल्लेख भएको पुनरावेदकले ढोकाबाट मानिस छिर्न नसक्ने गरी लगाएको पर्खाल भत्काउने नै भनिएको देखिने।

प्रस्तुत निवेदन यस अदालतमा दायर भएपश्चात् ०७२ सालमा आएको महाभूकम्पले निवेदक तथा विपक्षीको स्वामित्वमा रहेको घर भत्कन गई हाल उक्त जग्गामा घर विहीन अवस्था भई पातालको स्थितिमा रहेको भन्ने कुरामा मुद्दाका दुई पक्षहरू एवम् उपस्थित दुवैतर्फका कानून व्यवसायीहरूबिचमा समेत सहमत नै रहेको पाइयो । मुद्दाका पक्षहरूबाट इजलाससमक्ष पेस भएको फोटोसमेतबाट उक्त कित्ता जग्गामा घरको संरचना नरही पाताल अवस्थामा उक्त जग्गा रहे भएको नै देखिन्छ । यसरी विवादको घरको संरचना नै नरहे नभएको भन्ने वर्तमानको अवस्था देखिँदा विवादको बाटो निकासका सम्बन्धमा निवेदन मागदाबीको सन्दर्भमा प्रवेश गरी थप कुरा बोलिरहन पर्ने पनि नदेखिने।

अतः उल्लिखित आधार कारणसमेतका आधारमा प्रस्तुत रिट निवेदन कि.नं.१०६५ को जग्गामा भएको स्वामित्वको विषयसँग सम्बन्धित नदेखिएको र सो कित्ता जग्गामा रहे भएको घरभित्रको बाटो निकासको प्रयोग विषयमा पक्षहरूबिच मुख नमिली विवाद रहे भए पनि ०७२ सालको भूकम्पले घर भत्काएको अवस्था र घर भत्किँदाको अवस्थामा नै पक्षहरूबिचको विवाद समाप्त भइसकेको देखिँदा अन्य थप कुरामा केही बोलिरहन उचित र सान्दर्भिक नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

इति संवत् २०७६ साल कात्तिक ५ गते रोज ३ शुभम्।

इजलास नं. ११

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी., *०७१-CR-१५०३, मानव ओसारपसार, सविना सेन्चुरी वि. नेपाल सरकार*

सुरू मोरङ जिल्ला अदालतबाट यी प्रतिवादीसमेतलाई मानव बेचबिखन र ओसारपसार नियन्त्रण ऐनबमोजिम १ वर्ष कैद हुने ठहर्‍याई फैसला भएकोमा उक्त फैसलामा चित्त नबुझाई प्रतिवादीमध्येकी सविना सेन्चुरीले पुनरावेदन अदालत विराटनगरमा पुनरावदेन गरेको देखिन्छ भने उक्त पुनरावेदनउपरको सुनुवाइमा पुनरावेदन अदालत विराटनगरले पनि सुरू मोरङ जिल्ला अदालतकै फैसला सदर गर्ने ठहर्‍याई मिति २०७०।११।२५ मा फैसला गरेको देखिने।

पुनरावेदन अदालत विराटनगरले उपर्युक्त फैसला गर्ने क्रममा प्राप्त प्रमाणको उचित मूल्याङ्कन नै नगरी प्रतिपादित सिद्धान्त एवम् नजिरसमेतको विपरीत हुने गरी त्रुटिपूर्ण फैसला गरेको भनी पुनरावेदक प्रतिवादी सविना सेन्चुरीले यस अदालतमा दोहोर्‍याई पाउँको निवेदन दिएकोमा यस अदालतको मिति २०७१।१२।१० गतेको इजलासबाट न्याय प्रशासन ऐन, २०४८ को दफा १२ (१) को (क) र (ख) बमोजिम दोहोर्‍याई हेर्ने निस्सा प्रदान भएको देखिने।

जाहेरी बेहोरामा आफूले छोरी कवितालाई प्रहरी कार्यालयमा दाखिला गरिरहेको अवस्थामा फेला पारेको र छोरीलाई सोधपुछ गर्दा विपक्षीहरूले कोठामा थुनी भारततर्फ बिक्री गर्न लैजान लागेको थाहा पाएको भनी उल्लेख गरेका जाहेरवालाले अदालतमा आई बकपत्र गर्दा छोरी भेट्दा छोरी मात्र भेटेँ, प्रहरीहरूसँग भेटिनँ, कुराकानीसमेत केही भएन भनी लेखाएको देखिने।

प्रतिवादीहरूले यातायात बन्दका कारण कवितालाई समयमा घर पुऱ्याउन नसकेको भनी लिएको जिकिर सोही समयमा आफू बन्दका कारण एम्बुलेन्समा विराटनगर आएको भनी जाहेरवालाले उल्लेख गरेबाट यातायात बन्द रहेको पुष्टि भएको देखिन्छ। इलामबाट एक हप्ता जति घुमेर फर्किने गरी प्रतिवादीहरूले साथैमा ल्याएकी कवितालाई केराबारीबाट विराटनगर घुमाउन ल्याएको कुरा दूरीको हिसाबले समेत अस्वाभाविक देखिँदैन भने जबरजस्ती ल्याएतर्फ पीडित भनिएकी कविताको समेत जिकिर देखिने।

प्रतिवादीहरूले आफ्नी छोरीलाई भान्जी भन्ने गरेको र मामा भान्जीका बिचमा विवाह गर्ने हाम्रो संस्कार नरहेको भनी जाहेरवालाले उल्लेख गरेको देखिएबाट विवाह गर्ने उमेर पनि नपुगेकी र विवाह गर्नसमेत नमिल्ने नातासम्बन्धमा रहेकी यी बालिकालाई विवाह गर्ने नगर्ने प्रसङ्‍ग उठाउने यी पुनरावेदकको व्यवहारलाई उचित मान्न सकिँदैन । यद्यपि जोसँग विवाह गर्ने प्रसङ्‍ग उठाइएको हो निजले यस विषयलाई पूर्णतया इन्कार गरी बयान गरेको, शोषण गरेको भन्ने सम्बन्धमा यस तवरले शोषण गरियो भनी निज कविताले कहीँकतै लेखाउन नसकेको तथा दुर्गा सेन्चुरीको वकपत्रबाट निज कविता स्वतन्त्र रूपमा बसेको भन्ने देखिन आएको अवस्था देखिने।

जाहेरवालाको सुरू जाहेरी र बकपत्र जिकिरका बिचमा प्रशस्तै विचलन रहेको अवस्था छ भने कवितालाई तुरून्त घर फर्काइदिनु भन्ने जाहेरवालाको भनाइ र यातायात बन्दका कारण यातायात बन्द खुलेपछि फर्काइदिने भन्ने पुनरावेदकको भनाइका बिचमा विवाद भई जाहेरवालाले कवितालाई तुरून्त नल्याइदिए वाइसिएल लगाउँछु भन्नेसमेतको धम्की दिएबाट रिसइबीका कारणले जाहेरवालाले प्रतिवादीहरू विरूद्ध जाहेरी दिएको हुनसक्ने सम्भावनासमेत मिसिल संलग्न कागजातबाट देखिन आएको देखिने।

प्रतिवादीहरूको बयान, बुझिएका मानिसहरूले लेखाइदिएको बकपत्र बेहोरा, घटनास्थल मुचुल्कालगायतका मिसिल संलग्न कागजातहरूबाट आपसी आवतजावत तथा नाता सम्बन्ध रहेकै मानिससँग केही दिन घुम्न भनी परिवारको सहमतिमै खर्चसमेत लिएर गएकी कविता बम्जनलाई यी प्रतिवादीहरूले मानव ओसारपसार, बेचबिखन वा शोषण गर्ने उद्देश्यले लगेका होलान् भनी विश्वास गर्ने विश्वसनीय प्रमाण वादी नेपाल सरकार तथा जाहेरवाला तर्फबाट समेत पेस हुन सकेको देखिँदैन। शोषण गरेको वा गर्न खोजेको भन्ने भनाइ जाहेरवाला पक्षको रहेको नदेखिने। अभियोगपत्रमा मागदाबी लिइएजस्तो मानव बेचबिखनको लागि आवश्यक तत्त्वको विद्यमानतासमेत प्रस्तुत मुद्दामा देखिएको छैन । पीडित कवितालाई वेश्यावृत्तिमा लगाउने वा शोषण गर्नेलगायतका उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने उद्देश्यले घरबाट लिएर गएको नभई परिवारसँगको सम्बन्धकै आधारमा घुमाउन लगेको पुष्टि हुन आएको देखिने।

तथ्ययुक्त प्रमाणहरूको सङ्कलन गरी सत्यतथ्य तथा अदालतलाई शङ्कारिहत रूपमा स्वीकार्य हुने प्रमाणका कडीहरू जोडी निष्कर्षमा पुग्नु अभियोजन पक्षको कर्तव्य हो । तर प्रस्तुत मुद्दामा देखादेखी रूपमै विरोधाभाषापूर्ण प्रमाणहरू र जाहेरी दरखास्तसँग मेल नखाने तथ्यहरूको विद्यमानता देखिएको छ । जाहेरीकै आधारमा मात्र मुद्दा दायर गर्दा अभियोजन पक्षले आफ्ना कमजोरी लुकाउन अदालतमा मुद्दा पन्छाएको जस्तो देखिन आएको छ । मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर आरोप लाग्ने विषयमा वस्तुनिष्ठरूपमा प्रमाणको सङ्कलन विश्लेषण र मूल्याङ्कन नहुनुको परिणामस्वरूप शङ्काको सुविधा अभियुक्तले पाउन सक्ने र वास्तविक अपराधी उम्कन सक्ने अवस्थातर्फ अभियोजन पक्ष सदैव सचेत रहनु आवश्यक हुने।

अत: विवेचित आधार एवम् कारणसमेतबाट यी पुनरावेदक प्रतिवादीसमेत उपर लगाइएको अभियोग दाबी पुष्टि हुन नसकेको तथा शङ्काको सुविधासमेत प्रतिवादीहरूले पाउने अवस्था हुँदा

यी पुनरावेदकसमेतलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) बमोजिम सजाय गर्ने गरी सुरू जिल्ला अदालतबाट मिति २०६८।७।२८ मा र पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।११।२५ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई आरोपित कसूरबाट यी प्रतिवादीले सफाइ पाउने ठहर्छ। प्रस्तुत मुद्दामा आरोपित कसूर नै कायम नरही प्रतिवादीले सफाइ पाउने ठहरी फैसला भएकोले आरोपित कसूर नै कायम नरहेको अवस्थामा प्रतिवादीहरूमध्येका पुनरावेदन नगर्ने अर्का प्रतिवादी लक्ष्मीप्रसाद सेन्चुरीको हकमा समेत मुलुकी ऐन, अ.बं. २०५ नं. बमोजिम यसै पुनरावेदन पत्रका आधारमा निजले समेत आरोपित कसूरबाट सफाइ पाउने।

इजलास अधिकृत : सुभाषचन्द्र दाहाल

इति संवत्२०७५ साल भाद्र ६ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०६९-CR-०६९८, जालसाजी, उपेन्द्र दास वि. बिलट राससमेत

वादी दाबीको कि.नं.३२१ र कि.नं.३१९ का जग्गाहरूमा आफ्नोसमेत हक लाग्ने हुँदा बाली रोक्का राखिपाउँ भनी संवत् २०६४ सालको सा.दे.नं. २०४० को अंशदर्ता मुद्दामा मिति २०६६।६।२२ मा निवेदन दिई सोही मिति २०६६।६।२५ मा उक्त कित्ता जग्गाबाहेकका अन्य कित्ता जग्गाको बाली रोक्का राख्ने आदेशसमेत भएको देखिन्छ। उक्त सा.दे.नं.२०४० को अंश दर्ता मुद्दामा उक्त कि.नं.३२१ र कि.नं.३१९ को जग्गामा वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएको देखिन्छ । उक्त पैसलाउपर उक्त अंश दर्ता मुद्दाका वादी उपेन्द्र दासले पुनरावेदन अदालत राजविराजमा पुनरावेदन गरेको पनि देखिन्छ । आफैँले मिति २०६६।६।२२ मा उक्त कित्ताका जग्गाहरू कमलादेवीको नाउँमा दर्ता रहेकोले बाली रोक्का राखिपाउँ भनी निवेदन दिई कारबाही चलाई आएकोमा मालपोत कार्यालयबाट मिति २०६७।४।१० मा उक्त जग्गाको राजीनामाको नक्कल सारी लिई थाहा पाएको मितिले ६ महिनाभित्र फिराद दायर गरेको कार्यलाई कानूनको हदम्यादभित्र दायर गरेको भनी मान्न मिल्ने नदेखिने।

कुनै पनि मुद्दाको सम्बन्धमा निर्णय गर्दा अदालतले हदम्यादको प्रश्नलाई प्रारम्भिक रूपमा हेर्नुपर्छ । कानूनले कुनै व्यक्तिलाई हक प्रदान गर्दछ भने सो हकप्रति उक्त व्यक्ति सचेत हुनुपर्छ र हक हनन् भएको अवस्थामा कानूनले तोकेको म्यादभित्र उपचारको लागि अदालतसमक्ष उपस्थित हुनुपर्ने।

कानूनले तोकेको म्यादभित्र अदालतसमक्ष उपचारको लागि नआई हदम्याद नघाई आउँछ भने अदालतले सहयोग गर्न सक्दैन। कानूनको म्याद नघाई जहिलेसुकै अदालतमा नालिस उजुर गर्न दिने हो भने विवादको कहिल्यै अन्त्य नभई अनिश्चितता उत्पन्न हुन जाने।

अदालत तथा न्यायिक निकायबाट भएका आदेशहरू मिलेको नमिलेको परीक्षण गर्नको लागि कानूनमा पुनरावेदनको व्यवस्था गरिएको हुन्छ। आदेशमा चित्त नबुझ्ने पक्षले कानूनले तोकेको अवधिभित्र पुनरावेदन गर्नुपर्छ अन्यथा सो आदेश नै अन्तिम हुन पुग्छ। यसरी अन्तिम भएर बसेको आदेश विरूद्ध कानूनले तोकेको म्याद नाघी उजुरी दिइन्छ भने सो हदम्यादको सिद्धान्तको प्रतिकूल हुनुको साथै फैसलाको अन्तिमता (finality of decision) को सिद्धान्तको समेत प्रतिकूल हुन पुग्ने।

पुनरावेदकले २०६६।६।२२ मा बाली रोक्का राखिपाउँ भनी निवेदन माग गरेकोमा सो निवेदनउपर सुरू जिल्ला अदातलबाट कारबाही भएको सम्बन्धमा विवाद देखिँदैन । यस्तो अवस्थामा यी पुनरावेदकले उल्लिखित कित्ता जग्गाहरू प्रतिवादी कमलादेवीका नाउँमा दर्ता थियो भन्ने जानकारी पहिले नै अर्थात् मिति २०६६।६।२२ भन्दाअघि नै भएको मान्नु पर्ने हुन आयो। वादीले यो तथ्य लुकाई आएबाट सफाहात लिई अदालत प्रवेश गरेको पनि नदेखिने।

तसर्थ उल्लिखित कि.नं. ३२१ र कि.नं.

३१९ का जग्गाहरू कमलादेवी वैश्यका नाममा दर्ता रहेको भनी उल्लेख गरी मिति २०६६।६।२२ मा निवेदन दिएकोमा मालपोत कार्यालय, सप्तरीबाट मिति २०६७।४।१७ मा नक्कल लिई थाहा पाएको मितिले ६ महिनाभित्र मुलुकी ऐन, किर्ते कागजको महलको १८ नं. बमोजिमको हदम्यादको दाबी लिई फिराद परेकोमा हदम्याद नघाई फिराद दायर गरेको देखिँदा जालसाजमा वादी दाबी पुग्ने ठहर्‍याई सुरू सप्तरी जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी हदम्यादको आधारमा वादी दाबी खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत राजविराजबाट मिति २०६९।३।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : जगतबहादुर पौडेल

इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम् ।

३

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री टंकबहादुर मोक्तान, *०७५-WH-००३७, बन्दीप्रत्यक्षीकरण, वीरेन्द्र विश्वकर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

मेरा दाइ खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' लाई विपक्षीहरूले गैरकानूनी थुनामा राखेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाऊँ भनी दायर भएको रिट नं.०७५-WH-००२८ को मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७५।०५।२९ मा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई थुनामुक्त गर्ने आदेश भएकोमा उक्त आदेश भई सर्वोच्च अदालतको मुख्य रजिस्ट्रारको रोहवरमा थुनामुक्त गर्ने बित्तिकै विपक्षीहरूले अदालत हाताबाटै उहाँलाई पुनः पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, उदयपुर पुर्‍याई त्यहाँको हिरासतमा राखी उहाँका कानून व्यवसायी र आफन्तहरूलाई समेत उहाँसँग भेटघाट गर्न नदिइएकोले विपक्षीहरूले बदनियतपूर्वक प्रवृत्त भावनाले पटकपटक मेरा दाइ खड्गबहादुर विश्वकर्मालाई पक्राउ गरी संविधान एवम् प्रचलित कानूनविपरीत थुनामा राखेकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी उहाँलाई थुनामुक्त गरी सर्वोच्च अदालतबाट पटकपटक भएको आदेशको जानाजान अवज्ञा गरी मेरा दाइलाई पटकपटक प्रकाउ गरी अदालतको अवहेलना गर्ने विपक्षीहरूलाई अदालतको अवहेलनामा हदैसम्म सजाय गरिपाऊँ भन्ने बेहोराको बन्दी खड्गबहादुर विश्वकर्माको हकमा वीरेन्द्र वि.क. को निवेदन दाबी रहेको देखिने ।

निवेदक खड्गबहादुर विश्वकर्मासमेतका विरूद्ध मिति २०७४।१२।२८ मा उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-१३ स्थित हवाई मैदानमा बम विस्फोट गराई ज्यान मार्ने उद्योगको कसूर गरेको भन्दै मनिकुमार राईसमेतको जिल्ला प्रहरी कार्यालय, उदयपुरमा दर्ता भएको जाहेरी दरखास्तमा अनुसन्धान गर्नका लागि निज खड्गबहादुर विश्वकर्मालाई पक्राउ गरी उदयपुर जिल्ला अदालतबाट मिति २०७५।५।३० बाट लागु हुनेगरी मिति २०७५।५।३१ मा पहिलोपटक दिन ६ को म्याद थपको अनुमति लिई निजलाई प्रहरी हिरासतमा राखी अनुसन्धानको कार्य भइरहेको हुँदा निवेदन माग दाबीबमोजिम रिट जारी हुनुपर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको विपक्षीहरूको लिखित जवाफ रहेको देखिने ।

रिट निवेदनको मागबमोजिम आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा; मिति २०७५।५।१, २०७५।०५।०७ र २०७५।०५।१८ गते यिनै निवेदक भएको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ विषयक रिट नं. क्रमशः ०७५-WH-०००६, ०७५-WH-०००९, ०७५-WH-००१६ का रिट निवेदनहरूमा यी निवेदकलाई थुनामा राख्दा बाध्यात्मकरूपले पालना गर्नुपर्ने कानूनी कार्यविधिको पालना नगरिएको, थुनामा राख्ने अनुमति माग्दा र दिँदा के कुन प्रयोजनका निम्ति थुनामा राख्नुपर्ने हो; सोको आधार र कारण खोली आदेश गरेको नपाइएको भन्नेसमेत कारण देखाई यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएकोमा उक्त आदेशको पालना नगरी विपक्षीहरूद्वारा निवेदकलाई पुनः पक्राउ गरिएको विरूद्ध निवेदन नं. ०७५-WH-

००२५ को रिट निवेदन दर्ता भई यस अदालतबाट मिति २०७५।०५।२९ मा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई यी बन्दीलाई थुनामुक्त गरिएकोमा तत्कालै सोही मितिमा जरूरी पक्राउ पुर्जीका आधारमा विपक्षीहरूद्वारा निजलाई पुनः पक्राउ गरेको देखिने।

पक्राउ गर्नुपर्ने कारणमा मिति २०७४।१२।१८ मा उदयपुर जिल्लाको त्रियुगा न.पा. वडा नं. १३ मा भएको बम बिष्फोटनको घटनालाई आधार बनाइएको छ। नेपाल राज्यको कुनै पनि स्थानमा कुनै पनि कारण देखाई डर त्रास देखाउन, आतङ्क मच्चाउन वा कुनै पनि प्रकारले जिउ ज्यान वा निजी वा सार्वजनिक सम्पत्तिको हानि नोक्सानी हुने गरी आपराधिक कार्य गर्नेलाई उन्मुक्ति दिन सकिने हुँदैन। यस्तोमा तत्काल प्राप्त वस्तुनिष्ठ प्रमाणको आधारमा अनुसन्धानको प्रयोजनको लागि आरोपित व्यक्तिलाई पक्राउ गर्न सकिने नै हुने।

समाजमा कुनैपनि व्यक्तिको जीउ र सम्पत्तिमा प्रभाव पर्नेगरी आपराधिक कार्य गर्ने कसैलाई छुट दिन सकिने अवस्था नभए तापनि अनुसन्धानको अवस्थामा कानूनको यथावत पालना गरिनुपर्ने आवश्यक हुन्छ। हाल यी निवेदकलाई पक्राउ गर्नुको कारणमा मिति २०७४।१२।२८ मा उदयपुर जिल्लाअन्तर्गत भएको भनिएको विस्फोटनका घटनालाई आधारमा लिएको देखिए तापनि यी बन्दीलाई मिति २०७५।०४।२२ मा पहिलोपटक र सोपश्चात् पनि पटकपटक पक्राउ गरेपछि यस अदालतबाट क्रमशः मिति २०७५।५।१, २०७५।०५।०७ र २०७५।०५।१८ मा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरेपश्चात् मात्र मिति २०७४।१२।२८ को घटनालाई लिई यी निवेदकलाई मिति २०७५।०५।२१ मा पक्राउको लागि अदालतबाट अनुमति माग भएपनि पुनः मिति २०७५।०५।२९मा यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएपछि ती निवेदनहरूको अदालती परिणाम हेरी मिति २०७५।०५।२९ मा महानगरीय प्रहरी परिसर, काठमाडौंबाट जरूरी पक्राउ पुर्जी जारी भएको देखिने।

पटकपटक पक्राउ गर्ने र यस अदालतबाट छाड्ने, साथै पुनः पक्राउ गर्न जरूरी पक्राउ पुर्जी जारी गर्ने कार्यबाट यी बन्दीलाई निरन्तर थुनामा राख्ने प्रवृत्त भावना यी विपक्षीहरूमा थिएन भनी विश्वास गर्न सकिने अवस्था देखिएन । उपर्युक्त पृष्ठभूमिमा निवेदन मागदाबीबमोजिमको आदेश जारी गरी बन्दी खड्गबहादुर विश्वकर्मालाई थुनामुक्त गर्नु नै न्यायोचित देखियो। अतः प्रस्तुत रिट निवेदनमा निवेदक बन्दी खड्गबहादुर विश्वकर्मालाई गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

रिट निवेदकलाई गैरकानूनी थुनामा राखेको देखिँदा आजै बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: प्रदीपकुमार उपाध्याय

इति संवत् २०७५ साल असोज ९ गते रोज ३ शुभम्।

इजलास नं. १२

१

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७१-CI-१०२८, १०२९, घरजग्गा खिचोला चलन, *स्व. रेवी साहको मु.स. गर्ने जीवछी देवी सुडीनसमेत वि. स्व. राम लखन साह सुडीको मु.स. गर्ने श्रीमती सितली देवी, स्व. राम लखन साह सुडीको मु.स. गर्ने श्रीमती सितली देवी वि. स्व. रेवी साहको मु.स. गर्ने जीवछी देवी सुडीनसमेत*

संवत् २०४६ सालको दे.नं. १८१२ को जग्गा खिचोला मुद्दामा मिति २०४८।२।१७ मा नापनक्सा भएको र उक्त मुद्दाका प्रतिवादीहरूनै दे.नं. २०२३ नं. को यस मुद्दाका वादी प्रतिवादी रहेको देखिन्छ । उक्त मुद्दाको नापनक्सा र प्रस्तुत दे.नं. २०२३ नं. का मुद्दामा मिति २०६६।३।५ मा भएको नापनक्सा मुचुल्कालाई समेत एक अर्कासँग तुलना गरी हेर्दा २०४८ सालको नापनक्साको जग्गाको आकृति प्रकृति र २०६६।३।५ को नापनक्सामा भएको घरजग्गाको आकृति प्रकृति फरक नभई समान रूपमा मिलेको

देखिन्छ । मिति २०६६।३।५ को नापनक्साबाट वादी रामलखनको बसोबास न.नं. १५ को गोरेटो बाटोको पूर्व न.नं. ९, १०, ११, १२क, ख, ग, घ मा रहेको भन्ने देखिन्छ भने गोरेटोको पूर्वमा पहिलेदेखि नै मिति २०४८।२।१७ को नापनक्साबाट पनि तत्कालीन नं.नं. ४. ५ र ६ को जग्गाको आकृति प्रकृतिको ठाउँमा हालको न.नं. ७, ७क र ८ रहेको देखिन्छ । जुन प्रतिवादीको भोगमा देखिन्छ । हालको न.नं. ७, ७क, ८, ९ र १० को घरजग्गामा दुवै पक्षले भोगको दाबी गरी विवादित रहेको भन्ने देखिन आएकोमा हाल आएर उक्त गोरेटोको पूर्वमा न.नं. ९ र १० मा प्रतिवादीले आफ्नो जग्गा हो भनी भोगको दाबी गरेको पाइन्छ भने गोरेटोको पश्चिममा न.नं. ७, ७क र ८ मा वादीले आफ्नो हो भनी भोगको दाबी गरेको पाइन्छ । जबकी साबिकदेखि नै गोरेटो बाटोको पूर्वमा वादीको र पश्चिममा प्रतिवादीहरूको अलगअलग भोग बसोबास रहेको भन्ने दे.नं. १८१२ को जग्गा खिचोला चलन मुद्दामा भई आएको नाप नक्साबाट देखिने ।

यसरी २०४६ सालको दे.नं. १८१२ को मुद्दामा तत्कालीन २०४८।२।१७ को नापनक्साको न.नं. ४ को जग्गाको हकमा रेवी साहको हक भोग रहेको कारण निजका सन्तानहरूको हक भोग कायम हुनेगरी तत्कालीन मुद्दाका वादी राम स्वरूप साह र तत्कालीन प्रतिवादी रेवी साहबिचमा दे.पु.नं. १०९९ मा पुनरावेदन अदालत जनकपुरमा मिति २०५५।१२।९ मा नै मिलापत्र पनि भएको र २०४६ सालको उक्त दे.नं. १८१२ को मुद्दामा प्रतिवादी रेवी साह र यी वादी सितलीका पति राम लखन साहले संयुक्त प्रतिवाद गरी मिति २०४८।२।१७ को नापनक्सामा बसी त्यसमा उल्लेख भएको बेहोरालाई स्वीकार गरी नापनक्सामा एक अर्काको प्रतिनिधि भई सही गरेका छन् । रेवी साह र राम लखन साह जयलाल साहको सन्तानहरू रहेको देखिने ।

२०४६ सालको दे.नं. १८१२ को जग्गा खिचोला मुद्दामा मिति २०४८।२।१७ मा भएको नाप नक्सामा न.नं. ७क लाई पूर्व पार्दै न.नं. ८ हुँदै बाटो सडकमा आएको र त्यसको पूर्व राम लखन, पश्चिम रेवी साह हालका प्रतिवादीहरूको बुबाको रहेको भन्ने देखिएको तथ्यमा हालसम्म कुनै प्रकारको फरक वा परिवर्तन भएको अवस्था नभएको र त्यस्तो विश्वासयोग्य र भरपर्दो प्रमाण प्रस्तुत भएको मिसिलबाट नदेखिने ।

यसरी उनाउ व्यक्तिसँग चलेको मुद्दामा उही जग्गाको बारेमा यी वादी प्रतिवादी एउटा बेहोराको भोगचलनको जिकिर लिने र आफूहरूबिचमा चलेको मुद्दामा सोही घर बसोबासको भोगचलनको बारेमा फरक कुरा गर्ने वादी प्रतिवादी दुवै पक्ष विबन्धित हुने स्पष्ट देखिने ।

२०४८ सालदेखि नै तत्कालीन नं.नं. ७ को र हालको न.नं. १५ को गोरेटो बाटो पहिलेदेखि नै रही उक्त गोरेटोले सीमा छुट्टयाई गोरेटोको पूर्व रामलखन साहका सन्तानको घर बसोबास र गोरेटोको पश्चिम रेवी साहका सन्तानहरूको घर बसोबास रहेको २० वर्ष अधिको नाप नक्साबाट नै देखिएकोमा हाल आएर हालको न.नं. १५ को पश्चिमपट्टि न.नं. ७, ७क र ८ मा मेरो हकभोग छ भनी वादी सितलीदेवीको भनाइ फिराद दाबी र हाल न.नं. १५ को गोरेटोको पश्चिम न.नं. ९ र १० मेरो हकभोग हुनुपर्ने भन्ने प्रतिवादी रेवी साहका सन्तानका भनाइ एवम् प्रतिउत्तर जिकिर आफैँमा पूर्व नापनक्सा तथा मिलापत्रमा स्वीकार गरेको भनाइहरू एकआपसमा फरक परी भिन्न रहेको पाइने ।

अतः मिति २०४८।२।१७ को नापनक्सामा उल्लेख न.नं. ५ र ६ को जग्गा हालको मिति २०६६।३।१५ को नापनक्सामा न.नं. ७, ७क र ८ मा परी प्रतिवादी रेवी साहको भोगमा रहेकोमा अहिले पनि प्रतिवादी रेवी साहकै सन्तानको भोग रही कुनै तात्त्विक फरक नपरेकोले हालको मिति २०६६।३।१५ को नापनक्सामा न.नं. ७, ७क र ८ को जग्गा वादीले आफ्नो हो भनी दाबी गरी यी प्रतिवादीहरूले खिचोला गरेको भन्ने भनाई विश्वसनीय देखिएन । त्यसैगरी न.नं. ९ र १० गोरेटोभन्दा पूर्वको जग्गा मेरो भोगको हो भन्ने प्रतिवादीको भनाइ पनि माथि विवेचना भएको आधार र

कारणबाट विश्वसनीय नहुँदा न.नं. ९ र १० खिचोला ठहर गरेको हदसम्म पुनरावेदन अदालत जनकपुरको मिति २०७०।२।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामाकान्त यादव

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ साल भदौ १० गते रोज ३ शुभम्।

२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७३-CR-०८५८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तिर्थबहादुर राई*

जाहेरवाला युवक राई, मृतकको बाबु मन्त्रीप्रसाद राई, श्रीमती सुमनकुमारी राई, फुलकुमारी राई, विमल राई र मैयाँ राईसमेतले प्रतिवादीले टाउकोमा ढुङ्गा प्रहार गरेकोले घाइते भई सोही चोटको कारण मृतकको मृत्यु भएको भनी मौकामा कागज गरी अदालतमा समेत सोही बेहोरा लेखाई बकपत्र गरेको देखिन्छ । शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Cause of death is due to head injury as a result of blunt force भन्ने पाइन्छ। प्रतिवादीले कसूरमा साबिती रही गरेको बयान, फुलकुमारी राईसमेतको मौकाको कागज तथा बकपत्र र शव परीक्षण प्रतिवेदनसमेतबाट मृतक खड्गप्रसाद राईको मृत्यु प्रतिवादीले ढुङ्गाले टाउकोमा हिर्काएको कारणबाट उपचार गराउन लैजाँदै गर्दा बाटोमै भएको भन्ने देखिने।

तसर्थ, पूर्वतयारीका साथ प्रतिवादीले मृतकलाई मार्न ढुङ्गाले हानेको अवस्था विद्यमान नदेखिई घटनास्थलमा मृतक र प्रतिवादीबिच रूखका विरूवा काटेको विषयमा विवाद भई उठेको रिसको कारण तत्काल भुइँमा रहेको ढुङ्गा टिपी हिर्काउँदा टाउकोमा लागेको चोटको कारण मृतकको मृत्यु हुन गएको देखिन आएको हुँदा यी प्रतिवादीले ज्यान मार्ने योजना तथा मनसायका साथ ढुङ्गाले हानेको भन्ने अवस्था देखिएन। प्रतिवादीले मनसायपूर्वक मृतकको हत्या गरेको नदेखिएको अवस्थामा साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसूर अपराधमा प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने गरी सुरू संखुवासभा जिल्ला अदालतले गरेको फैसलालाई सदर ठहऱ्याएको पुनरावेदन अदालत धनकुटाको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः मृतक र प्रतिवादीबिच विवाद भई तत्काल उठेको रिस थाम्न नसकी प्रतिवादीले ढुङ्गाले टाउकोमा हानेको कारणबाट मृतकको मृत्यु भएको भनी साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसूरमा प्रतिवादीलाई १०(दश) वर्ष कैद सजाय हुनेगरी सुरू संखुवासभा जिल्ला अदालतले गरेको फैसला सदर ठहऱ्याएको पुनरावेदन अदालत धनकुटाको मिति २०७३।५।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मेघनाथ चापागाँई

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ साल वैशाख ८ गते रोज १ शुभम्।

इजलास नं. १३

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७०-CI-०२७०, निर्णय दर्ता बदरसमेत, *मिनकुमारी अधिकारीसमेत वि. ईश्वरबहादुर गुरूङसमेत*

प्रतिवादीहरूले हकको स्रोत चार किल्लासमेत खुलाएको साबिक दर्ताबमोजिम एकै चक्लामा सो जग्गाको अवस्थिति रहेको छ। सो साबिक दर्ताबमोजिम विवादित साबिक कि.नं. ५४३ को जग्गा भए एउटै चक्लामा अर्थात् साँध सिमाना जोडिएकै अवस्थामा रहनु पर्ने हुन्छ। तर अदालतबाट भएको नक्साअनुसार फरकफरक स्थानमा सोही साबिक दर्ताको स्रोतबाट प्रतिवादीहरूले आफ्नो दर्ताअनुसारको जग्गा हो भनी भन्न आएका हुँदा एकै चक्लाका जग्गा हुन् भन्ने प्रतिवादीहरूको जिकिर पनि सत्य तथ्यमा आधारित रहेको देखिन नआउने।

विवादित साबिक कि.नं. ५४३ को जग्गा

प्रतिवादीहरूको साबिक दर्ता स्रोतसँग भिडेको पाइएन । साबिक दर्ता स्रेस्तासँग भिड्न नआएको जग्गामा कसैको भोग कब्जा भएकै आधारले मात्र जग्गाको स्वामित्व प्राप्त हुने होइन । विवादित साबिक कि.नं.५४३ को जग्गा प्रतिवादीहरूको साबिक दर्ता स्रोतसँग भिडेको अवस्थामा भएको भोगले मात्र कानूनी मान्यता प्राप्त हुन्छ । दर्ता नै नभएको र साबिक दर्तासँग मिल्ने भिड्ने यकिन नै नभएको अवस्थामा सो विवादित कि.नं. ५४३ को जग्गामा प्रतिवादीहरूको भोग भनी नक्सा मुचुल्कामा जनाएकोले मात्र त्यस्तो प्रतिकूल भोगले निर्विवाद रूपमा प्रतिवादीहरूको साबिक दर्ताबमोजिमको जग्गाहरू मानी नक्सा मुचुल्कामा दर्ता गर्नु कानूनसङ्गत नहुने ।

सर्वोच्च अदालतको फैसलाअनुसार समेत आफ्नो हक हुन आएको भन्ने प्रतिवादीहरूको जिकिरका सम्बन्धमा विचार गर्दा लोककुमारीको मु.स. गर्ने नारायणबहादुर श्रेष्ठ पुनरावेदक वादी र प्रत्यर्थी पूर्णदीप पौडेलसमेत भएको २०५५ सालको दे.पु.नं. ४३४१ को जग्गा दर्ता बदर मुद्दामा दाबीको कि.नं.१७, १८, १९, २१, २९, ३०, ३१, ३२, ३३, ३४, ४१ र ४२ का जग्गाहरू वादी दाबीबमोजिम दर्ता बदर हुने ठहऱ्याएको सुरू कास्की जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको फैसला सदर गरेको पाइन्छ । उक्त फैसलामा दाबीका कित्ताहरू नै फरक रहेको हुँदा विवादित कि.नं. ५४३ को जग्गामा प्रतिवादीहरूको हक कायम भएको नदेखिने ।

वास्तवमा मालपोत कार्यालयमा एकैपटक निवेदन नदिई २०५०।९।२७ को नक्सामा भोग जनिएको आधारमा नभिड्ने साबिक कि.नं. ८२ लेखी पुनः अर्को निवेदन दिई सार्वजनिक पर्ति भनी फिल्डबुकमा स्पष्ट जनिएको साबिक कि.नं.५४३ को जग्गा प्रतिवादीहरूबाट दर्ता गर्न खोजेको देखिन्छ । सार्वजनिक जग्गा कुनै बेहोराले कुनै व्यक्तिको नाउँमा दर्ता हुँदैमा त्यसले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।

अतः उल्लिखित आधार कारणबाट साबिक कि.नं. ५४३ र त्यसबाट हाल कित्ताकाट भई कायम हुन आएका कि.नं. ३९०१, कि.नं. ३९०२ र कि.नं. ३९०३ का जग्गाहरूलाई व्यक्तिगत दर्ता हकको जग्गासमेत ठहऱ्याएको सुरू कास्की जिल्ला अदालतको मिति २०६८।२।२३ को फैसला उल्टी गरी विवादित कि.नं. ५४३ र त्यसबाट कित्ताकाट भई दर्ता हुने गरेको हदसम्मको मालपोत कार्यालय कास्कीको मिति २०६५।३।२३ को निर्णय र उक्त निर्णयले प्रतिवादीहरू पूर्णदीप पौडेल र मिनकुमारी अधिकारीका नाउँमा दर्ता गर्ने गरेको दर्तासमेत बदर गरी सोबमोजिम दूषित दर्ताबाट प्राप्त कि.नं. ५४३ को जग्गा हक हस्तान्तरण गर्ने गरिएका मिति २०६५।९।११, २०६६।२।१३ र २०६६।४।२० मा पारित राजीनामा लिखतहरूसमेत बदर भई साबिक कि.नं.५४३ र त्यसबाट हाल कित्ताकाट भई कायम हुन आएका कि.नं.३९०१, कि.नं.३९०२ र कि.नं.३९०३ का जग्गाहरू सार्वजनिक कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत पोखराको मिति २०६९।११।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल जेठ ७ गते रोज ३ शुभम् ।

इजलास नं. १४

१

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७२-CI-१८१९, ०७३-CI-१०४६, १०५८, उत्प्रेषण / परमादेश, *डोलिन्द्रप्रसाद शर्मासमेत वि. सरोजकुमार शर्मासमेत*

पुनरावेदकहरूको जिकिरबमोजिमको सञ्चालक सदस्यहरूको मनोनयन शिक्षा मन्त्रालयबाट हुने हो वा होइन भन्नेतर्फ विचार गर्दा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ को अनुसूची २ को देहाय १८ मा साझा प्रकाशनलाई शिक्षा मन्त्रालयको

कार्यक्षेत्र भित्र राखिएको देखिन्छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४३ को उपधारा (२) मा नेपाल सरकारबाट स्वीकृत नियमावलीबमोजिम नेपाल सरकारको (कार्यविभाजन) हुने छ र उपधारा (३) मा उपधारा (२) बमोजिमको नियमावलीको पालना भयो भएन भन्ने प्रश्न कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन भन्ने व्यवस्था रहेको पाइन्छ। नियमावलीमा भएको उक्त व्यवस्थाले नेपाल सरकार वा कार्यपालिकाले आफ्नो आन्तरिक कार्य प्रणालीलाई व्यवस्थित बनाउन नियमावली बनाएको देखिन्छ। यसले नेपाल सरकार अर्थात् मन्त्रालयको काममा दोहोरोपन नहोस् भन्ने अभिप्राय हो र यो व्यवस्थाले आफ्नो मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विषयमा आवश्यक व्यवस्था र समन्वय गर्नेसम्म हो। यसले आफ्नो क्षेत्रमा परेको भन्ने आधारमा अधिकारको सिर्जना गर्ने नभई त्यो विषयमा समन्वय एवम् सुपरीवेक्षण गर्ने र कुनै विषय मन्त्रिपरिषद्मा पेस गर्दा सम्बन्धित मन्त्रालयमार्फत पेस गर्ने हुँदा समन्वयकारी भूमिकासम्म रहेको देखिने।

यसरी साझा प्रकाशन शिक्षा मन्त्रालयअन्तर्गत रहेकै आधारमा सो संस्थाको ऐन, नियम र विनियमबमोजिम निजले प्रयोग गर्ने अधिकारमा शिक्षा मन्त्रालयले उक्त विनियम प्रतिकूल निर्णय गर्न सक्ने देखिन आउँदैन। यसरी साझा प्रकाशन प्रति शिक्षा मन्त्रालयको नियमनकारी र समन्वयकारी भूमिका रहेको भन्दैमा मौजुदा विनियमको व्यवस्थालाई समेत प्रयोग गर्न पाउने भन्न मिल्दैन। यी विनियमहरू मौजुद नै रहेको, खारेज / संशोधन नभएको अवस्थामा साबिकबमोजिम नै क्रियाशिल हुने हुन्छ। साझा प्रकाशन सहकारी संस्थाको अध्यक्ष र सञ्चालक समितिको नियुक्ति र मनोनयन शिक्षा मन्त्रीले गर्ने अधिकार के कुन ऐन, नियम र विनियमले प्रदान गरेको हो सो कुरा पुनरावेदकहरूको पुनरावेदन बेहोरा र लिखित जवाफमा उल्लेख भएको देखिँदैन। ऐनले नै अख्तियारी प्रदान नगरेको पदाधिकारीले गरेको नियुक्तिलाई ऐनको व्यवस्था र मकसद प्रतिकूल हुने गरी व्याख्या गरेर अदालतले त्यसलाई वैधता प्रदान गर्न नसक्ने। अदालत आफू पनि कानूनको अधीनमा रहेर कार्य गर्ने र अन्य निकाय एवम् पदाधिकारीहरूलाई पनि कानूनको अधीनमा नै राखेर उनीहरूले गरेको कार्य एवम् निर्णयहरू कानूनअनुकूल छ, छैन ? भनी सुपरिवेक्षण कर्ताको हैसियतले हेर्ने कार्य गर्दछ। साझा प्रकाशनको विनियम ९ मा साझा प्रकाशनको अध्यक्ष र ३ जना सञ्चालक सदस्य मनोनयन गर्ने अधिकार साझालाई हुने भनी विनियमले स्पष्टत: यस्तो व्यवस्था गरी अध्यक्ष र ३ जना सञ्चालक सदस्यलाई मनोनयन गर्ने अधिकार साझालाई प्रदान गरिरहेको अवस्थामा साझा प्रकाशनको अनुरोधमा सदस्यहरूको मनोनयन गरेको भन्ने कारणले मात्र पनि माननीय शिक्षा मन्त्रीको विवादित निर्णयले वैधता प्राप्त गर्न सक्ने देखिँदैन। यस परिप्रेक्ष्यमा क्षेत्राधिकार नै नभएको विषयमा प्रवेश गरी भएको निर्णयले वैद्यता प्राप्त गर्न सक्ने आधार विद्यमान नदेखिने।

साझा केन्द्र विघटन भएपछि राष्ट्रिय सहकारी बोर्ड ऐन, २०४९ आएको र उक्त ऐनको दफा १८ ले बोर्डले नेपाल सरकारसँग समन्वय राख्दा कृषि मन्त्रालयमार्फत राख्नुपर्ने भन्ने व्यवस्था सँगै साझा प्रकाशन सहकारी संस्था कृषि मन्त्रालयअन्तर्गत भएको देखिन्छ। यसरी हेर्दा राष्ट्रिय सहकारी विकास बोर्ड कृषि मन्त्रालयअन्तर्गत रहेको र साझा प्रकाशन शिक्षा मन्त्रालयअन्तर्गत रहेको पाइन्छ। कार्य विभाजन नियमावलीबमोजिम ६० प्रतिशत सेयर लिने साझा प्रकाशन शिक्षा मन्त्रालयको कार्यक्षेत्रमा परेको नभई साझा प्रकाशन शिक्षा मन्त्रालयअन्तर्गतको विषयसम्म रहेको देखिन्छ। साझालाई प्राप्त भएको अधिकार अन्य मन्त्रालयले पनि प्रयोग गर्न मिल्ने भनी स्पष्ट कानूनी व्यवस्थाको अभाव रहेको सन्दर्भमा साझा प्रकाशनको अनुरोधले मात्र आफूमा कानूनले अधिकार नदिएको क्षेत्र र विषयमा माननीय शिक्षा मन्त्रीले साझा प्रकाशनको अध्यक्ष र सञ्चालक सदस्यहरूको मनोनयन र नियुक्ति गर्ने निर्णयले वैद्यता पाउने नदेखिने।

तसर्थ: विवेचित आधार कारणको आधारमा साझा प्रकाशन सहकारी संस्था शिक्षा

मन्त्रालयअन्तर्गतको विषयभित्रको जस्तो भएर मात्र साझा प्रकाशनको अध्यक्ष र सञ्चालक सदस्यहरूको मनोनयन गर्ने अधिकार साझा प्रकाशन विनियम ९ बमोजिम शिक्षा मन्त्रीलाई हुने भन्ने स्पष्ट रूपमा कानूनी व्यवस्थाले प्रदान नै नगरेको क्षेत्राधिकारको अभावमा साझा प्रकाशन सहकारी संस्थाको अध्यक्ष र सञ्चालक सदस्यको रूपमा मनोनयन गर्ने गरी मिति २०७२।३।२१ र मिति २०७४।४।१० मा भएको मन्त्रीस्तर (शिक्षा मन्त्री) को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गर्नेगरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।१।१५ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल असोज ७ गते रोज १ शुभम्।

२

मा.न्या.श्री तेजबहादुर के.सी र मा.न्या.श्री सुष्मालता माथेमा, *०७२-CI-१०४८, मिलापत्र बदर दर्ता बदर दर्ता कायम, मनुप्रसाद खडगा वि. मदन खडगा*

मूल पूर्खा स्व.विकनको ४ छोरामा क्रमशः स्व. रामफल, स्व.लक्ष्मी, स्व.रासविहारी, र स्व.लालविहारी भई रामफल निसन्तान भई मृत्यु भइसकेको, स्व. लक्ष्मीको ३ छोरा क्रमशः स्व.भोला, स्व.महादेव र स्व.सहदेव रहेकोमा भोला र निजको पत्नी सोमनी निसन्तान रही स्वर्गवास भइसकेको, महादेवका पत्नी स्व.खटरी र १ छोरामा प्रतिवादी रामचन्द्र खडगा हुन्। स्व.सहदेवका ५ छोरामा क्रमशः प्रतिवादी बेचन, वादी मदन, प्रतिवादी विन्देश्वरी, प्रतिवादी विनोद, प्रतिवादी चन्द्रनारायण रहेको, त्यस्तै स्व.रासविहारीको २ छोरामा जेठा प्रतिवादी लखन र कान्छा प्रतिवादी दामोदर रहेको र स्व.लालविहारीको निसन्तान भई स्वर्गवास भइसकेको अवस्था छ। वादी प्रतिवादीहरू अंशबन्डा नभएको सगोलका काका, काकी, भतिजा, दाजुभाइ नाताका अंशियार रहेकोमा विवाद देखिएन। निजहरूबिच पटकपटक अंश मुद्दा परी फैसला भए तापनि कसैको बन्डा छुट्टिएको नदेखिई सम्पत्ति यथास्थितिमा रहेको अवस्थामा दामोदर खडगा वादी र लखन खडगा प्रतिवादी भई मिति २०६७।४।२८ मा सा.दे.नं. १६५ को अपुताली हक कायम मुद्दा दर्ता गरी वादी मदन खड्कासमेतको हक लाग्ने जग्गा लिनेदिने गरी मिति २०६७।५।१७ मा यी वादी प्रतिवादीबिच मिलापत्र गरेको मिसिल प्रमाणबाट देखिन आयो।

२०३४ सालको दे.नं.४३३९ को अंश मुद्दामा पेस भएको तायदातीमा उल्लेख गरिएको सम्पूर्ण पैतृक सम्पतिलाई सर्वप्रथम मूल अंशियारद्वय स्व.लक्ष्मी र स्व.रासविहारीबिच २ भाग लगाउने, सो २ भागमध्ये १ भाग स्व.रासविहारीको भाग छुट्याई बाँकी लक्ष्मीको १ भागबाट २ भाग लगाउँदै १ भाग महादेवको छुट्याई बाँकी १ भाग सहदेवको अंश भागलाई पुनः ५ भाग लगाई सो ५ भागमध्येबाट वादी दाबीअनुसार १ भाग वादीले पाउने ठहरी अंशदर्ता मुद्दामा फैसला भएको र प्रतिवादीहरूका पिता स्व.रासविहारीका नाममा पूर्व फैसलाअनुसार अंश नछुट्टिइरहेको अवस्थामा वादीका पिता स्व.सहदेवको अंश भाग गुम हुने गरी प्रतिवादीहरूबिचमा अपुताली हक कायम मुद्दामा मिति २०६७।५।१७ मा भएको मिलापत्र कानून र समान अंश हकको दृष्टिले असङ्गत देखिँदा वादी दाबीबमोजिम उक्त मिलापत्र अ.बं.८६ नं. अनुसार बदर हुने नै देखिने।

तसर्थ, वादी दाबीबमोजिम मिलापत्र बदर नहुने भनी भएको सुरू सप्तरी जिल्ला अदालतको मिति २०६८।१०।२२ को फैसला उल्टी गरी वादी दाबीबमोजिम मिलापत्र बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०७२।२।१३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः सीता अधिकारी

इति संवत् २०७६ साल भाद्र १ गते रोज १ शुभम्।

३

मा.न्या.श्री तेजबहादुर के.सी र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७४-CR-०३९१, १२८६, कर्तव्य ज्यान, टिकाबहादुर थापामगर वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा बयान गर्दा इन्कारी बयान गरे तापनि प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वक भएको बयान होइन भन्ने जिकिर लिई बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निर्दोष मान्न मिल्दैन। प्रतिवादीको इन्कारी बयान अन्य स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक छ। आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको कारणले प्रहरीमा कसूर स्वीकार गर्नु परेको कुराको जिकिर लिनेले सो कुरालाई वस्तुनिष्ठ रूपमा प्रमाणितसमेत गराउन सक्नुपर्छ। तर प्रतिवादीले आफूलाई साबिती बयान गर्न बाध्य पारिएको, धम्की दिएको वा अन्य के कस्तो कारणले कसूर स्वीकार गर्नु परेको भन्ने कुरा भन्न नसकेको स्थितिमा निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाइलाई स्वेच्छाको होइन भन्न नमिल्ने। मौकामा अनुसन्धान अधिकारीसमक्ष भएको साबिती बयान अन्य स्वतन्त्र प्रमाणहरूबाट समर्थित भएमा सोलाई प्रमाणमा लिन हुन्छ भनी फौजदारी न्यायको सिद्धान्तसमेतले स्वीकार्दै आएको अवस्था र निजको सो बयानलाई मृतकको शव परीक्षण प्रतिवेदन, लास जाँच प्रकृति मुचुल्काबाट समेत समर्थित हुन आएकोले अनुसन्धान अधिकारीसमक्ष गरेको स्वीकारोक्तिलाई निजका विरूद्ध प्रमाणमा लिन मिल्ने नै देखिने।

वारदातका दिन मृतक र प्रतिवादीबिच फोन सम्पर्क भएको, सल्लाहले खोल्सातर्फ गएको, बिस्तारै भागेर जाने कुरा नमिलेपछि घटना भएको, मृतक बेहोस भएकोबाट प्रतिवादीले नै शान्तिलाई जानकारी गराई उपचारको लागि प्रयास गरेको, यी प्रतिवादी र मृतकबिच मार्नुपर्नेसम्मको पूर्वरिसइबी रहेको वा मृतकलाई जोखिमी हतियारले प्रहार गरी विपक्ष मनसायपूर्वक कर्तव्य गरी मारेको अवस्था पनि देखिएन। प्रतिवादी र मृतकबिच प्रेम सम्बन्ध रहेकोमा मृतक जमुना थापामगरले आफूलाई भगाई लान दबाब दिएको कारणबाट आपसी झगडा भई प्रतिवादीले आवेशमा आई हातखुट्टा, मोबाइलले मृतकलाई प्रहार गर्दा मृतकको टाउकोमा चोट लागि बेहोस अवस्थमा प्रतिवादीकै सक्रियतामा उपचारको क्रममा निजको मृत्यु भएको मिसिल संलग्न कागजातहरूबाट देखिन आएकाले उक्त वारदात योजना, मनसाय, तयारीको अभावमा तत्काल सिर्जित घटना र परिस्थितिका कारण उत्पन्न आवेशबाट घट्न गएको देखिएकोले प्रस्तुत वारदातमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं. को व्यवस्था आकर्षित हुने नभई सोही महलको १४ नं. मा वर्णित कसूरअन्तर्गतको देखिन आएकाले सोहीअनुसार निज प्रतिवादीलाई १० वर्ष कैद गर्ने गरी भएको उच्च अदालत जनकपुर, राजविराज इजलासको फैसला मनासिब नै देखिँदा मृतक जमुना मगरलाई कुटपिट गरी घाइते बनाई मारेको भन्ने कुरा पुष्टि नभएको अवस्थामा फोन सम्पर्क भएको भन्ने शङ्काकै आधारमा मलाई कसूरदार ठहऱ्याई भएको फैसला वदर गरी अभियोग माग दाबीबाट सफाइ पाउँ भन्ने यी पुनरावेदक प्रतिवादी र अभियोग माग दाबीबमोजिम नै सजाय गरिपाऊँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन र वहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार र कारणसमतबाट यी प्रतिवादी टीकाबहादुर थापा मगरको मृतकसँग पूर्वरिसइबी रहेको भन्ने कुरा नदेखिएको, वारदातको रूप हेर्दा मृतकलाई हात तथा मोबाइलले प्रहार गर्दा चोट लागि सोही कारणबाट मृतकको मृत्यु भएको देखिँदा उक्त कार्य आवेश प्रेरीतमात्र भएको देखिनाले प्रतिवादी टीकाबहादुर थापामगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहऱ्याएको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७३।११।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकार र पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

साथै मृतक जमुना मगरको श्रीमान् वारदात हुनुभन्दा करिब एक वर्षअगाडि नै वैदेशिक रोजगारीको

क्रममा विदेशमा नै मृत्यु भएको र मृतक जमुना मगरको दुईवटा नाबालिग छोरीहरूसमेत रहेको भन्ने प्रतिवादीको बयान र जाहेरी दरखास्त बाटसमेत देखिँदा अब यी बाल बच्चाहरूको भरण पोषण, उचित संरक्षण र शिक्षाको व्यवस्था गर्ने कोही पनि नभएको देखिएकोले प्रस्तुत वारदातबाट अनाथ तथा असहाय हुन पुगेको देखिन्छ । अपराध पीडित संरक्षण ऐन, २०७५ बमोजिम ती बालिकाहरू अपराध पीडित पनि रहेका देखियो। अदालतले बालबालिकासँग सम्बन्धित हरेक काम कारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्ने नै हुन्छ। बालबालिकासम्बन्धी ऐन, २०७५ को बालबालिकाको अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने कुरा प्रस्तावनामा नै उल्लेख भएको छ। सोही ऐनको दफा ४८ (क) बमोजिम यी बालबालिका अनाथ बालबालिका हुन पुगी विशेष संरक्षणको आवश्यकतासमेत देखियो । साथै सोही ऐनको दफा १८ ले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षालगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनु पर्ने राज्यको संवैधानिक र कानूनी दायित्व हो भन्ने व्यवस्था गरेको पाइने।

यसर्थ सो सम्बन्धमा यी अपराध पीडित अनाथ तथा असहाय मृतक जमुना मगरको नाबालिक दुई छोरीहरूलाई विशेष संरक्षण, पालनपोषण तथा शिक्षाको उचित व्यवस्थापन गर्नू गराउनू भनी बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६० (१) बमोजिमको प्रदेश बाल अधिकार समिति, दफा ६० (२) बमोजिम स्थानीय बाल अधिकार समिति तथा सोही ऐनको दफा ६१ बमोजिमको बाल कल्याण अधिकारीको नाउँमा निर्देशनात्मक आदेशसमेत जारी हुने।

इजलास अधिकृत : माधव भण्डारी, शोभा पाठक
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत्२०७६ साल मङ्सिर १० गते रोज ३ शुभम्।

इजलास नं. १५

१

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री सुष्मालता माथेमा, ०७१-CR-०६३४, खुन डाका, *मोहमद मकबुल वि. नेपाल सरकार*

प्रतिवादी संजय चौधरीले डाँका वारदातमा निज मोहमद मकबुलको संलग्नता जनाउँदै घरभित्र आफू, समीर र बोधे प्रवेश गर्ने, इन्द्रे, श्याम, बले तथा अन्य एकजना बम हान्ने कार्यविभाजनअनुसार घरभित्र प्रवेश गरेकामध्ये आफूले आत्माराम अग्रवालले डाँका डाँका भनी हल्ला गर्दा तर्साउन १ राउन्ड हवाई फायर गरी चुप लगाउने कोसिस गर्दा हो हल्ला गर्न थालेकाले आफूले पेटमा ताकी गोली हानी मारेको हो भनी प्रतिवादी मोहमद मकबुलको घटनास्थलमा प्रहरी, अन्य सर्वसाधारण आउन नदिन हेर्ने तर्साउने भूमिका रहेको बेहोरा उल्लेख गरी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ भने अर्का प्रतिवादी इन्द्रे भन्ने अंकित उरावले वारदात मिति २०६५।३।१८ गते राति आत्माराम अग्रवालको घरमा डाँका गर्ने हामी सबैको सल्लाह भई लगभग राति ११ बजे तिर निस्कँदा २ दिन अगाडि बनाएर राखिएको मध्ये एउटा भऱ्याङ बोकेको कामको बाँडफाँड भई घरभित्र संजय, समीर र बोधे प्रवेश गरेका आफू श्याम, बले तथा इन्डियातिरको १ जना छतमा बसी बम हान्ने, मकबुलसमेतका अन्य व्यक्तिहरू घर घेरा हाली बस्ने गाउँका मानिस तथा प्रहरी आएमा रोक्ने तर्साउने र हेर्ने भनेबमोजिमको भूमिका निर्वाह गरेको आत्मारामलाई संजयले गोली हानी मारेको हो भनी वारदातमा आफ्नो संलग्नतासमेत देखाई बम प्रहारबाट मानिस घाइते भएको भन्नेसमेत बेहोराको अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेबाट उक्त वारदातमा यी प्रतिवादी मोहमद मकबुलको पूर्ण संलग्न रही वारदात स्थलमा रहेको र वारदात गर्नका लागि मत सल्लाहमा परी निजको समेत संलग्नता तथा संयोगबाट वारदात भएको प्रस्ट देखिन आउने।

मौकामा पक्राउ परी अदालतसमक्ष बयान गर्ने उपर्युक्त प्रतिवादीहरूले अदालतसमक्ष आ-आफ्नो संलग्नता नरहेको भनी कसूरमा इन्कार रहे तापनि प्रहरीबाट पक्राउ भई अदालतसमक्ष उपस्थित गराइएका बोधे भन्ने बरम चौधरीले अग्रवालको घरमा डाँका गर्ने योजना बनाई समीरले ल्याएको ५ थान पेस्तोल, ४० वटा आलु बम, घर चड्न सिँढी, ह्याक्सो ब्लेडसमेतका हतियार लिई बम झोलामा लिँदै बाहिर बसे, गाँठे, संजय, नवि ३ जना कम्पाउन्ड वालमा सिँढी राखी घरभित्र पसे, अरू १ जना समीरसमेत छिरेका थिए भित्र छिर्नेले घरका मानिसलाई उठाई डाङडुङ गर्न थाली फाइरिङ भयो । म बाहिरै थिएँ, आत्मारामलाई कसले गोली चलायो थाहा भएन । घरभित्र पसी गाँठे, संजय, नवि र समीरले पेस्तोल बोकेका थिए । के कति डाँका गरी लगे थाहा भएन । वारदातमा त्यसैदिन चिनेका मोहमद मकबुलसमेत संलग्न थिए । इन्द्रे भन्ने अंकित उराव, धर्मे भन्ने मैफुज आलम घरको छतमा बसे, घरभित्रकाले गोली चलाएको भनी गरेको बयानबाट समेत प्रतिवादी मोहमद मकबुलको उक्त वारदातमा संलग्नता रहेको अन्यथा हो भनी प्रमाणित हुन सक्ने नदेखिने ।

प्रतिवादी बोधे भन्ने बरम चौधरी, समीर अली, श्याम चौधरीसमेतको अदालतसमक्ष भएको बयान, जाहेरवाली आशादेवी अग्रवाल, बुझिएका ज्योति अग्रवाल, वस्तुस्थिति मुचुल्काका अरूणकुमार साबु, कन्हैयालाल महेश्वरी, राजु वंशलसमेतको अदालतसमक्ष गरेको बकपत्रबाट २०६५।३।१८ मा मेची नगर नगरपालिका-१ धुलाबारी बजारमा रातको समयमा जाहेरवाली आशा देवीको घरमा डाँका गर्ने उद्देश्यबाट करिब १३ जना व्यक्तिको समूह प्रवेश गरेका र केही व्यक्ति घरको छतमा बम पड्काउने कार्यमा संलग्न रहेका र केही व्यक्ति कोठाभित्र प्रवेश गरी आत्माराम अग्रवाललाई गोली हानी हत्या गरेका र सोही घटनामा जाहेरवालीसमेत घाइते भएको भन्ने देखिने ।

संजयसमेतका अन्य उपस्थित प्रतिवादीहरूले अदालतसमक्ष आफ्नो कसूरमा संलग्नतासम्म नदेखाई बयान गरे तापनि घटना घटेको र सो घटनामा आत्माराम अग्रवालको गोली लागि ज्यान गएको भन्ने तथ्यलाई अन्यथा भनेको पाइँदैन । जाहेरवालाको घर कोठामा रहेको दुई थान अटैची फोरिएको खोलिएको, दराजमा ११ वटा प्वाल भई कुचिएको, ट्वाइलेट बाथरूम अगाडि रगतका टाटाहरू रहेको, सोही ठाउँमा थ्रिनट थ्री राइफलमा प्रयोग गरिने ४ बटा गोलीको खोकाहरू पाइएको, बाहिर जाने उद्देश्यले बाँसको १५ फिट लामो अस्थाई सिँढीसमेत राखेको अवस्था, पूर्वपट्टिको घरको छतमा जान बाँसको १५ फिट लामो सिँढीबाट हरिप्रसादको घरको छतमा गई हेर्दा नपड्केको सुतली बम थान १, पड्केको सुतली बमको डब्बा-१ समेत चप्पल, कालो रंगको व्याग (झोला) फेला परेको घरको माथिल्लो पट्टिको तलामा बाहिर पट्टी सुतली बम पड्काएको अवस्थामा एक थान डब्बा फेला परेको भन्नेसमेत घटनास्थल मुचुल्काबाट समेत मिति २०६५।३।१८ मा जाहेरवालाको घरमा डाँका वारदात भई घटनामा डाँका समूहको गोली प्रहारबाट आत्माराम अग्रवालको मृत्यु भएको भन्ने तथ्यसमेत पुष्टि भएको देखिने ।

प्रतिवादी मौकामा फरार रहेको तथा डाँका वारदात गर्न जाने क्रममा मतसल्लाहमा परी घटनास्थलसम्म पुगेको भनी अदालतसमक्ष साबित रहेका प्रतिवादी बोधे भन्ने बरम चौधरीको बयानमा समेत यी प्रतिवादीको उपस्थिति देखाइएको छ । प्रतिवादी धर्मे भन्ने मैफुज आलमले यी प्रतिवादीसमेतका व्यक्तिहरू घर पछाडिका मानिसहरू प्रहरीसमेत आउँछन भनी हेर्ने, रोक्ने र तर्साउने गरी घर वरिपरि घर घेराहाली बस्ने सल्लाहबमोजिम आआफ्नो स्थानमा बसेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान अन्यथा देखिँदैन । जाहेरवालाको घर कोठाभित्र प्रवेश गर्ने अन्य ३/४ व्यक्ति र घरको छतमा बमसहित उपस्थिति जनाई पड्काउने कार्य गर्नेमा पनि यिनको प्रत्यक्ष संलग्नता रहेको भन्नेसम्म कहीँबाट खुल्न आएको नदेखिए तापनि वारदात गर्ने मतसल्लाहमा पसी वारदात

स्थलमा मौजुद रही घेरा दिने बाटो गौडा छेक्ने वा पीडितले भाग्न उम्कन नपाउने गरी गैह्र काम गरी खुन डाँकाको वारदात गर्ने सयोग पार्नेसम्मको काम गरेको देखिन्छ । यी प्रतिवादीले ज्यान मार्ने भनी हतियार छाडेको वा मार्ने कार्यमा सरिक भई मार्ने मानिसलाई पकडी हातहतियार लिई बसेको वा ज्यान मार्नेलाई भनी हतियार विष मागेकोमा विपक्ष हतियार गोली बारूद विष दिएको अवस्था नदेखिएको र डाँका भएको धनमालसमेत लिएको नदेखिए तापनि घर घेरा दिने बाटो गौंडा छेक्ने वा भाग्न उम्कन नपाउने गरी केही गैह्र काम गरी मार्न सयोग पारेको तथा मार्नअनुकूल मौका पारी दिनेसम्मको काम गरेको देखिन्छ । निजले गरेको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) अनुसारको मतियारको कसूरसम्म गरेको देखिन आउँछ । मिसिल संलग्न सहअभियुक्तहरूको बयान तथ्य प्रमाणहरूसमेतबाट आत्माराम अग्रवाललाई गोली हान्दा यी प्रतिवादीको भूमिका घरबाहिर बसी रेकी गर्ने घर घेर्ने, बाटो गौंडा छेक्नेसम्म रहेको देखिने ।

प्रतिवादी मोहमद मकबुललाई मुलुकी ऐन, चोरीको महलको १, ६ नं. को कसूरमा ऐ. महलको १४(४) नं. ले ६ वर्ष कैद र ज्यानसम्बन्धी महलको १७(२) नं. को कसूर कायम गरी ५ वर्ष कैद सजाय गर्ने ठहऱ्याएको सुरू झापा जिल्ला अदालतको मिति २०७०।३।१९ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी मोहमद मकबुलले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १, १३(४) बमोजिम तथा मुलुकी ऐन, चोरीको महलको १७ नं. बमोजिम डाँका उद्योगसमेतको कसूर गरेको देखिएकोले प्रतिवादी मोहमद मकबुललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत इलामको मिति २०७१।२।१३ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. को कसूरसम्म गरेको देखिँदा निज प्रतिवादी मोहमद मकबुललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. अनुसार ५(पाँच) वर्ष कैद हुने र यी प्रतिवादीले अभियोग दाबीअनुसार डाँकाको वारदात गरी धनमालसमेत लिएको नदेखिँदा डाँकाको उद्योगसम्म गरेको देखिएबाट मुलुकी ऐन, चोरीको १७ नं. अनुसारको कसूरसम्म गरेको देखिएकोले सोही ऐनको १७ नं. अनुसार डाँकाको उद्योगमा सोही १७ नं. अनुसार ३ (तीन) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत : नारायण सापकोटा

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल भाद्र ९ गते रोज २ शुभम् ।

२

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री सुष्मालता माथेमा, ०७२-CR-०८७१, चोरी, *नेपाल सरकार वि. दिपेन श्रेष्ठ*

मिति २०७०।८।१८ गते बिहान अं.६ बजेको समयमा जाहेरवालाले चलाउँदै गरेको को.१६ प ८९७४ नं. को मोटरसाइकल हराएको भनी हुलिया दिई खोजतलास गर्ने क्रममा प्रतिवादी दिपेन श्रेष्ठको साथबाट प्रहरीले बरामद गरेको भन्ने बरामदी मुचुल्का मिसिल सामेल रहेको पाइन्छ । उक्त मोटरसाइकल प्रतिवादी दिपेन श्रेष्ठले चोरी गरी नम्बर प्लेट परिवर्तन गरी चलाई रहेको पुष्टि भएकोमा निजलाई सजाय गर्नु पर्नेमा सफाइ दिने ठहर गरी सुरू तथा पुनरावेदन अदालतबाट भएको फैसला मिलेको छैन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको पाइन्छ । सो सम्बन्धमा विचार गर्दा, प्रतिवादी दिपेन श्रेष्ठले मौकामा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा जाहेरवालाको को.१६ प ८९७४ को सुजुकी मोटरसाइकल आफूले तार जोडी डाइरेक्ट स्टार्ट गरी लैजाँदै गर्दा विराटनगर बरगाँछी डेरा गरी बस्ने राजन श्रेष्ठसँग भेट भएको र निजको सल्लाहअनुसार नम्बर प्लेट परिवर्तन गरी को.१२ प ४४८९ बनाई झिलझिले पुगी फर्की आउँदा पक्राउ परेको भनी चोरी गरेकोमा साबिती रही बयान गरेको पाइन्छ । निजको मौकाको बयानलाई मिसिल संलग्न बरामदी मुचुल्का, वस्तुस्थिति मुचुल्कालगायतका कागजातबाट पुष्टि

भएको पाइन्छ।

यस अदालतबाट निस्सा प्रदान गर्दा प्रमाण ऐन, २०३१ को दफा ३, ४५ समेतको गम्भीर कानूनी त्रुटि भएको भन्ने आधार लिएको देखिन्छ। सो सम्बन्धमा रहेको कानूनी व्यवस्थालाई हेर्दा, दफा ३ मा अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्न हुन्छ भन्ने र दफा ५४ मा ...बुझ्नु पर्ने प्रमाण नबुझिएको वा बुझ्न नहुने प्रमाण बुझिएको कारणले निर्णयमा असर पर्न गएको रहेछ भने त्यस्तो फैसला वा आदेश बदर हुनेछ भन्ने व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा, प्रतिवादी दिपेन श्रेष्ठले अदालतसमक्षको बयानमा उक्त मोटरसाइकल आफूले चोरी गरेको नभई दाइ नाता पर्ने राजन श्रेष्ठसँग बिरामी सासूलाई हेर्न झापा जाँदा मागी लगेको र मिति २०७०।८।२५ मा फर्की आउने क्रममा धरान ८ स्थित तिनकुनेमा चेकिङको क्रममा पक्राउ परेको हुँ। चोरीको मोटरसाइकल भन्ने थाहा थिएन। मैले चोरी गरेको होइन भनी आफूले कसूर गरेउपर इन्कार रही बयान गरेको पाइन्छ। निजले आफ्नो इन्कारी बयानलाई पुष्टि गराउन अन्य स्वतन्त्र प्रमाण पेस गर्न सकेको पाइँदैन। त्यस्तै प्रतिवादीले पोल गरिएका दाई नाताका भनिएका राजन श्रेष्ठलाई बुझिएको तथा घटनासँग सम्बन्धित साक्षीहरू जाहेरवाला, घटनास्थल तथा बरामदी मुचुल्काका मानिसहरूको बकपत्रसमेत गराएको नदेखिने।

प्रस्तुत मुद्दामा जाहेरवालाको मोटरसाइकल चोरी भएको कुरामा कुनै विवाद रहेको देखिँदैन। बरामद भई आएको मोटरसाइकल जाहेरवालाको रहे भएको कुरामा समेत कुनै विवाद रहेको पाइँदैन। मौकामा बयान गर्दा प्रतिवादीले आफूबाट मोटरसाइकल बरामद भएको हो, बरामद भई आएको मोटरसाइकल आफ्नो स्वामित्वको हो भनी भन्न सकेको अवस्थासमेत देखिँदैन भने आफ्नो सँगसाथ लिई आफूले चलाउने गरी कोही कसैबाट अख्तियारी लिई गएको भन्नेसमेत कहीँकतैबाट पुष्टि भएको देखिँदैन। चोरीको माल वस्तु प्रतिवादी चढीरहेको अवस्थामा बरामद हुनु उक्त मोटरसाइकल यो यस व्यक्तिको स्वामित्वको मोटरसाइकल भएको र निजबाट आफूले केही समय चढ्ने चलाउन पाउने गरी लिएको भन्नेसमेतको जिकिर प्रतिवादीले लिई प्रमाण ऐन, २०३१ को दफा २७ तथा २८ अनुसार प्रमाण पेस गरी पुष्टि प्रमाणित गराउन सकेको पाइँदैन। यी प्रतिवादीबाट नै चोरीको वस्तु फेला परेको देखिँदा अन्यथा प्रमाणित गराउन नसकेबाट प्रतिवादीले चोरी गरेको कुरा समर्थित हुन आयो।

अत: सुरू सुनसरी जिल्ला अदालतले अभियोग दाबीबाट सफाइ दिने ठहर गरी मिति २०७१।३।९ मा गरेको फैसलालाई सदर गरी पुनरावेदन अदालत विराटनगरले मिति २०७१।१०।२ मा गरेको फैसला उल्टी भई प्रतिवादी दिपेन श्रेष्ठलाई मुलुकी ऐन, चोरीको १ नं. विपरीतको कसूरमा ऐ.१२ नं. अनुसार चोरी भएको मोटरसाइकलको जम्मा बिगोबमोजिम रू.१,५८,९००।- जरिवाना र पहिला पटक चोरी गरेको देखिँदा १ महिना कैद हुने।

इजलास अधिकृत: उषा श्रेष्ठ

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७६ साल साउन २४ गते रोज ६ शुभम्।

एकल इजलास

१

मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७६-WO-०६४१, उत्प्रेषण / परमादेश, *उपन्यायाधिवक्ता हरि शंकर ज्ञवाली वि. न्याय परिषद्, सिंहदरबार, काठमाडौंसमेत*

न्याय सेवाको कर्मचारीबाट संविधानबमोजिम नियुक्त हुने जिल्ला न्यायाधीशको रिक्त पदमा नियुक्तिका लागि सिफारिस गर्दा न्याय परिषद्ले न्याय सेवाभित्रका न्याय, सरकारी वकिल र कानून समूहको एकीकृत जेष्ठतालाई मुख्य आधार नबनाई न्याय समूहमा कार्यरत कर्मचारीलाई मात्र सिफारिस गरेकोले आफूसमेतलाई अन्याय पर्न गएको भन्ने मुख्य निवेदन जिकिर रहेको पाइन्छ। न्याय परिषद्

ऐन, २०७३ को दफा ८ को उपदफा (१) मा "न्याय परिषद्ले जिल्ला अदालतमा रिक्त न्यायाधीशको पद संविधानको धारा १४९ को उपधारा (२) बमोजिम पूर्ति गर्ने", ऐ. को उपदफा (२) मा "उपदफा (१) बमोजिम पदपूर्तिको लागि न्याय परिषद्ले जिल्ला न्यायाधीशको तत्काल रिक्त पद र प्रत्येक वर्षको चैत्र मसान्तभित्र रिक्त हुन आउने पदसमेत यकिन गरी संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (क), (ख) र (ग) बमोजिमको पदपूर्तिको प्रतिशत निर्धारण गर्ने" भन्ने व्यवस्था भएको पाइन्छ। साथै, नेपालको सविधानको धारा १४९ को उपधारा (१) मा जिल्ला अदालतका न्यायाधीशको नियुक्ति न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशबाट हुने, सोही धाराको उपधारा (२) को खण्ड (क) मा रिक्त पदमध्ये बीस प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका अधिकृतहरूमध्येबाट ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने भन्ने व्यवस्था भएको पाइने।

न्याय परिषद्को मिति २०७६।०८।१७ मा बसेको दुई सय अठ्तिसौं बैठकबाट जिल्ला न्यायाधीशको पूर्ति गर्नुपर्ने पदको प्रतिशत निर्धारण गर्दै योग्य देखिएका नेपाल न्याय सेवाका उपसचिव वा सो सरहका राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कार्यरत अधिकृतहरूलाई नियुक्त गरी पदस्थापना गर्न नेपालको संविधानको धारा १४९ को उपधारा (१) बमोजिम सिफारिस गर्ने निर्णय गरेको भन्ने निवेदकले निवेदनसाथ पेस गरेको छायाँप्रतिबाट देखिएको छ। सोबमोजिम सिफारिस भई नियुक्त हुने व्यक्तिहरूको विभिन्न जिल्ला अदालतहरूमा मिति २०७६।०८।१७ देखि नै जिल्ला न्यायाधीशको पदमा पदस्थापना भई कामकाज गरिरहेको अवस्थासमेत विद्यमान रहेको पाइन्छ। निवेदक स्वयम्ले निवेदनसाथ पेस गरेको न्याय परिषद्को नियुक्तिसम्बन्धी निर्णयको छायाँप्रतिबाट जिल्ला न्यायाधीश पदको नियुक्तिको लागि जेष्ठतालगायत कार्यसम्पादन, योग्यता, कार्यक्षमताको मूल्याङ्कनसमेतका कुरालाई आधार बनाइएको भन्नेसमेत देखिएकोले विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनुपर्ने आवश्यकता देखिएन। तसर्थ, निवेदकको रिट निवेदन माथि उल्लेख भई विवेचना गरिएका संवैधानिक र कानूनी व्यवस्था एवम् आधार कारणसमेतबाट खारेज हुने।

इजलास अधिकृतः ताराप्रसाद डाँगी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत्२०७६ साल पुस २८ गते रोज २ शुभम्।

२

मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७६-WO-०२६९, उत्प्रेषण, कल्पना गाहा वि. उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत*

प्रस्तुत रिट निवेदनको विषयबाट निवेदिकाले नेपालको संविधानले प्रदत्त गरेका धारा २५ अन्तर्गत कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने, अन्य कारोबार गर्ने, त्यस्तै धारा ३७ अन्तर्गत आवासको हक, धारा ३८(६) महिलाको हकअन्तर्गत सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुनेछ भन्ने व्यवस्था भएकोमा उक्त मौलिक हक कुण्ठित भएको भन्नेसमेत जिकिर लिएको भए तापनि उक्त मौलिक हक के कति कारणले कसरी हनन् भएका हुन् ? दाबीमा स्पष्ट छैन। उक्त मौलिक हक विपक्षीको कामकारबाहीबाट हनन् भएको भनी कानूनसम्मत भन्न सकिने अवस्था नदेखिने।

निवेदिकाले लेनदेन गर्दा कानूनबमोजिम तमसुक गरी ऋण लिएको र एकाघर सगोलमा रहेका पतिका नाममा दर्ता कायम रहेको जग्गामा घर निर्माण गरेको भनी निवेदनमा उल्लेख गरेको देखिन्छ। उक्त कार्य गर्न निवेदिकालाई विपक्षीबाट कुनै अवरोध भए गरेको अवस्था छैन। जहाँसम्म सगोलमा लिएको ऋण सबै अंशियारलाई भाग लाग्नु पर्छ भन्ने निवेदिकाको निवेदन मागदाबी छ, सो लेनदेनको विषय नितान्त पारिवारिक विवाद रहेको र उक्त विवाद निराकरणको लागि प्रचलित कानूनको दायराभित्र रही वैकल्पिक

उपचारको बाटो सुरक्षित नै रहेको देखिने ।

यिनै निवेदिका वादी र विपक्षीमध्येका जीतबहादुर गाहा प्रतिवादी भएको मानाचामल, निजै निवेदिका वादी र जीतबहादुर गाहासमेत प्रतिवादी भएको अंश, सम्बन्ध विच्छेद मुद्दा तथा धनीमाया थापा वादी र निवेदिका प्रतिवादी भएको लेनदेन मुद्दासमेत रूपन्देही जिल्ला अदालतबाट वादी दाबी ठहरी फैसला भएको मिसिल संलग्न फैसलाका फोटोकपीबाट देखिन्छ । उक्त फैसलाउपर वादीले दाबीबमोजिम अंश पाउने र ऋणको हकमा सबै ऋण निजले नै तिर्नु पर्ने ठहऱ्याई भएको पैसलाउपर चित्त नबुझी पुनरावेदन अदालत तुलसीपुर, बुटवल इजलाससमक्ष निज निवेदिका कल्पना गाहा पुनरावेदन दायर गरेकोमा सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई फैसला भएको देखिन्छ । उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको उक्त फैसलाउपर यी निवेदकले न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम यस अदालतमा मुद्दा दोहोऱ्याई पाऊँ भन्ने निवेदन गरे नगरेतर्फ रिट निवेदनमा कुनै कुरा उल्लेख नगरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासको उक्त फैसला बदर माग गरी प्रस्तुत निवेदन पर्न आएको देखियो । निवेदकले प्रस्तुत रिट निवेदनमा उठाएको विषय यिनै निवेदिका वादी र विपक्षी जितबहादुर भएको अंश, सम्बन्ध विच्छेद मुद्दामा उठान भई जिल्ला अदालत र उच्च अदालत तुलसीपर, बुटवल इजलासबाट फैसला भएको देखिन्छ । अदालत तथा न्यायिक निकायमध्येबाट भएको फैसला / आदेश मिले नमिलेको परीक्षण गर्नका लागि कानूनमा उपचारको व्यवस्था गरिएको हुन्छ । फैसला / आदेशमा चित्त नबुझे त्यसउपर सम्बन्धित पक्षले कानूनले तोकेको अवधिभित्र कानूनबमोजिम कार्यविधि अवलम्बन गरी उपचारको लागि माथिल्लो निकायमा जानुपर्ने हुन्छ । अन्यथा त्यस्तो फैसला / आदेश अन्तिम हुन पुग्दछ । एउटै विषयलाई कानूनबमोजिम प्राप्त साधारण उपचारको बाटो अवलम्बन नगरी नयाँनयाँ रूप र आवरण दिई असाधारण अधिकारक्षेत्रमा प्रवेश गर्नुलाई निर्णय अन्तिमताको सिद्धान्त (Finally of Judgement) ले समेत स्वीकार गर्न सक्दैन । तहगत फैसला भइसकेको विषयमा नयाँ रूप र आवरण दिई अदालतमा पुनः प्रवेश गर्न दिँदा न्यायिक प्रक्रियाको दुरूपयोगको खतरा हुन जाने हुँदा यस्तो कुरो कानूनको शासन (Rule of Law) को दृष्टिले पनि उचित मान्न नसकिने ।

रूपन्देही जिल्ला अदालतबाट भएको फैसलाउपर पुनरावेदन परी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट फैसला भइसकेको विषयमा कानूनबमोजिम प्राप्त उपचारको बाटो अवलम्बन गर्नुपर्नेमा सो बारेमा कुनै कुरा उल्लेख नगरी पर्न आएको प्रस्तुत रिट निवेदन वैकल्पिक उपचारको बाटोको विद्यमानता र निर्णयको अन्तिमताको सिद्धान्तसमेतको आधारमा उक्त फैसला उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी रिट क्षेत्र ग्रहण गर्न कानूनसम्मत मिल्ने नदेखिँदा यसमा विपक्षीहरूबाट लिखित जवाफ मागी रहन परेन, रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः धनसिंह गिरी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल असोज ६ गते रोज २ शुभम् ।